# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ७, अङ्क १७, पूर्णाङ्क २८७ | २०७८ मङ्सिर १ गते बुधबार | Wednesday, 17 Nov 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## जनयुद्धकी प्रथम घाइते मनखनाको श्रद्धाञ्जलीसभा सम्पन्न

### क्रान्तिकारी छोराहरूले आमाहरूको सपना पूरा गर्नुपर्छ : विषम

**रोल्पा ।** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् रोल्पा जिल्ला इन्चार्ज केशबहादुर बाँठामगर 'सुवास' की ममतामयी आमा एवम् महान् जनयुद्धकी पहिली घाइते मनखना बाँठामगरको श्रद्धाञ्जली सभा माडी ५ भाबाङमा सम्पन्न भएको छ।

श्रद्धाञ्जलीसभामा सम्बोधन गर्दै नेकपाका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले मनखना बाँठामगरको प्रेरणाबाट क. सुवासलगायत थुप्रै क्रान्तिकारी छोराहरू जन्मिएकाले अब आमाको प्रेरणाबाट जन्मिएका क्रान्तिकारी छोराहरू आमाको सपना पूरा गर्न कटिबद्ध भएर लाग्नुपर्ने बताए।

... बाँकी पृष्ठ ७ मा

# मूल्यवृद्धिविरुद्ध नेपाल बन्द अभूतपूर्व रूपमा सफल : विप्लव

### देशभरबाट पैदलयात्रुसहित नेकपाका तीन सयभन्दा बढी नेता-कार्यकर्ता गिरफ्तार, सङ्घर्ष जारी छ : नेकपा

■ रातोखबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पेट्रोलियम, खाद्य पदार्थलगायत अत्यावश्यक उपभोग्य सामग्रीमा सरकारले अत्यधिक मूल्यवृद्धि गरेको विरोधमा नेकपाले आज मङ्गलबारका लागि आह्वान गरेको नेपाल बन्द ऐतिहासिक रूपले सफल भएको बताएका छन् । उनले मूल्यवृद्धि फिर्ता नभएसम्म सङ्घर्ष जारी रहने भएकाले साथ दिइरहन जनसमुदायलाई आह्वान पनि गरेका छन् । बन्द सफल भएपछि धन्यवाद वक्तव्य जारी गर्दै महासचिव विप्लवले भनेका छन्, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीद्वारा आयोजित महँगी र मूल्यवृद्धिविरुद्ध आजको नेपाल बन्द आमजनताको सहयोग, समर्थन र सहभागितामा अभूतपूर्व रूपले सफल भएको छ । उक्त बन्द सफल बनाउन सहयोग गर्ने सबै जनसमुदायलाई पार्टी धन्यवाद ज्ञापन गर्दछ ।'

महासचिव विप्लवले अगाडि भनेका छन्, 'बन्दका क्रममा राज्यले पार्टी केन्द्रीय सदस्य कमरेड क. सन्देश, क. आधारलगायत तीन सयभन्दा बढी नेता-कार्यकर्ता गिरफ्तार गरेको छ । हाम्रो पार्टी उक्त दमनको घोर



भर्त्सना गर्दछ । साथै गिरफ्तार नेता-कार्यकर्ताहरूलाइ बिनासर्त रिहा गर्न माग गर्दछ ।'

महासचिवको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'मूल्यवृद्धि र महँगी जनताको हितविपरीत भएका कारण मूल्यवृद्धि खारेज नभएसम्म यो सङ्घर्ष निरन्तर अगाडि बढ्ने जानकारी गराउँछौँ । सङ्घर्षमा आमजनतालाई निरन्तर सहभागी बन्न पनि अनुरोध गर्दछौँ ।'

बन्द सफल पार्न साथ, सहयोग र समर्थन गरेर जनसमुदायले सरकारलाई वृद्धि गरिएको मूल्य तत्काल फिर्ता लिन र जनताप्रति इमानदार बन्न सजग गराएका छन् । बन्दको पूर्वसन्ध्या र बन्दका क्रममा सरकारले देशव्यापी रूपमा पैदल यात्रुदेखि नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गरेर हिरासतमा राखेको छ। यो सरकारको निन्दनीय कदम हो ।

बन्दका क्रममा देशका अधिकांश स्थानमा यातायातका साधन ठप्प बने । त्यसैगरी शैक्षिक संस्था, कलकारखाना र कार्यालयहरू पनि बन्द रहे । सबैतिर बन्दको सकारात्मक प्रभाव परेको छ। देशका विभिन्न जिल्लाबाट प्राप्त समाचारअनुसार मेचीदेखि महाकालीसम्म नै बन्दको पूर्ण प्रभाव परेको छ। एम्बुलेन्स, पानी, दूध र फोहोर बोक्ने गाडीबाहेक यातायातका अन्य साधन सञ्चालनमा आएनन् । शैक्षिक संस्थाहरू ठप्प भए । सरकारले एकतर्फी दमन गरे पनि आन्दोलनकारीका तर्फबाट अप्रिय घटना भएनन् ।

बन्द सफल बनाउनका लागि बिहानैदेखि नेकपाका कार्यकर्ताहरूले राजमार्गका मुख्य-मुख्य भागदेखि सहरका चोकचोकमा टायर

... बाँकी पृष्ठ ७ मा

## नेपाल बन्दको पूर्वसन्ध्यामा देशभर मसाल जुलुस

**काठमाडौँ :** नेकपाले नेपाल बन्दको पूर्वसन्ध्यामा सोमबार साँझ देशभर मसाल जुलुसलगायत आन्दोलनका कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । देशका सम्पूर्ण जिल्लामा नेकपाले सिटी जुलुस, मसाल जुलुस, कोणसभा, ऱ्यालीलगायत कार्यक्रम गरी सरकारले बढाएको मूल्य

... बाँकी पृष्ठ ४ मा

## मङ्सिर ८ गते आठौँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाउँदै नेकपा

नेकपाले यही मङ्सिर ८ गते आठौँ पार्टी पुनर्गठन दिवस भव्यतापूर्वक मनाउने भएको छ। पार्टी केन्द्रीय स्रोतका अनुसार उक्त दिन देशव्यापी जनपरिचालन गर्ने कार्यक्रम रहेको छ।

समाचारअनुसार नेकपाले पार्टी पुनर्गठन दिवसको अवसर पारेर सरकारसँग भएको तीनबुँदे सहमति पूर्ण रूपमा कार्यान्वयन गर्न सरकारलाई दबाब पनि दिने भएको छ। नेकपाले उक्त दिन पार्टीको एकीकृत जनक्रान्तिको कार्यदिशाअनुरूप तय भएको कार्यनीति 'प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवाद' का विषयमा पनि जनतालाई थप प्रस्ट पार्ने भएको छ।

... बाँकी पृष्ठ ६ मा

## बन्दको प्रभाव पूर्वदेखि पश्चिमसम्म

### इलाम सेक्रेटरी सशस्त्र प्रहरीको घेरामा, झापा ठप्प, अछाममा नागरिकको पूर्ण समर्थन

**काठमाडौँ ।** नेकपाले मङ्गलबार आह्वान गरेको नेपाल बन्दको प्रभाव पूर्वदेखि पश्चिमसम्म एकनासले परेको छ । आमनागरिकको जनजीवनसँग गाँसिएको विषयमा घोषित आन्दोलन भएकाले देशव्यापी रूपमा एकैनासले बन्द प्रभावकारी बनेको र नेकपाको मूल्यफिर्तीको माग जनअनुमोदित भएको विश्लेषण गरिएको छ।

यसैबीच नेपाल बन्द सफल पार्न सडकमा निस्किएका इलामका दुई विद्यार्थी नेतालाई प्रहरीले बिहानै गिरफ्तार गरेको छ। अखिल क्रान्तिकारिका केन्द्रीय सदस्य विनोद मगर र विद्यार्थीका इलाम उपाध्यक्ष मगेश रानालाई प्रहरीले गिरफ्तार गरेको हो।

बन्द गराउन सडकमा निस्किएका नेकपा इलामका सेक्रेटरी मौसमलाई सशस्त्र प्रहरीले कब्जामा लिएको छ। उनलाई कब्जमा लिएर सडकमै राखेको बताइएको छ। प्रहरीले विद्यार्थीलाई लखेट्दा एकजाना विद्यार्थी र सशस्त्र प्रहरीका इन्स्पेक्टर सामन्य घाइतेसमेत भएका छन् ।

इलाम सदरमुकामको मुख्य बजार ठप्प रह्यो भने मेची राजमार्गअन्तर्गत इलाम खण्डमा कुनै पनि सवारीसाधन चलेनन् । प्रहरीले स्कर्टिङ गरेर गन्तव्यमा पुऱ्याइदिन्छौँ भनेर आश्वासन दिँदासमेत सवारीसाधन प्रयोगकर्ताले चलाउन मानेनन् । शान्तिपूर्ण नै रहेको बन्दलाई अवज्ञा गरिए सशक्त प्रतिरोध गरिने युवा नेता विद्रोहीले बताएका थिए।

यसैगरी पूर्वको झापामा बन्दको पूर्ण प्रभाव परेको छ । नेपाल बन्दका कारण झापामा सवारीसाधनहरू चलेनन् भने विद्यालयहरू पनि बन्द रहे । नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरू बिहानैदेखि सडकमा बसेर बन्द कार्यान्वयन गर्न लागिपरेका थिए।

राजमार्ग दिनभर सुनसान भयो। शान्तिपूर्ण रूपमा नै बन्द कार्यान्वयन भएको

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लवद्वारा कैलाली कारागारका कैदीबन्दीसँग भेटघाट

**धनगढी ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले कैलाली कारागारका आस्थाका बन्दीहरूसँग भेटघाट गरेका छन् । दलित मुक्ति मोर्चा नेपालको पाँचौँ राष्ट्रिय सम्मेलन उद्घाटन गर्न धनगढी आइपुगेका महासचिव विप्लवले धनगढी कारागार पुगेर आस्थाका बन्दीसँग भेटघाट गरेका हुन् ।

महासचिवले कैलाली कारागारमा पुर्पक्षका लागि थुनामा रहेका लक्ष्मण सेराला 'रोहित', राजेश थापालगायत कैदीबन्दीसँग भेटघाट गरेका हुन् । पार्टीमाथि प्रतिबन्धकै क्रममा राजद्रोह, सङ्गठित अपराधसमेतका मुद्दामा थुनामा रहेका रोहितलगायत कार्यकर्तालाई भेटेर महासचिव विप्लवले जेलमोर्चा पनि क्रान्तिकै एक महत्वपूर्ण मोर्चा भएको बताउँदै

... बाँकी पृष्ठ ७ मा

## मूल्यवृद्धिविरुद्ध आन्दोलनमा होमिन र मूल्यवृद्धि फिर्ता नभएसम्म सङ्घर्ष जारी राख्न नेकपाको आह्वान

■ रातोखबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले सरकारले पेट्रोलियमलगायत सम्पूर्ण क्षेत्रमा गरेको मूल्यवृद्धिको प्रतिवाद गर्न र यही कात्तिक ३० गते आह्वान गरिएको नेपाल बन्द भव्य रूपले सफल पार्न आमजनसमुदायलाई अपिल गरेको छ। 'पेट्रोलियम र सम्पूर्ण क्षेत्रमा भएको मूल्यवृद्धिको प्रतिवाद गरौँ ! यही कात्तिक ३० गतेको नेपाल बन्द भव्य रूपले सफल पारौँ !!' शीर्षकमा पर्चा जारी गर्दै नेकपा केन्द्रीय समितिले सरकारले एक महिनाभित्रै पेट्रोलियम पदार्थमा ९ पटक र एलपी ग्याँसमा ४ पटकसम्म मूल्यवृद्धि गरेको, पछिल्लोपटक पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रुपैयाँ (हवाई इन्धनमा ५ रुपैयाँ) र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको र यसले सम्पूर्ण क्षेत्रमा मूल्यवृद्धि हुने तथा जनताको क्रयशक्ति घट्ने र मुद्रास्फीति झनै बढ्ने भएकाले मूल्यवृद्धिविरुद्ध आह्वान गरिएको नेपाल बन्दलगायत आन्दोलनका कार्यक्रम सफल बनाउन जनसमुदायलाई आह्वान गरेको हो । सरकारले बढाएको मूल्य फिर्ता नलिएसम्म सङ्घर्ष जारी राख्न पनि नेकपाले आह्वान गरेको छ।

नेकपा केन्द्रीय समितिले जारी गरेको प्रचार सामग्रीमा भनिएको छ, 'न्यायप्रेमी जनसमुदाय, जनताको दैनिक जीवन निर्वाहसँग जोडिएको आर्थिक मामिलाको मानक मानिने पेट्रोलियम पदार्थ, खाद्य पदार्थलगायत आधारभूत आवश्यकताका वस्तुमा सरकारले निरन्तर मूल्यवृद्धि गर्दै आएको छ र देश महँगीको आतङ्कले त्राहीमाम छ । एक महिनाभित्रै पेट्रोलियम पदार्थमा ९ पटक र एलपी ग्याँसमा ४ पटकसम्म मूल्यवृद्धि गरिएको छ । पछिल्लोपटक पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रुपैयाँ (हवाई इन्धनमा ५

... बाँकी पृष्ठ ७ मा

## दलित मुक्ति मोर्चा नेपाल अब श्रमिक समुदाय मोर्चा

### मोर्चाको अध्यक्षमा रामलाल विक निर्वाचित




■ रातोखबर संवाददाता/धनगढी

दलित मुक्ति मोर्चा नेपालको पाँचौँ राष्ट्रिय सम्मेलनले मोर्चाको नाउँ परिवर्तन गरी श्रमिक समुदाय मोर्चा, नेपाल राख्ने निर्णय गरेको छ । कैलालीको धनगढीमा कात्तिक २७ देखि २९ गतेसम्म सञ्चालित सम्मेलनले रामलाल विश्वकर्माको अध्यक्षतामा ६१ सदस्यीय केन्द्रीय समिति

... बाँकी पृष्ठ ७ मा

## जनमतसङ्ग्रहबारे भ्रामक प्रचार

**देश/परिवेश**
■ विप्लव



जनमतसङ्ग्रहका विषयमा बजारमा तीनखाले गलत मत देखापरेका छन् : पहिलो, यो लोकतन्त्रकै विरुद्ध छ। त्यसैले स्वीकार्न सकिँदैन। दोस्रो, राजतन्त्र, हिन्दुवादीहरूले पनि जनमतसङ्ग्रहको माग गरिरहेका छन्, उनीहरूलाई कसरी सम्झाउने, यस मागले उनीहरूलाई मद्दत गर्छ र तेस्रो, जनमतसङ्ग्रहबाट समाजवाद आउँदैन, हुन दिँदैनन्, हारे के गर्ने ?

पहिलो तर्क र प्रचार आजको सत्ता र व्यवस्थाबाट पूरापूर सुविधा र स्वार्थ प्राप्त गरिरहेका संसद्वादीहरूले गरिरहेका छन् । यिनको तर्कमा व्यवस्था फेर्दा लोकतन्त्रको अन्त्य र अधिनायकवादी, एकदलीय तानाशाही आउने खतरा हुन्छ। व्यवस्थामा समस्या आएको हो भने पनि संविधान र कानुनमा संशोधन वा सुधार गरेर जान सकिन्छ । जनतालाई सचेत र जागृत गरेर लोकतन्त्रको प्रयोगलाई सबल बनाउन सकिन्छ तर जनमतसङ्ग्रह गर्न सकिँदैन भन्ने छ।

लोकतन्त्रका विरुद्ध जनमतसङ्ग्रह मान्न सकिँदैन भन्ने सोचाइबारे माथि पनि चर्चा गरिएको छ। लोकतन्त्रको उत्कृष्ट अभ्यास नै जनमतको प्रयोग हो भने त्यसलाई अस्वीकार गर्नु व्यवहारतः लोकतन्त्रका विरुद्ध उभिनु नै हुन्छ। अझ देखावटी तर्कमा लोकतन्त्र मान्छौँ भन्ने तर पुँजीवादी संसदीय व्यवस्थाको विकल्प खोज्न निषेध गरेर जतिसुकै जनविरोधी एवम् असफल भए पनि संसदीय व्यवस्थाबाट बाहिर जान पाइँदैन, संसदीय व्यवस्थाको विकल्प संसदीय व्यवस्था नै हो भन्ने हुन्छ। यस्तो विचारले कुनै पनि लोकतन्त्रिक मान्यतासँग मेल खादैन, बरु वास्तविक लोकतन्त्रका विरुद्ध र तानाशाही प्रवृत्तिका पक्षमा हुन्छ। जनमतको छिनोफानोबिना पुँजीवाद लाद्ने अधिकार कसलाई के कारणले छ ? यो मान्न सकिँदैन। अर्को कुरा पुँजीवाद समर्थकहरूले आज प्रयोग भइरहेको लोकतान्त्रिक अभ्यासलाई नै श्रेष्ठ हो, यसभन्दा बाहिर अर्को छैन जस्तो वा अको लोकतन्त्रमा आफू असुरक्षित भइन्छजस्तो बुझिरहेको जस्तो पाइन्छ जो एकदमै गलत एवम् अपूर्ण छ। पुँजीवादी लोकतन्त्र यथार्थमा पुँजीवालहरूका लागि मात्र लोकतन्त्र हो । यसमा श्रमिक जनताका लागि कुनै लोकतन्त्र हुँदैन । चुनावमा भोट हाल्नुबाहेक त्यो पनि पैसाको भरपूर नियन्त्रणमा भन्दा कुनै अधिकार हुँदैन । योभन्दा सबै दृष्टिले उन्नत लोकतन्त्र समाजवादमा हुन्छ भन्ने पुष्टि आज होइन, एक सय वर्षपहिले नै भएको हो। समाजवादी लोकतन्त्र योभन्दा उन्नत एवम् जनव्यावहारिक हुन्छ जसमा कोही नागरिक पनि उपेक्षित हुनु पर्दैन वा आजका काङ्ग्रेस, जसपा, राप्रपाले पनि जनता र देशका विरुद्ध अक्षम्य अपराध नगर्दासम्म आजको

... बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# जनअनुमोदित नेपाल बन्द र जनतिरस्कृत सरकार

चालू व्यवस्था र सरकार दुवै जनअनुमोदित होइनन् । नेपाल कम्युनिस्ट पार्टीले सरकारले पेट्रोलियमलगायत सम्पूर्ण क्षेत्रमा गरेको मूल्यवृद्धिको प्रतिवाद गर्न कात्तिक ३० गते आह्वान गरिएको नेपाल बन्द भव्य रूपले सफल पार्न आमजनसमुदायलाई गरेको अपिल जनअनुमोदित भएको छ । सरकारलाई जनताले पूरै अवज्ञा गरिदिएका छन् र वृद्धि गरिएको शुल्क बिनासर्त फिर्ता लिएर जनतालाई सुविधा दिन नेकपाले अघि सारेको मागको पूर्ण समर्थन गरेका छन् । बन्दको अपार र पूर्ण सफलताले दलाल पुँजीवादी व्यवस्था र त्यसको टेकोका रूपमा उभ्याइएको बुख्याँचा सरकारलाई जनताले अवैध घोषणा गरिदिएका छन् ।

आफूलाई जनताको दाबी गर्ने कुनै पनि सरकारले जनताको ढाड सेक्ने गरी एकै महिनामा नौ-नौपटक घोषित रूपमा अत्यावश्यक खाद्यान्न, पेट्रोलियमलगायत उपभोग्य पदार्थमा मूल्यवृद्धि गर्न र मूल्यवृद्धिका विरुद्ध आन्दोलित जनतालाई गिरफ्तार गरी यातना दिने हर्कत गर्न सक्तैन । यो अवैध व्यवस्था र अवैध सरकारका लागि जनताले आन्दोलनका माध्यमबाट तिनीहरुको औचित्य सकिएको प्रमाणित गरिदिएका छन् ।

सरकारले एक महिनाभित्रै पेट्रोलियम पदार्थमा ९ पटक र एलपी ग्याँसमा ४ पटकसम्म मूल्यवृद्धि गरेको थियो । सरकारले पछिल्लोपटक अर्थात् नवौँपटकमा पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रुपैयाँ (हवाई इन्धनमा ५ रुपैयाँ) र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको थियो । यसले सम्पूर्ण क्षेत्रमा मूल्यवृद्धि हुने तथा जनताको क्रयशक्ति घट्ने र मुद्रास्फीति झनै बढ्ने भएकाले मूल्यवृद्धिविरुद्ध आह्वान गरिएको नेपाल बन्दलगायत आन्दोलनका कार्यक्रम सफल बनाउन नेकपाले जनसमुदायलाई आह्वान गरेको थियो । सरकारले बढाएको मूल्य फिर्ता नलिएसम्म सङ्घर्ष जारी राख्न पनि नेकपाले आह्वान गरेको छ र बन्द सफल पार्न सहयोग गर्ने सबै तह र तप्कालाई हार्दिक धन्यवाद पनि दिएको छ ।

मङ्गलबार नेपाल बन्दप्रति जनताले देखाएको अपार सहभागिता र ऐक्यबद्धता मूल्यवृद्धिको आन्दोलनसँग मात्र सीमित छ भनेर बुझ्नु हुँदैन । सिङ्गो दलाल पुँजीपति वर्गको नेतृत्व गर्ने सरकारलाई त्यो वर्गको साथ, समर्थन र सहयोग रहेको र साम्राज्यवादी स्वार्थबाट प्रेरित भएर बनेको सरकारका विरुद्ध जनताले गरेको आन्दोलनले अब जनता यो सरकार मात्र होइन, यो व्यवस्थाकै विकल्पका लागि तयार छन् भन्ने सन्देश प्रवाह गरेको छ । यो खुसीको कुरा हो ।

नेपालको राजनीतिक आन्दोलनको इतिहासमा नेपाल बन्द धेरैपटक भएका छन् र तिनको सार्थकता पनि सिद्ध भएको छ । यही शताब्दीको चालीसको दसकमा निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध भएको अजनआन्दोलनमा २०४६ साल चैत २४ गते आयोजना गरिएको नेपाल बन्द होस् वा जनयुद्धका क्रममा भएको सशस्त्र नेपाल बन्द होस्, तिनले ऐतिहासिकता कायम गरेका छन् । जनताले अनुमोदन गरेको आन्दोलनको दीर्घकालीन महत्व हुन्छ । २०४६ सालको आन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था र जनयुद्धले राजतन्त्रसहितको संसदीय व्यवस्थाको विकल्प रोजेको थियो । यो दलाल संसदीय व्यवस्थाविरुद्ध जारी जनक्रान्ति र जनआन्दोलनहरूले पनि जनतालाई वैज्ञानिक समाजवादसम्म पुग्ने विकल्पहरू खुला गरिदिएका छन् । कात्तिक ३० को नेपाल बन्दले जनतालाई दलाल संसदीय व्यवस्थाको अन्त्य र अग्रगामी रूपान्तरणका रूपमा वैज्ञानिक समाजवाद स्थापनामा अघि बढ्न जनतालाई थप उत्प्रेरित गरेको छ ।

वैज्ञानिक समाजवाद निर्माणका लागि जनक्रान्ति सञ्चालन भइरहेको सन्दर्भमा यही मङ्सिर ८ गते नेकपाले आठौँ पार्टी पुनर्गठन दिवस भव्यतापूर्वक मनाउने उद्घोष गरेको छ । पार्टी पुनर्गठन दिवस उल्लासका साथ मनाउन काठमाडौँका सडकमा उपस्थित हुने हजारौँ सचेत, क्रान्तिकारी जनसमुदायले यो दलाल पुँजीवादी, संसदीय व्यवस्थाको औचित्य समाप्त भएको र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु अनिवार्य भएको उद्घोष गर्नेछन् । वैज्ञानिक समाजवादका पक्षमा गुन्जिने हजारौँहजार समवेत स्वरहरूले नेपाली राजनीतिक आकाशमा नयाँ क्षितिज उद्घाटन गर्ने अपेक्षा गर्न सकिन्छ । राष्ट्रियता, जनतन्त्र, जनजीविकाको रक्षा र विकास तथा महँगी, भ्रष्टाचार, बेथिति, अराजकता, साम्राज्यवादी हस्तक्षेप र उत्पीडनका विरुद्ध यो आन्दोलनको समय हो । निरन्तर क्रान्ति जनताका लागि निरन्तर उत्सव हो भनेर कमरेड माओले भन्नुभएको सन्दर्भ जनयुद्धको समयमा मात्र होइन, एकीकृत जनक्रान्तिको वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक छ । त्यसैले सार्थक उपलब्धिका लागि सार्थक आन्दोलनमा जुट्नु स्वाभिमानी नागरिकको कर्तव्य पनि हो ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# महँगीको आतङ्क र नेपाल बन्दको अर्थ–राजनीति



अनिल शर्मा 'विरही'

दुई वर्षयता नेपालको आर्थिक अवस्था अकल्पनीय रूपले सङ्कटतिर धकेलिएको छ जसको कारण रोजगारीको अवसर गुमेको छ । नागरिकको क्रयशक्ति घटेको छ । महँगी र कालोबजारी अनियन्त्रित भएको छ जसको कारण चौतर्फी असन्तुलन र असन्तुष्टि बढेको छ । बैङ्किङ प्रणाली, सेयर बजार, विकास खर्च, मुद्रास्फीति सबै सूचकहरू नकारात्मक छन् । हरेक दुई सेकेन्डमा १ जना नागरिकलाई गरिबीको रेखाबाट मुक्त गर्ने चीनजस्तो छिमेकी भएर पनि हामी किन आर्थिक सङ्कटबाट गुज्रिरहेका छौँ ? निकै सोचनीय विषय छ ।

नेपालको सरकार नै मुद्रा बिचौलियाको मुठीमा कैद छ । अघिल्लो सरकारका अर्थमन्त्री नै अमेरिकाको दलाली गर्थे । ओली सरकारका आर्थिक सल्लाहकार मोतीलाल दुगड थिए जसले 'सेन्चुरी स्पाइस एन्ड स्न्याक्स' कम्पनी खोलेर बहुराष्ट्रिय कम्पनी पेप्सीकोलाको नक्कली उत्पादन बेच्ने गरेका छन् । उक्त मुद्दा न्यायिक निकायमा विचाराधीन छ । बीएमसी मसलाको नक्कली उत्पादन गरेको आरोप पनि छ । अक्सोमिटर ठगीकाण्डमा पक्राउ परेका एकजना मारबाडीलाई रिहा गराउन उनै दुगडको दौडधुप सबैले देखेकै हो । कोरोना औषधी ठगी, नेपाल ट्रस्टको ठगी, आयल निगम जग्गाठगी, अनेकौँ ठगी, अपचलन र नीतिगत भ्रष्टाचारको तालिका प्रस्तुत गर्न स्थानाभाव हुनेछ । ९९ प्रतिशतलाई अभाव र गरिबीमा धकेलेर १ प्रतिशतको अर्थ आर्जनलाई समृद्धि गन्ने आर्थिक नीति निर्माताको नेतृत्व अमेरिकी निर्यात (बौद्धिक निर्यात) कायम छ । पुँजीवादी अर्थशास्त्रका पिता एडम स्मिथले 'जहाँ सम्पत्तिको केन्द्रीकरण हुन्छ, त्यहीँ ठूलो असमानता हुन्छ' भन्थे । कार्ल मार्क्सले त 'एकजना पुँजीपतिले सधैँ नै धेरैलाई मार्छ' भन्नुभएको छ । यतिबेला युरोप र अमेरिकाले भोग्नुपरेको आर्थिक सङ्कट कुनै गुप्तचर संस्था र अर्थविद्हरूले पूर्वकल्पना गरेकै थिएनन् तर त्यसलाई सच्याउने कुनै सुरसार छैन । युद्ध प्रयोजन र हतियार उत्पादनको पुरानै योजनामा अमेरिका देखिन्छ । 'एक्काईसौँ शताब्दीको पुँजीवाद' पुस्तकका लेखक रबर्ट हेल्ब्रोनर भन्छन्, 'त्यति भएर पनि परम्पराको निर्देशक हातलाई आफ्नो ऐतिहासिक यात्राको जिम्मा लगाउने समाज इतिहासभरि निद्रामा हिँडेजस्तो गर्दछ ।' उनै निद्राका यात्रीहरूका पिछलग्गुहरू नेपालमा सत्तारूढ छन् र युद्ध प्रायोजन गर्ने, मुठीभरलाई देश र शान्ति बेचेर अर्बपति बनाउने षड्यन्त्रमा छन् । नोबेल पुरस्कार विजेता जोसेफ स्टिग्लिट्जले संयुक्त राज्य अमेरिकालाई युद्ध र हिंसाको मुख्य अपराधी र विश्व बैङ्क तथा अन्तर्राष्ट्रिय मुद्राकोषलाई असफल संस्था भनेका थिए । तिनै असफल आर्थिक सङ्गठन र युद्ध अपराधी अमेरिकी सरकारलाई 'महादेवले सतीदेवीको लास बोकेझैँ' गर्ने मृत विचार र भ्रष्ट चरित्रका शासकहरूले देशलाई बर्बाद गर्नु अनिवार्य थियो, छ ।

सरकारको दाबीअनुसार हरेक समीक्षा अवधिमा देशको मुद्रस्फीति ३.६० प्रतिशतले बढिरहेको छ । आयात-निर्यातमा डरलाग्दो असन्तुलन छ । कुल गार्हस्थ क्षेत्रमा कृषि क्षेत्रको योगदान (आ. व. २०७७/०७८) मा २५.८३ थियो । विश्व बैङ्कको दबाबमा अनुदान कटौती गरिएको छ । भारतमा प्रतियुनिट २ रुपैयाँमा विद्युत् आपूर्ति हुँदा नेपालमा चार गुणा महँगो छ । कृषिमा विदेशी लगानी ल्याएर लाखौँ किसानलाई आप्रवासी बनाउने षड्यन्त्र हुँदैछ । कृषिमा विदेशी लगानी पोल्ट्री फर्म, मत्स्यपालन, फलफूल उत्पादन र बजार भारतको पाउमा चढाउने र उताबाट कमिसन थाप्ने उद्देश्यले ल्याइएको छ । देशको औद्योगिकीकरण नगरी देश समृद्ध हुनै सक्दैन । तर देशको कुल गार्हस्थ उत्पादनमा १३.११ प्रतिशत मात्र योगदान छ । यसले नै देशको दशा र दिशा भन्छ । कुल गार्हस्थ योगदानमा सेवा क्षेत्रको ६१.०६ प्रतिशत योगदान रहेकोमा अहिले यो क्षेत्र थला परेको अवस्था छ । पर्यटन व्यवसायमा ९०.०९ प्रतिशत गिरावट आएको अवस्था छ ।

आयात बढ्नु तर निर्यात घट्नु, उत्पादन घट्नु, विकास खर्च घट्नु, भ्रष्टाचार बढ्नु, रोजगार नबढ्नुजस्ता नकारात्मक आर्थिक सूचकका कारण मुद्रास्फीति बढेको छ । आ.व. २०७७/०७८ मा खाद्य र पेय पदार्थमा मुद्रास्फीति ५० प्रतिशतले बढेको छ । पाम तेल, दलहन, जस्तापाता, तार, चोकरको भारतमा हुँदै आएको निर्यात घटेको छ र चीनतर्फ समग्रमा १४.०७ प्रतिशतले निर्यात ओरालो लागेको छ । २०७८ असारसम्मको तथ्याङ्कअनुसार निर्यातको एकाइ मूल्य सूचकाङ्क ५.०३ प्रतिशत र आयातको एकाइ मूल्य सूचकाङ्क ८.९ प्रतिशतले बढेको छ । आर्थिक तथ्याङ्कहरू ओरालो लाग्दै गर्दा आ.व. २०७८ असार मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा ०.२ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्ष कुल आन्तरिक कर्जा १३.०६ प्रतिशत रहेकोमा यो वर्ष २६.३ प्रतिशत वृद्धि भएको छ ।

बुधबार मध्यरातीबाट देउवा नेतृत्वको सरकारले पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रुपैयाँ, हवाई इन्धनमा ५ रुपैयाँ र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको छ । भारतीय बजारबाट ४७ रुपैयाँ प्रतिलिटरमा खरिद गरिने पेट्रोल नेपाल आयल निगमको नाफा, चुहावट, भाडा सबै कटाउँदा पनि अधिकतम प्रतिलिटर ७० रुपैयाँमा खुद्रा बिक्री गर्न सकिन्छ । तर प्रतिलिटर १३६ रुपैयाँ पुऱ्याइएको छ । त्यसैले नेकपाका महासचिव विप्लवले उक्त लुटतन्त्रका सम्बन्धमा बिहीबार जारी विज्ञप्तिमा 'दैनिक रूपमा असुल गरिने यो सरकारी लुट कुन प्रयोजनका लागि गरिन्छ ?' भनी प्रश्न गर्नुभएको छ । सम्पूर्ण पेट्रोलियम पदार्थमा उही स्थिति छ । गरिबीको रेखाभित्र रहेका विपन्न वर्गले प्रयोग गर्ने खाना पकाउने एलपी ग्याँस र मट्टीतेलमा समेत चको 'मूल्यवृद्धि गर्ने सरकारले कसको प्रतिनिधित्व गर्दछ ? भन्ने प्रश्न उठेको छ । पेट्रोलियम पदार्थलाई सम्पूर्ण आर्थिक प्रणालीको आधार मानिन्छ । यसमा हुने मूल्यवृद्धिले यातायातको भाडा वृद्धि हुन्छ र यातायातको भाडा वृद्धिको प्रभाव खाद्य पदार्थसहित सम्पूर्ण दैनिक जीवन निर्वाहका साधनमा पर्दछ ।

पेट्रोलियम पदार्थको अन्यायपूर्ण र नक्कली मूल्यवृद्धिको कारण के हो ? मन्त्री, नेता र शक्ति केन्द्रको रात्रीभोज, पाटी, चन्दा, बोनस, जग्गा प्रकरणजस्ता भ्रष्टाचारसमेतको बिल भुक्तानी आयल निगमले गर्ने गर्छ । लाभांश नाफामध्ये कर्मचारीले पाउने अतिरिक्त लाभ (तलबबाहेक) हो । संस्था घाटामा जाने कर्मचारीले लाभांश (बोनस) हसुर्ने अनैतिक परम्परा पनि आयल निगममा कायम छ । त्यसैगरी बूढीगण्डकी आयोजना निर्माणका लागि बर्सौँदेखि पेट्रोलियम पदार्थमा अतिरिक्त कर लगाइएको छ । उक्त करबापत अर्बौं रकम जम्मा गरिएको छ । आयोजना बनाउने कुनै ठेगान छैन । बरु केपी ओली, देउवा र प्रचण्डले अर्बौं कमिसन खाएको चर्चा छ । त्यही देशद्रोही र चुनाव खर्च जुटाउन दसैँवरपर मात्र ३ पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरिएको छ । यसको सशक्त प्रतिकार गर्नुपर्छ ।

अस्वाभाविक मूल्यवृद्धिको प्रभाव र कारण अर्को पनि छ । राष्ट्रिय गौरवका आयोजना ध्वस्त पारेर आफ्नो बजार विस्तार गरेका बहुराष्ट्रिय कम्पनीले नेपाल दूरसञ्चार, विद्युत् प्राधिकरण र आयल निगमलाई ध्वस्त पार्न चाहेका छन् । जनतालाई हैरान पारेर निजी कम्पनी ल्याउने र जनतालाई बेलगाम लुट्ने रणनीति यसको पृष्ठभागमा छ । त्यसैले त्यसप्रकारको राष्ट्रघाती कदमको समयमै प्रतिरोध गर्नुपर्छ । नेपाल बन्दसहितका सङ्घर्षको विशेष महत्व छ । जनपक्षीय शक्तिहरूले आपसी सहकार्य गर्नुपर्छ र पहिलो चरणको प्रतिरोध सरकारले सुनेन भने अझ दबाबमूलक कार्यक्रममा प्रवेश गर्न आवश्यक छ ।

# २३ वर्षपछि जनयुद्धका सहिद बुबाको स्मरण गर्दा



असल क्षेत्री

हामी सात भाइबैनीमध्ये म सबैको जेठो दाइ । म भर्खरको युवा नै थिएँ । बुबा भन्दै हुनुहुन्थ्यो- मेरो छोरा पढेर ठूलो मान्छे बन्छ । सबैका आमाबुबाको एउटै सोचाइ हुन्छ होला- छोराछोरी हुर्के, बढे र राम्रो जागिर गरे भने आफू बुढो हुँदा सुखले पाल्लान् वा बुढेसकालको सहारा बन्लान् । सायद मेराबारेमा पनि यस्तै सोचेको हुनुपर्छ । सुखदुःख गरेर मलाई हाईस्कुलसम्म पढाउने आँट मेरा बुबाले गर्नुभयो । म उहाँप्रति धेरै आभारी छु । मेरो गाउमा म नै पहिलो मान्छे हुँ सबैभन्दा पहिले हाईस्कुलसम्मको पढाइ सकेर क्याम्पस पढ्न जाने । त्यो कुरामा मेरो बुबाको योगदान नै प्रधान भएर आउँछ । क्याम्पस पढ्दै गर्दा जनयुद्ध सुरु भयो । त्यसले हाम्रोजस्तो शोषण र अन्यायमा परेको समाजलाई सर्लप्प लपेट्यो । हामी पनि बाध्यता, रहर वा दायित्वबोधले जनयुद्धमा होमियौँ । हुनत हाम्रो परिवार कम्युनिस्ट पार्टीका विभिन्न सङ्गठनहरूमा २०४७ देखि नै सङ्गठित भएको थियो तर २०५२ सालको जनयुद्धले हामीलाई क्रियाशीलता थपेको मात्र हो । राती सङ्गठनका कामहरू गर्ने, दिउँसो सामाजिक कामहरूमा सहभागी हुने हाम्रो दैनिकी बन्दै गएको थियो । अन्याय, अत्याचार, शोषण, दमनका विरुद्ध आवाज उठाउने हाम्रो बुबाको स्वभाव र त्यसको प्रत्यक्ष प्रभावमा रहेका हामी छोराछारी क्रान्तिको आगोभन्दा टाढा रहन वा बस्न सम्भव नै थिएन । बुबाको क्रान्तिप्रतिको लगावले हामी सबै छोराछोरीलाई क्रान्तिमा तान्दै लगेको थियो । हामीभित्र पनि क्रान्तिको ज्वाला बिस्तारैबिस्तारै तात्दै र दन्कँदै गैरहेको थियो । विशुद्ध किसानी गरेर जीविकोपार्जन गर्ने मेरो बुबा क्रान्ति र परिवर्तनप्रति पनि त्यत्ति नै प्रतिबद्ध हुनुहुन्थ्यो । उहाँका सकारात्मक गुणहरूको चर्चा जति गर्दा पनि कम नै हुन्छ । क्रान्ति एक निर्मम प्रक्रिया हो । क्रान्ति वा युद्धमा भावनाले मात्र चल्न कठिन हुन्छ । वैचारिक स्तरमा उठेको भावनाले मात्र क्रान्तिलाई अगाडि बढाउन सक्छ । क्रान्तिको स्तरमा उठेको भावना विचार र राजनीतिक सम्बन्धसहितको प्रेम मेरो बुबासँग रहेको बल्ल अहिले महसुस गरिरहँदा कताकता आफैँलाई न्यास्रो पनि महसुस हुने गर्दछ ।

२०५५ साल कात्तिकसम्म आइपुग्दा जनयुद्धको राप बिस्तारैबिस्तारै बढ्दै गैरहेको थियो । राज्य जनयुद्धप्रति निर्मम बन्दै क्रान्तिकारी जनता र नेता-कार्यकर्ता खोजीखोजी हत्या गर्ने र जनयुद्धको रापलाई निस्तेज गर्ने उद्देश्यसहित जनयुद्धका विरुद्ध लागिरहेको थियो । किलो सेरा टु अभियान नै सञ्चालन गरी हत्या र आतङ्कले जनताको अधिकारको आन्दोलनलाई निर्मम दमनद्वारा सिध्याउने अभियानमा राज्य थियो । माओवादी पार्टी साना-ठूला प्रतिरोध युद्धद्वारा राज्यमाथि धावा बोलिरहेको अवस्था थियो ।

बुबाको हत्या-प्रसङ्ग

२०५५ साल कात्तिक २९ गते दिउँसो पार्टीको देउसीभैलोको समीक्षा र सल्यान जिल्लाका पुराना, क्षमतावान्, प्रभावशाली नेता क. सन्देश (जसले रुकुमको चुनबाङमा सहादत प्राप्त गर्नुभयो) को श्रद्धाञ्जली कार्यक्रममा थियौँ । गाउँका केही क्रान्तिकारी युवाहरूसहित हामी उक्त कार्यक्रममा सहभागी भएका थियौँ । उक्त कार्यक्रम तत्कालीन ढाकाडाम गाविसको ४ नम्बर वडामा सम्पन्न भएको थियो । कार्यक्रम सकिँदै गर्दा एकजना अग्रज नेता आएर मेरो बढुवा र सरुवाको कुरा सुनाएर जानुभयो । मभित्र केही उद्वेलनासहित नयाँ जोस पनि पैदा भयो । तर अपरिचित भूगोलमा भएको सरुवाले केही आशङ्का पनि पैदा भयो । ती सबै कुराहरूलाई समाल्दै घरमा पुगेर बुबालाई सबै कुराको जानकारी दिने र भोलिपल्ट मात्र सरुवा भएको भूगोलमा जाने निधोसहित म घरतिर गएँ ।

म बुबाको धेरै आदर गर्थें । सामाजिक रूपमा पनि बुबा एक प्रतिष्ठित र इमानदार व्यक्तिमा गनिनुहुन्थ्यो । विद्रोही स्वभावको हुनुको कारण होला उहाँलाई विरोधीहरूले तारो बनाएका थिए । क्रान्तिकारी राजनीतिमा लागेकाले काङ्ग्रेसहरूले अलि बढी डाहाको दृष्टिले हेर्ने गरेका थिए । राजनीतिमा एकले अर्कालाई देखिनसहने प्रवृत्ति अहिले पनि छ भने त्यो बेला कति थियो होला । भर्खर जनयुद्ध सुरु भएको, राज्य पनि लागेपुगेसम्मको बल लगाएर जनयुद्धका विरुद्ध खनिएकै थियो । काङ्ग्रेसीहरू गाउँगाउँबाट भागदौड र सीआईडी-सुराकीमा आफ्नो राजनीति र व्यक्तिगत जीवन सुरक्षा खोजिरहेका थिए । क्रान्तिले पनि त्यति ठूलो गति लिन सकेको थिएन । राज्य काङ्ग्रेसको सहयोगमा व्यक्तिहत्यामा उत्रिएको थियो । त्यसरी नै घेरा हालेर क. सन्देशलाइ रुकुमको चुनबाङमा हत्या गरिएको थियो । क. सन्देश सल्यानका सबैभन्दा पुराना र क्षमतावान् नेता हुनुहुन्थ्यो । उहाँको सहादतले क्रान्तिमा ठूलो क्षति भएको थियो । लाग्छ, सायद सल्यानमा क. सन्देश बचेको भए नेतृत्वको खडेरी पर्दैनथ्यो होला । यही भावनामा भावुक र क्रान्तिप्रतिको अठोट लिएर बुबासँग आशीर्वाद लिन म घरमा जाने र सपरिवारमा क. सन्देश सहिद भएको दुःखद् कुरा र मेरो बढुवा र सरुवा भएको कुरा सुनाउने, केही सरसल्लाहसहित कार्यक्षेत्रमा जाने सोचाइ बनाएको थिएँ । बुबाको आशीर्वादसहित कार्यक्षेत्रमा जाँदा छुट्टै उत्साह, उमङ्ग, जोस र जाँगर आउँथ्यो । त्यो जोस र जाँगरलाई क्रान्तिको ऊर्जामा बदल्न सकिन्थ्यो होला । क्रान्तिमा होस् वा नेतृत्व विकासमा होस्, परिवारको महत्वपूर्ण योगदान रहने गर्दछ । मेरो प्रेरणाको स्रोत मेरो बुबा नै हो ।

२०५५ साल कात्तिक २९ गते अर्थात् २३ वर्षपहिले आजकै दिन मेरो कलिलो भावना र मानसपटलमा अविस्मरणीय क्षण बन्न पुगेको दिन हो । जीवनमा चाहेर पनि मैले त्यो दिन बिर्सन सक्दिनँ । हुनत हामी क्रान्तिकारीहरूको जीवनमा ठूलाठूला विपत्ति र सङ्कटका दिनहरू पनि आउने गर्छन्, आउँछन् । त्यस्ता क्षण बेहोरिए । अझै पनि बेहोर्न तयार रहेको कुरा छँदैछ तर कुनैकुनै घटनाहरू जीवनका अभिन्न क्षणहरू बनेर बसिरहन्छन् । मेरो जीवनमा पनि त्यो दिन त्यसरी नै चट्टानसरि मेरो दिमागमा रहेको छ । जुन दिन मेरो बुबाको जीवनको अन्तिम दिन बन्यो भने मेरो सम्पूर्ण परिवार र समाजको खुसी लुटियो । साँझ बुबासँग बसेर गरेका क्रान्ति, परिवार र समाजबारेका छलफलहरू अहिले पनि ताजै लाग्ने गरेका छन् । मलाई बुबाको अन्तिम निर्देशन थियो- क्रान्ति (जनयुद्ध) मा कहिल्यै पनि धोका नदिनू, चाहे तिम्रो भागमा बलिदान नै किन नपरोस् । गाउँको सामान्य नागरिक भएर पनि क्रान्ति र परिवर्तनप्रतिको लगाव र कठोर प्रतिबद्धता देख्दा कहिलेकहीँ पीडा र उत्साह दुवै लाग्ने गर्छ । भैँसीको मही मथ्दै मलाई लामालामा कहानी सुनाएको कसरी भुल्न सक्छु र !? मेरो कलिलो दिमागले नबिर्सने गरी स्वीकार गऱ्यो र चट्टानसरि नबिर्सने स्थानमा सञ्चित गरेर राखेको छ । मलाई दुःख किन लाग्छ भने मेरो बुबाको भौतिक शरीर हुनु वा नहुनुमा दुःख हैन, बरु क्रान्तिमा रगत बगाउन प्रेरित गर्ने नेताहरू प्रतिक्रियावादी क्याम्पमा मिसिन

... बाँकी पृष्ठ ५ मा

# नमुना निर्माणकार्यले जनतालाई आशावादी र सहिद तथा बेपत्ता योद्धाहरूको महान् आदर्श एवम् बलिदानको स्मरण गराउनेछ

सहिद तथा बेपत्ता योद्धाहरूको महान् आदर्श तथा बलिदानको स्मरण गर्नु तथा देश र जनताको पूर्ण मुक्तिका लागि आमजनतालाई जागृत गर्दै निराशा होइन, उज्ज्वल भविष्यप्रति आशावादी बनाउनु नमुना निर्माणकार्यको मूल उद्देश्य रहेको छ ।

**अमर झाँक्री 'सञ्जीव'**
केन्द्रीय सदस्य तथा केन्द्रीय नमुना निर्माण विभाग
नेपाल कम्युनिस्ट पार्टी



***ने क पा को केन्द्रीय नमुना निर्माणकार्यअन्तर्गत जनसङ्ग्रहालय तथा सहिद पार्क निर्माणकार्य प्रारम्भ भएको छ । हाल यसको निर्माणकार्य कहाँ पुगेको छ ?***

हो, हाम्रो पार्टीको २०७७ फागुनको दोस्रो साता सम्पन्न आठौँ केन्द्रीय समितिको नवौँ पूर्ण बैठकले कामको पहलकदमीका लागि यो प्रस्ताव पारित गरेको थियो तर यसको शिलान्यास भने हाम्रो पार्टीका विरुद्ध लादिएको कथित प्रतिबन्धभन्दा अगाडि अर्थात् २०७५ साल फागुनमा पार्टीका तत्कालीन पोलिटब्युरो सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज क. चन्द्रबहादुर चन्द 'वीरजङ्ग' ले गर्नुभएको थियो । कथित प्रतिबन्धका केही वस्तुगत जटिलता, केन्द्रबाट प्रत्यक्ष नेतृत्व गर्नुपर्ने उक्त योजनामा जनशक्तिको अभावलगायत समस्याका कारण निर्माणकार्यमा केही ढिलाइ भइरहेको थियो । केन्द्रीय समितिको नवौँ पूर्ण बैठकले मलाई उक्त जिम्मेवारी सुम्पेपछि हामीले पच्चीसौँ जनयुद्ध दिवसअन्तर्गत सहिद सप्ताहको अवसर पारेर २०७७ साल फागुन १८ गते स्थानीय जनभेला गरी मेरो नेतृत्वमा रहने गरी कमरेड चित्रबहादुर सेनको अध्यक्षतामा नौ सदस्यीय निर्माण कार्यसमिति गठन गरियो । हाम्रो पार्टीका महासचिव कमरेड विप्लवको अवधारणा, निर्देशन तथा केन्द्रीय समितिको निर्णयअनुसार अगाडि बढिरहेको यो बृहत्तर योजनाका लागि विभिन्न चरणमा इन्जिनियर तथा विभिन्न सरोकारवाला निकायहरूहरूसँगको छलफलपछि डीपीआरको अन्तिम चरणमा पुगेको छ । यसको आधारभूत व्यवस्थापकीय पूर्वाधारअन्तर्गत निवासका लागि चारकोठे भवन तयार भएको छ । २०७८ साल साउनमा पार्टीका महासचिव कमरेड विप्लवको उपस्थितिमा सम्पन्न विशेष भेलाले मेरो नेतृत्वमा नौ सदस्यीय व्यवस्थापन समिति पनि निर्माण गरेको छ । उक्त व्यवस्थापन समितिको निर्णयअनुसार आर्थिक सहयोगका लागि रसिद तथा चिठीहरू तयार गरी वितरण गरिएको छ । यो निकै बृहत्तर र बहुवर्षीय योजना भएकाले सोही योजनाअन्तर्गत पार्टी केन्द्रीय समिति, व्यवस्थापन समिति र निर्माण कार्यसमितिले समग्र योजना र त्यसको कार्यान्वयन प्रक्रिया अगाडि वढाउने योजना बनाएको छ ।

***यति ठूलो परियोजना निर्माणको लागि नेपाल कम्युनिस्ट पार्टीले कसरी सहयोग जुटाइरहेको छ ?***

यो निर्माणकार्यको मूल अन्तरवस्तुमा सिद्धान्त र विचारको प्रश्न आउँछ अथवा हाम्रो पार्टीको नयाँ स्कुलको कुरा केन्द्र भागमा रहेको छ । हामीले अँगालेको सिद्धान्त र विचार संसारका उत्पीडित श्रमिक जनतालाई पुँजीवादको सम्पूर्ण रूपका उत्पीडनको साङ्लोबाट मुक्ति दिलाउने हो । दोस्रो प्रश्न वर्तमान पुँजीवादी विश्वव्यवस्थाको सम्पूर्ण उत्पीडनवाट मुक्ति पाउनका लागि वैज्ञानिक समाजवाद-साम्यवादको स्थापनाबाट मात्र सम्भव छ । तेस्रो- त्यसलाई प्राप्त गर्ने राजनीतिक कार्यदिशा अर्थात् बाटोको प्रश्न आउँछ । हाम्रो पार्टीले आठौँ महाधिवेशनबाट नेपाली राजनीतिक क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति संश्लेषण गरी प्रयोग गरिरहेको छ । पार्टी कार्यदिशाबारे अन्तर्राष्ट्रिय सर्वहारा वर्गका महान् गुरु तथा चिनियाँ क्रान्तिका नायक कमरेड माओ त्सेतुङले भन्नुभएको छ, 'राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ । कार्यदिशा सही भएमा हामीसँग नभएका सम्पूर्ण कुरा प्राप्त हुन्छन् । कार्यदिशा गलत छ भने हामीसँग भएका सम्पूर्ण कुराहरू गुम्छन् । कार्यदिशा जालको डोरी हो जो फाल्दा खुल्छ र तान्दा खुम्चन्छ ।'

हो आज हामी पार्टी कार्यदिशाबारे कमरेड माओ त्सेतुङको भनाइलाई अनुसरण गर्दै अगाडि बढिरहेका छौँ । यसर्थमा हाम्रो कार्यदशा आजको विश्वमा कम्युनिस्ट सिद्धान्त र विचारका विरुद्ध पुँजीवादले विकास गरेका अस्त्रहरूलाई पराजित गर्दै श्रमिक जनताको मुक्ति र परिवर्तनलाई सफल तुल्याउनका लागि दुनियाँमा स्थापित रहेका रुसी मोडेल र चिनियाँ मोडेलका सार्वभौमिक पक्षहरूको रक्षासहित विकास गरिएको कार्यदिशा हो । हामी हाम्रो पार्टी कार्यदिशाको यही वैज्ञानिकता र वस्तुवादितासम्बन्धी सैद्धान्तिक मान्यतालाई नमुना निर्माणकार्यको व्यावहारिक पक्षबाट पनि पुष्टि गर्न चाहन्छौँ । यद्यपि समग्र कार्यदिशाको कोणबाट हेर्दा यो नमुना निर्माणकार्य एउटा सामान्य अंशगत मामिला मात्र हो । यहाँ भन्न खोजिएको कुरा यो परियोजना निर्माणका लागि हाम्रो पार्टी कार्यदिशाको जगमा टेकेर हामीले आन्तरिक पार्टीपङ्क्तिको आर्थिक र भौतिक रूपमा परिचालन, अग्रभागीय जवस/मोर्चा तथा सम्पूर्ण जवस/मोर्चाहरूको परिचालन, देश र जनताको मुक्ति र स्वाधीनता चाहने उद्योगी, व्यापारी, कर्मचारी, सुरक्षाकर्मी तथा अन्य विभिन्न सहयोगहरूका अतिरिक्त जनपरिचालनको माध्यमवाट यो परियोजना सम्पन्न गरिनेछ ।

***जनसङ्ग्रहालय तथा सहिद पार्कको भौतिक संरचना कस्तो रहनेछ ?***

अहिले यो डीपीआरको प्रक्रियामा रहेको कुरा माथि बताइसकिएको छ । हाम्रो सामान्य अवधारणामा नेपालको सांस्कृतिक पहिचान झल्कने एउटा ठूलो र आधुनिक भवन बन्नेछ जहाँ नेपालका विभिन्न जाति, जनजाति तथा क्षेत्र र समुदायको संस्कृति झल्कने प्रतिमूर्तिहरूका साथै उनीहरूले प्रयोग गर्ने सामग्रीहरू राखिनेछ, यसले नेपालको सुदृढ राष्ट्रिय एकतालाई प्रतिबिम्बित गर्नेछ भने त्यसको अग्रभागमा देश र जनताको मुक्ति र परिवर्तनका लागि विभिन्न समयमा सञ्चालन गरिएका राजनीतिक आन्दोलन, जनसङ्घर्ष र जनयुद्धमा बलिदान दिनुहुने महान् सहिद तथा बेपत्ता योद्धाहरूको प्रतिमूर्ति राखिनेछ जसले बलिदानको महानूतालाई व्यक्त गर्नेछ । यसका साथै विभिन्न फूलबारीसहितका बगैँचा, पौडी पोखरी, फलफूल बगैँचा तथा बच्चाहरूका लागि प्ले ग्राउन्डहरू रहनेछन् ।

***जनसङ्ग्रहालय तथा सहिद पार्क निर्माण गर्नुको उद्देश्य के हो ? यसबाट जनतालाई कस्तो सन्देश दिन खोज्नुभएको छ ?***

यसको मूल उद्धेश्य भनेको देश र जनतताको मुक्तिका लागि सञ्चालन गरिएका राजनीतिक जनआन्दोलन, जनसङ्घर्ष र जनयुद्धका क्रममा बलिदान दिने महान् सहिद तथा बेपत्ता योद्धाहरूको सम्मान गने, उनीहरूको महान् बलिदानी भावनाबाट शिक्षा लिने कुरामा अन्तरनिहित रहेको छ । आज देशको राजनीतिक अवस्था र राज्यव्यवस्थाबाट सम्पूर्ण जनता वाक्कदिक्क बनेका छन् । विभिन्न समयमा सञ्चालन गरिएका जनसङ्घर्षहरूमा जनताको सहभागिता र बलिदानहरू भएका छन् तर त्यसवाट आंशिक सुधार र मात्रात्मक परिवर्तनबाहेक जनताले केही पाएका छैनन् । यसले जनतामा निराशा मात्र पैदा गरेको छ । राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य र सङ्घीय गणतन्त्रको स्थापनापछि जनतामा राजनीतिक, आर्थिक, सांस्कृतिक रूपान्तरण र समृद्धिसहितको परिवर्तनको जुन स्तरमा आशा र विश्वास जागेको थियो त्यो आज निराशामा बदलिएको छ । विश्वकै राम्रो र उत्कृष्ट संविधान भनेर घाँटी सुक्ने गरी चिच्याउनेहरूले आज उनीहरूको असफलतालाई ढाकछोप गर्न विभिन्न षड्यन्त्र गरिरहेका छन् । असफलसिद्ध संसदीय राजनीतिक व्यवस्थाका कारण आज राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू सर्वाधिक सङ्कटग्रस्त बन्दै गएका छन् । यसको विकल्प सम्पूर्ण श्रमिक जनताको मुक्तिका लागि वैज्ञानिक समाजवाद-साम्यवाद स्थापना मात्र भएको कुरा हाम्रो पार्टीले जनयुद्धको प्रारम्भदेखि नै बताउँदै आएको छ । प्रचण्ड-बाबुरामको आत्मसमर्पणवाद र विर्सजनवादका विरुद्धको सङ्घर्ष र पार्टी विभाजन र पुनर्गठन पनि यसै कुरामा अन्तर्निहित रहेको छ । जुन समय, परिवेश र नारामा भए पनि देश र श्रमिक जनताको मुक्तिका लागि बलिदान दिनु अवश्य पनि महान् कार्य हो । यसर्थमा सहिद तथा बेपत्ता योद्धाहरूको महान् आदर्श तथा बलिदानको स्मरण गर्नु तथा देश र जनताको पूर्ण मुक्तिका लागि आमजनतालाई जागृत गर्दै निराशा होइन, उज्ज्वल भविष्यप्रति आशावादी बनाउनु यसको मूल उद्देश्य रहेको छ । हामीले श्रमिक जनतालाई निराश हुन दिनु हुँदैन । श्रमिक जनता नै निराश भए भने देशको अस्तित्व नै समाप्त हुने खतरा बढेर जान्छ । तसर्थ हामीले आमश्रमिक जनतालाई निराश होइन, आशावादी बनाउनुपर्छ । यो ऐतिहासीक जिम्मेवारी इतिहासले आज हाम्रो काँधमा सुम्पिएको छ । निष्कर्षमा यसो भन्न सकिन्छ- महान् सहिद तथा बेपत्ता योद्धाहरूको सम्मान गर्नु, उनीहरूको बलिदानी भावनाबाट शिक्षा लिनु तथा जनतालाई निराश होइन, भविष्यप्रति आशा जागृत गर्नु नै जनसङ्ग्रहालय तथा सहिद पार्क निर्माण गर्नुको मुख्य उद्देश्य हो ।

***यसको निर्माणकार्य एक ठाउँमा मात्र हुनेछ कि अन्यत्र पनि बनाउने योजना रहेको छ ?***

हामी अहिले केन्द्रीय स्तरमा यसको निर्माण गर्दैछौँ । त्यसैगरी कालीकोट, ललितपुर, चितवन, पाँचथरलगयत जिल्लाहरूमा विभिन्न नमुना निर्माणकार्य चलिरहेका छन् भने केही सम्पन्न भैसकेका छन् । आगामी दिनमा यो प्रक्रियालाई देशव्यापी विस्तारित गरिनेछ । जसरी हाम्रो पार्टीको आठौँ महाधिवेशनपूर्व हामीले रोल्पाको ऐतिहासिक गाउँ थबाङमा भव्य जनसभाहल निर्माण गर्‍यौँ, महाधिवेशनले देशव्यापी समाज घर निर्माण गर्ने कुरा संश्लेषण गरेको थियो र त्यो अहिले देशका विभिन्न जिल्लाहरूमा चलिरहेको छ । त्यसरी नै जनसङ्ग्रहालय, सहिद पार्कलगायत निर्माणकार्य पनि देशव्यापी नै विस्तारित गरिनेछ । अहिले पनि देशका विभिन्न भागहरूमा ससाना स्तरमा यसको निर्माणकार्य चलिरहेको छ । वडा, गाउँ, नगरस्तरमा सहिद पार्क, स्तम्भ तथा गेटहरू निरन्तर निर्माण भैरहेका छन । यसलाई भाबी दिनमा योजनाबद्ध र व्यवस्थित रूप दिँदै अगाडि बढाइनेछ ।

***यो निर्माणाधीन जनसङ्ग्रहालय तथा सहिद पार्कले जनयुद्धदेखि एकीकृत जनक्रान्तिसम्मका सबै लिपि तथा इतिहासलाई समेटन सक्छ त ?***

यसले जनयुद्धदेखि यताको मात्र नभई नेपालको समग्र राजनीतिक आन्दोलन, जनसघर्ष तथा जनयुद्ध हुँदै एकीकृत जनक्रान्तिसम्मका सहिदहरूको इतिहासलाई लिपिबद्ध र संरक्षण गर्नेछ । २००७ सालपूर्वको राणाशासन विरोधी प्रजापरिषद् पार्टीको आन्दोलन जहाँ गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीहरूले बलिदान दिएका थिए । २००७ हुँदै २०१७ सम्मको नेपाली काङ्ग्रेसको अगुवाइमा भएका सशस्त्र सङ्घर्षहरूका दौरानमा भएका बलिदान तथा सहिदहरू, २०२८ मा तत्कालीन नेकपा मालेको अगुवाइमा भएको झापा सङ्घर्षका महान् सहिदहरू, २०३६ देखि २०४६ वरिपरिसम्म देशका विभिन्न भागमा सञ्चालन गरिएका मुख्यतः किसान सङ्घर्ष र विभिन्न सङ्घर्षका दौरानमा भएका बलिदानहरू, २०५२ देखि २०६२/६३ सम्म चलेको महान जनयुद्धका क्रममा भएका वीरता, बलिदान र सहिदहरू तथा वर्तमान दलाल संसदीय व्यवस्थाका विरुद्ध सञ्चालन गरिएको एकीकृत जनक्रान्तिका दौरानमा सहादत प्राप्त गर्ने वीर सहिद तथा बेपत्ता योद्धाहरूको सम्मानमा यो परियोजना समर्पण गरिनेछ । यसरी हामीले नेपालको राजनीतिक आन्दोलनमा भएका धोका, गद्दारी तथा दलालीका तमाम नकारात्मक विरासतलाई भत्काउँदै वीरता, बलिदान तथा राष्ट्रिय स्वाभिमानको गौरवपूर्ण भावनालाई उच्च बनाउँदै नेपाल राष्ट्र र नेपाली जनताको मुक्ति र परिवर्तनको राजनीतिक अभिलाशा पूरा गर्ने प्रणका रूपमा निर्माण गर्ने प्रतिबद्धताका रूपमा यसलाई सम्पन्न गर्नेछौँ ।

***पपाईंले पार्टीको केन्द्रीय सम्पर्क कार्यालय निर्माणको जिम्मेवारी पनि लिनुभएको छ । यसको निर्माणकार्य कहिलेदेखि प्रारम्भ गर्नुभयो र हाल कसरी अगाडि बढाइरहनुभएको छ ?***

हो, पार्टीको केन्द्रीय समितिले यो कामको जिम्मेवारी पनि मलाई दिएको छ । यसको निर्माणका लागि मेरो नेतृत्व रहने गरी कमरेड नन्दलाल पुरीको नेतृत्वमा सात सदस्यीय निर्माण कार्यसमिति बनेको छ । कामको सुरुआत २०७७ साल वैशाख १ गते हाम्रो पार्टीका महासचिव कमरेड विप्लवले पार्टीको केन्द्रीय सम्पर्क कार्यालयको शिलान्यास गर्नुभएको थियो । कोरोना महामारीको दोस्रो लहर, विभिन्न कारणहरूले गर्दा निर्माणसामग्रीको अभाव, मौसमी प्रतिकूलता, कैयौँ अनुभवजन्य ज्ञानको समस्याका बाबजुद यसको निर्माणकार्य तीव्रतामा अघि बढिरहेको छ । आधुनिक प्रविधिसहित निर्माण गरिने पाँचतले कार्यालय भवनसँगै ४५० जना मानिस अटाउने क्षमताको जनसभा हल पनि सँगसँगै निर्माण भइरहेको छ । दुवै भवनको एक-एक तलाका लागि एक करोड बाह्र लाखको लागत र १८ महिनामा तयार हुने इन्जिनियरिङ गरिएको उक्त दुवै भवन हामीले आउँदो पुस महिना अर्थात् नौ महिनामा पूरा गर्ने लक्ष्य राखेका छौँ । हालसम्मको हाम्रो अनुभव र कार्यसम्पादनका आधारमा हामी विश्वस्त छौँ- हामीले हाम्रो लक्ष्यलाई व्यवहारतः साबित गरेर छाड्नेछौँ । यसको स्रोतका दृष्टिले पार्टीको रकम, श्रमका लागि विश्वका विभिन्न देशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सहयोग, देशभित्रका उद्योग-व्यवसायी तथा विभिन्न सहयोगहरूमार्फत अगाडि बढिरहेको छ । निर्माणकार्यको दृष्टिले सम्पूर्ण सामग्री हामीले उपलब्ध गराउने र प्रतिस्क्वायर फिट रु ३०,९९७ पैसाका दरले निर्माणकार्यको जिम्मा आरजीएल कम्पनीले लिएको छ जुन हामीले आन्तरिक प्रतिस्पर्धाबाट छनोट गरेका थियौँ । हालसम्म पार्टी, निर्माण कार्यसमिति र निर्माण कम्पनीका बीचमा राम्रो एकता र समझदारीका साथ काम अघि बढिरहेको छ । इन्जिनियरिङ कोणबाट हेर्दा प्रारम्भदेखि नै अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य कमरेड नमराज भट्टले दिशानिर्देशन गरिरहनुभएको छ ।

***अन्तिममा रातो खबरमार्फत आमजनसमुदायलाई थप केही भन्न चाहनुहुन्छ कि ?***

हाम्रो पार्टीको केन्द्रीय नमुना निर्माणकार्यअन्तर्गत सञ्चालन भैरहेका जनसङ्ग्रहालय तथा सहिद पार्क, पार्टीको केन्द्रीय सम्पर्क कार्यालय निर्माणको योजना तथा क्रियाकलापहरू र प्रगतिहरूवारे आमश्रमिक जनतालाई सुसूचित गर्ने अवसर दिनुभएकोमा लोकप्रिय तथा विश्वसनीय सञ्चारमाध्यम रातो खबर प्रकाशन गृहलाई धेरैधेरै धन्यवाद ज्ञापन गर्दछु ।

\- प्रस्तुति : जानकी चौधरी

## २३ वर्षपछि ....

पुगे र क्रान्तिलाई धारे हात लगाउँछन्, त्यसमा दुःख लाग्ने गर्दछ । खुसी यो मानेमा लाग्छ- मैले बुबाको सपना पूरा गर्ने कसम खाएको छु र निरन्तर क्रान्तिको मोर्चामा डटिरहेको छु । कात्तिक २९ गते राती ११ बजे स्थानीय काङ्ग्रेसीहरूको सुराकीमा ५४ वर्षकै उमेरमा बुबाको हत्या गरियो । हत्या आफैँमा भयानक कुरा हो । कथित सुरक्षाफौज भनिने राज्यको आपराधिक जत्थाले छाती, हात र खुट्टामा तीन गोली हानेर परिवारैअगाडि घरको ढोकामा लडाइयो । म पनि दुई गोली लागेर मुस्किलले बच्न सफल भएँ । अन्यथा बुबासँगै मेरो जीवनको पनि त्यो दिन अन्तिम दिन बन्ने थियो । म बाँचेर राम्रो गरेँ वा नराम्रो, म आफैँ भन्न सक्दिनँ किनकि आज सहिद हुनेहरूका सपना असरल्ल र छरपस्ट छन् । नेताहरू सहिदका सपनाहरू छाडेर आलिसान महलमा बास बस्छन् । क्रान्तिमा धोका भएको छ । हिजो सहिद हुनेका परिवार अपमानित छन्, पीडित छन् । न सहिदको रगतको मूल्यबोध छ, न त क्रान्तिलाई निरन्तर विजयको दिशामा अगाडि बढाइएको छ । यसो हुँदा म सहिदको छोरा, परिवार वा आफन्त भन्न पनि हिच्किचाउनुपर्ने स्थिति उत्पन्न भएको छ । सायद सबै सहिदका सन्तानलाई यस्तै महसुस भएको हुनुपर्छ । सहिदको रगतको बखान गरेर राजनीति गर्न जति सजिलो छ, सहिद परिवार बनेर म सहिदको सन्तति हुँ भन्न त्यति सजिलो छैन । त्यो कुरा सहिदका परिवारलाई मात्र थाहा छ । पराजय भोगेको क्रान्तिको सहिदजस्तो भएको छ । बरु हिजोका क्रान्तिविरोधीहरू सलबलाएका छन् र माओवादी पार्टीहरूभित्र पनि जनयुद्धको स्कुल भत्काउनुपर्छ र लुटको स्कुल स्थापना गर्नुपर्छ भन्नेजस्ता जनयुद्ध र क्रान्तिविरोधीहरूका तर्कहरू हाबी हुँदै गएका छन् । जनयुद्धको मूल नेतृत्व नै क्रान्तिलाई लत्याएर भागेपछिको पीडा यही हुन्थ्यो होला सायद ! अहिले हामीले जीवनमा यही बेहोरिरहेका छौँ ।

जनयुद्ध एक महान् क्रान्ति थियो । जनयुद्धले समाजमा धेरै परिवर्तनको रेखाकोरेको छ । बोल्न नसक्ने र नजान्ने मान्छेहरू बोल्न सकेका छन्, बोल्न जानेका छन् । सामाजिक रूपमा ठूलो र महत्वपूर्ण पहिचान जनयुद्धको छ । सामाजिक रूपमा उत्पीडनमा परेको शक्तिलाई अधिकारको कुरा सिकाएको छ र अहिले चलिरहेको गणतन्त्रात्मक नाम दिइएको सत्ता दलालै भए पनि जनयुद्धको जगमा स्थापना भएको हो । यो सत्तामा जोसुकै पुगे पनि जनयुद्धका सहिदहरूले रङ्गिएको सत्ता हो । नेतृत्वले धोका नदिएको भए आज क्रान्तिकारी सहिद परिवार र आमनागरिकको जीवन अर्को स्थानमा पुग्थ्यो । जनयुद्धमा पवित्र मन, वचन र कर्मले बलिदान भएको हो, कुनै स्वार्थ थिएन । बलिदान भएकोमा परिवारको कुनै गुनासो पनि थिएन । मेरो आफन्त गुमेर के भयो त, अन्ततः त्यसको जगमा श्रमिक जनताको सत्ता प्राप्त हुनेछ भन्ने थियो । जनयुद्धका उपलब्धिहरूको भोग गर्नेहरूले जनयुद्धका सहिदको सम्मान गर्न जरुरी अनिवार्य छ । निःस्वार्थ भावले बलिदान गर्ने सहिदहरूको अपमान राज्य होस् वा पार्टीनेता कसैले गर्न पाइँदैन ।

आज चलिरहेको एकीकृत जनक्रान्ति पनि जनयुद्धकै अर्को विकसित रूप हो । जनयुद्ध र एकीकृत जनक्रान्तिलाई विभक्त गरेर बुझ्नु हुँदैन । जनयुद्ध र जनयुद्धमा भएको बलिदानलाई सही ढङ्गले बुझ्न सकिएन भने आज चलिरहेको एकीकृत जनक्रान्तिलाई पनि बुझ्न सकिँदैन । एकीकृत जनक्रान्तिलाई नबुझेर हावामा क्रान्तिका गफ मात्र फलाकेर क्रान्ति सम्पन्न हुने कुरा हैन । क्रान्तिमा बलिदान हुन्छ । बलिदानले क्रान्तिमा ऊर्जा थपिन्छ । त्यही ऊर्जाको आडमा क्रान्ति अगाडि बढ्छ । त्यही अगाडि बढेको क्रान्ति वा क्रान्तिकारी आन्दोलनले मात्र सहिदको सपना पूरा गर्न सक्छ । आज सहिदको सपना र क्रान्तिको झन्डा बोकेको पार्टी नेपाल कम्युनिस्ट पार्टी मात्र हो भन्ने कुरा घामझैँ छर्लङ्ग भएको छ । सहिदको रगत भँजाएर संशोधनवादी, दलाल पुँजीवादी राजनीति गर्ने छूट कसैलाई पनि छैन । सहिदहरूको सपना क्रान्तिलाई पूरा गरी नेपाली श्रमिक वर्गको सत्ता वैज्ञानिक समाजवाद ल्याएर मात्र सम्भव छ ।

सहिद बुबाको २३ औँ स्मृति दिवस परेको आजको दिनलाई सम्झिँदा पीडा र दायित्वबोधले मलाई बाँध्ने गरेको छ । हेर्न त बाँकी नै छ मैले कसरी यो पीडालाई क्रान्तिमा व्यक्त गर्न सक्छु, नयाँ दायित्वबोधसहित कसरी क्रान्तिमा आफ्नो भूमिकालाई अझ बलियो बनाउन सक्छु ! मलाई जहाँसम्म लाग्छ क्रान्तिको मोर्चामा सधैँ बुबालाई सम्झिने गरेको छु र क्रान्तिको महाअभियानमा निरन्तर आफ्नो गतिमा कमी आउन दिएको छैन । क्रान्तिको मोर्चा जितेर मात्र मेरो बुबालगायत समग्र सहिदको सपना पूरा हुनेछ । क्रान्तिको मोर्चा छोडेर भाग्ने, धोका दिने र गद्दारी गने छूट कसैलाई छैन । बाँच्नु मात्र सबै कुरा हैन । बाँचेकाहरूले मरेकाबाट केही सिकेका छैनन् र अगाडि बढ्ने सोच्दैनन् भने त्यो पनि एक प्रकारको मृत्युसरह नै हो । २३ औँ स्मृति दिवसका अवसरमा मेरो बुबा सहिद माधु खड्काप्रति हार्दिक श्रद्धासुमन ! मेरी आमालगायत सबै मेरो परिवारमा एकीकृत जनक्रान्तिको मोर्चावाट मीठो सम्झना अनि माया साथै लालसलाम !

२९ कात्तिक, २०७८

# एकीकृत जनक्रान्तिमा क्रान्तिकारी विद्यार्थीको कार्यभार

*बदलिएको परिस्थितिमा अनिवार्य विकास गर्न आवश्यक दर्शनमा विकास हो । प्रतिक्रान्तिका विरुद्ध जेहाद छेड्नु र निरन्तर क्रान्तिको मार्गमा हिँड्नु क्रान्तिकारी विद्यार्थीको प्रमुख कार्यभार हो । पार्टीलाई सङ्कट पर्दा सबैभन्दा अगाडि उभिएर र बलिदानका लागिसमेत तयार भएर मात्रै हामी हाम्रो ऐतिहासिक कार्यभार पूरा गर्न सक्छौँ । क्रान्तिको मार्ग कठिन भए पनि क्रान्ति आवश्यक छ र सम्भव छ । क्रान्तिको यात्रामा व्यक्तिमा आउने सङ्कट र अवसर अस्थायी कुरा हुन् तर क्रान्ति स्थायी समाधान हो ।*



मिलन राई

'असल परिणामका लागि असल सोचाइ र असल मार्ग पकड्नैपर्छ । हाम्रा युवा विद्यार्थीले सही सोचाइ र सही मार्ग पकडेमा नवीन आकाङ्क्षा पूरा गर्न कसैले पनि रोक्न सक्नेछैन ।'

-विप्लव, प्रज्वल, वर्ष १, अङ्क १, २०७८, अखिल (क्रान्तिकारी) सीटीईभीटी उपत्यका जिल्ला समिति

### भूमिका

हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) ले ऐतिहासिक २१ औँ राष्ट्रिय सम्मेलनबाट जनवादी शिक्षाको रणनीतिक नारा विकास गर्दै समाजवादी शिक्षाको रणनीतिक नारा तय गरेको थियो । विश्वमा र नेपालमा आर्थिक, सामाजिक, सांस्कृतिक उत्पादन सम्बन्धमा विकास भएका नयाँ विशेषताहरूका आधारमा नयाँ जनवादी क्रान्तिको कार्यदिशा विकास गर्नुपर्ने अनिवार्य ऐतिहासिक आवश्यकताबमोजिम जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीले विकास गरेको वैज्ञानिक समाजवादी क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्तिको संश्लेषणको आलोकमा हाम्रो गौरवशाली सङ्गठनले एकीकृत जनक्रान्तिको रक्षा र सेवा गर्ने उद्देश्य राखेर वैज्ञानिक समाजवादी क्रान्तिका लागि वैज्ञानिक समाजवादी शिक्षाको रणनीतिक नारा विकास गरेको हो । साथै उक्त राष्ट्रिय सम्मेलनले एकीकृत जनक्रान्तिमा सामान्य समर्थन र सहयोग मात्र होइन, अग्रदस्ताका रूपमा भूमिका निर्वाह गर्ने, आवश्यक परे बलिदानीसमेत दिन तयार हुने प्रतिबद्धतासमेत गरेको छ ।

### विषय प्रवेश

शिक्षाको चरित्र राज्यसत्ताको चरित्रले निर्धारण गर्ने हुँदा वैज्ञानिक समाजवादी शिक्षाका लागि वैज्ञानिक समाजवादी राज्यसत्ता अनिवार्य हुन्छ । तसर्थ वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्ने रणनीतिक विचार बोकेको एकीकृत जनक्रान्तिमा समाहित हुनु आजको विद्यार्थी आन्दोलनको मुख्य कार्यभार हो । एकीकृत जनक्रान्तिमा भाग लिनु नेपाल कम्युनिस्ट पार्टीको जनवर्गीय सङ्गठन भएको हुनाले मात्र नभएर अपितु विश्वमा र नेपालमा विकास भएको नयाँ परिस्थितिमा समाजवादी क्रान्तिको अनिवार्यताले सिर्जना गरेको अनिवार्य आवश्यकता पनि हो ।

विद्यार्थी उमेरले युवा, स्वभावले विद्रोही, बुझाइमा प्रगतिशील, चाहनाले नयाँ चीजको खोजी गर्ने, पहलमा गतिशील, प्रयत्नमा सिर्जनशील भएको हुनाले सापेक्षतामा विद्यार्थी सधैँ अग्रगमन र क्रान्तिका पक्षमा हुने गर्दछ । इतिहासमा नेपालमा मुक्तिका लागि भएका सबै सङ्घर्ष, आन्दोलन र क्रान्तिमा सामान्य सहयोग र समर्थन मात्र होइन, कयौँ योद्धाहरूको बलिदानीसमेत बेहोरेर ऐतिहासिक भूमिका निर्वाह गरेको विद्यार्थी आन्दोलनको एकीकृत जनक्रान्तिमा प्रमुख कार्यभार हुनेमा कुनै शङ्का छैन ।

### एकीकृत जनक्रान्ति

एकीकृत जनक्रान्ति विश्वमा र नेपालमा विकास भइरहेको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक उत्पादन सम्बन्धले विकास भएको नयाँ विशेषताहरूका आधारमा नेपाली विशेषता र मौलिकता बोकेको नेपाली वर्गसङ्घर्षको नयाँ मोडेल हो । मालेमावादी दर्शनका आधारमा दुनियाँ बुझ्ने र बदल्ने मात्र होइन, बदलिएको दुनियाँको रक्षा र विकास गर्ने कार्यदिशा एकीकृत जनक्रान्ति विश्व र नेपाल कम्युनिस्ट आन्दोलनका सकारात्मक तथा नकारात्मक शिक्षाहरूको संश्लेषणका आधारमा विकास गरिएको छ ।

नेकपाका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' का अनुसार एकीकृत जनक्रान्ति पुरानोको निरन्तरतामा एउटा क्रमभङ्ग, एउटा छलाङ हो । यसले विश्वमा र नेपालको कम्युनिस्ट आन्दोलनमा एउटा नयाँ बहस छेडेको छ । क्रान्तिकारी युवाहरूमा नयाँ आशा जगाएको छ । साम्राज्यवादी र दक्षिणपन्थी प्रतिक्रियावादीहरूमा हलचल पैदा गरेको छ । एकीकृत जनक्रान्ति साम्राज्यवादको शोषण-उत्पीडन र नेपाली क्रान्तिमा देखिएको विचलन र प्रतिक्रान्तिविरुद्धको निरन्तर क्रान्तिको मार्गनिर्देशन हो । यो शोषित उत्पीडित श्रमजीवी र सर्वहाराको मुक्तिमार्ग पनि हो । एकीकृत जनक्रान्ति यान्त्रिक, जडसूत्रीय चिन्तन, दक्षिणपन्थी, संशोधनवादी र अवसरवादी चिन्तनले विश्व-कम्युनिस्ट आन्दोलनमा पैदा भएको समस्याहरूको समाधानको नयाँ खोज हो । यो कार्यदिशा मालेमाका आधारमा निम्न नयाँ विशेषतामा आधारित रहेको छ :

१) नगर समाजको विकास
२) नयाँ श्रमिक वर्गको विकास
३) विज्ञान र प्रविधिको विकास
४) मिश्रित सामाजिक चरित्र
५) भूपरिवेष्ठित देश
६) देशभक्त शक्तिको उपस्थिति
७) सत्ताको दलाल पुँजीवादी चरित्र

### क्रान्तिकारी विद्यार्थीका कार्यभार

सामाजिक वर्गसङ्घर्ष, राजनीतिक आन्दोलनले विद्यार्थी आन्दोलनलाई प्रभावित गर्दछ । क्रान्तिकारी विद्यार्थी आन्दोलनले नेपालका हरेक सङ्घर्ष, आन्दोलन र क्रान्तिको अग्रदस्ताका रूपमा आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्दै आएको इतिहास साक्षी छ । एकीकृत जनक्रान्तिमा पनि सङ्गठनका तत्कालीन केन्द्रीय सदस्य कमरेड प्रज्वलको बलिदानीसमेत बेहोर्दै, जेल, हिरासत मोर्चामा सङ्घर्ष गर्दै अग्रभागीय मोर्चाका रूपमा भूमिका निर्वाह गरिरहेको छ । उल्लिखित एकीकृत जनक्रान्तिका विशेषताहरूका आधारमा क्रान्तिकारी विद्यार्थीको निर्णायक भूमिकाको माग गरेको देखिन्छ । विद्यार्थी आन्दोलनका केही नियमित कार्यभार, विश्व र नेपालमा विकास भएका केही नयाँ विशेषताहरूका आधारमा विशिष्ट कार्यभार पनि रहेको छ । यसलाई निम्नानुसार चर्चा गरौँ :

#### क) नियमित कार्यभार

#### १) वैज्ञानिक दृष्टिकोणको निर्माण र प्रतिबद्धताको कार्यभार

सर्वप्रथम विद्यार्थीले क्रान्ति सम्भव देख्नुपर्छ र क्रान्तिमा प्रतिबद्ध हुनुपर्छ । समाजमा रहेको वर्गीय विभेदहरूको हल नहुँदासम्म क्रान्ति अनिवार्य हुन्छ र क्रान्तिको सम्भावना रहिरहन्छ । क्रान्तिको माध्यमबाट मात्र शोषित, उत्पीडितको मुक्ति सम्भव छ । राष्ट्र स्वाधीन बन्न सक्छ । तसर्थ क्रान्ति सम्भव छैन, आवश्यक छैन भन्ने सोचाइहरू र समाजमा रहेका रूढिवादी चिन्तनबाट माथि उठेर मालेमावादी वैज्ञानिक दृष्टिकोण निर्माण गर्नुपर्छ । आजको समयको वैज्ञानिक दृष्टिकोण मालेमावाद हो । सम्भव भएसम्म सबै विषयको ज्ञान राख्दा राम्रो हुन्छ तर मालेमावादसँग सम्बन्धित पुस्तकहरूको अनिवार्य अध्ययन आवश्यक छ । गरिएको अध्ययनलाई नियमित छलफल र बहसमा लैजानुपर्छ । नियमित प्रशिक्षण, स्कुलिङ सञ्चालन गर्नुपर्छ । हामी विद्यार्थी विचारमा स्पष्ट र क्रान्तिमा प्रतिबद्ध भएर मात्र दक्षिणपन्थी, प्रतिक्रियावादी, नवसंशोधनवादी, जडसूत्रवादी, अराजकतावादी र मूलतः उत्तरसाम्राज्यवादको षड्यन्त्रलाई विचारधाराको तहमा परास्त गर्न सक्छौँ । विचारमा स्पष्ट र क्रान्तिमा प्रतिबद्ध भएर मात्र, पहलमा गतिशील र सिर्जनशील भएर मात्र एकीकृत जनक्रान्तिको कार्यभार पूरा गर्न सकिन्छ ।

#### २) व्यापक र बलियो सङ्गठन निर्माण गर्ने कार्यभार

अहिले नेपालमा करिब ९० लाख विद्यार्थी छन् । हामीले बहुसङ्ख्यक विद्यार्थीमा पुगेर सङ्गठित गर्नुपर्छ । जहाँ विद्यार्थी त्यहाँ सङ्गठन निर्माण गर्ने प्रयत्न र पहल गर्नुपर्छ । सङ्गठित विद्यार्थीलाई नियमित प्रशिक्षण, स्कुलिङमार्फत विचारमा स्पष्ट गराई प्रतिबद्ध बनाएर सङ्गठनलाई बलियो बनाउनुपर्छ । विद्यार्थीले गर्ने सङ्घर्ष, कार्यक्रम, कार्यशैली र आचरणका आधारमा पनि जनताले पार्टीको मूल्याङ्कन गर्ने र धारणा बनाउने गरेको पाइन्छ । यसर्थ विद्यार्थीले गर्ने बहस, व्यवहार, अभिव्यक्तिले अभिभावकहरूलाई समेत पार्टी नेतृत्व र पार्टीका विषयमा सकारात्मक/नकारात्मक प्रभाव पार्न सक्छ, धारणा बनाउने हुन्छ । त्यसैले हामी विद्यार्थीले अभिव्यक्तिमा मिठास, व्यवहारमा शालीनता र कार्यशैलीमा सरलता ल्याउने विषयमा असाध्यै सचेत हुनुपर्छ । हामीले व्यापक र बलियो सङ्गठन बनाउनुका साथै पार्टीलाई अप्ठ्यारो परेको बेला सबैभन्दा अगाडि उभिनु र पार्टीलाई आवश्यक परेको बेला क्याम्पस र विश्वविद्यालयलाई मुक्तियोद्धाको ब्यारेकमा समेत रूपान्तरण गर्न सकियो भने हामीले महत्वपूर्ण कार्यभार पूरा गर्न सक्छौँ ।

#### ३) सङ्घर्षलाई व्यापक बनाउने कार्यभार

हामीले निर्माण गरेको सङ्गठनको अभिव्यक्ति सङ्घर्षमा गर्नुपर्छ । विद्यार्थी भन्नासाथ शिक्षा क्षेत्रसँग सम्बन्धित हुन्छ तर विद्यार्थीका लागि शिक्षा क्षेत्रका अलावा जनताको जनजीविका, राष्ट्रियता र जनतन्त्रका विषय पनि सङ्घर्षका विषयहरू हुन् । जनता र राष्ट्रलाई सङ्कट पर्दा सबैभन्दा पहिला बोल्ने र प्रतिक्रिया दिने जुझारु सङ्गठन निर्माण गर्नुपर्छ । हामीले गर्ने हरेक सङ्घर्षलाई राजनीतिक क्रान्तिसँग एकाकार गर्नुपर्छ । राजनीतिक क्रान्तिको अभावमा हाम्रो सङ्घर्ष केवल सुधारको आन्दोलनमा सीमित हुन पुग्छ । हामी सम्भौताहीन सङ्घर्षका लागि तयार हुनुपर्छ । हामीले गर्ने सङ्घर्षलाई जुझारु बनाउनुका साथै व्यापक बनाउनुपर्छ । भनिन्छ, हजारौँ शब्दको अभिव्यक्ति एउटा व्यवहारले गर्दछ । यसर्थ हामीले गर्ने सङ्घर्षले पार्टीको नीति र विचारलाई बुझाउन सहयोग पुग्नेछ । हामीले सङ्घर्ष गर्दा कयौँ जटिलता र कठिनाइ आउन सक्छन् तर हामी बलिदानका लागिसमेत प्रतिबद्ध बन्न सक्नुपर्छ ।

#### ४) व्यापक प्रचारप्रसार गर्ने कार्यभार

नेपालमा करिब ९० लाख विद्यार्थी छन् । नेपालका प्रायः हरेक घरमा विद्यार्थी छन् । हामीले ठीक ढङ्गले पहल लियौँ भने हरेक परिवारमा पार्टीको नीति, विचारलाई पुऱ्याउन र बुझाउन सकिन्छ । प्रचारलाई समयानुकूल सिर्जनात्मक र गतिशील बनाउनु विद्यार्थीको कार्यभार हो । प्रचार गर्दा कम समयमा, कम खर्चमा बढी प्रभावकारी र बहुसङ्ख्यक जनताका बीचमा पार्टीको विचारको प्रचार गर्ने र नेतृत्वलाई स्थापित गर्न सक्नुपर्छ । सूचनाप्रविधिको चरम विकास भएको आजको भूमण्डलीकृत विश्वमा सूचनाप्रविधिको उपयोग गरेर पार्टीको विचार र नेतृत्वलाई नेपालमा मात्र होइन, विश्वमा स्थापित गराउन सकिन्छ । हामीले गर्ने प्रचारले जनतालाई शिक्षित गर्नुपर्छ । जागरण पैदा गर्नुपर्छ । क्रान्तिकारीहरूमा ऊर्जा भर्नुपर्छ र क्रान्तिविरोधीहरूको होस उड्नुपर्छ । अन्यथा हाम्रो प्रचार औपचारिकतामा मात्र सीमित हुन पुग्नेछ ।

#### ख) विशिष्ट कार्यभार

१.गाउँ र सहर, सर्वहारा र नयाँ श्रमजीवीलाई एकीकृत गर्न सहयोग गर्ने कार्यभार

शिक्षा, स्वास्थ्य, व्यापार, प्रशासनिक सम्बन्ध, यातायात, सूचना-सञ्चारका आधारमा गाउँ र सहरबीचको दूरी घटेको, गाउँ र सहरमध्ये कुनै एकलाई प्रमुख आधार बनाएर अबको क्रान्ति नहुने र गाउँ र सहरलाई एकीकृत गर्नुपर्ने संश्लेषण पार्टीले गरेको छ । गाउँका विद्यार्थी सहरमा पढ्छन् । यसर्थ गाउँको सापेक्षतामा सहरमा विद्यार्थी सङ्गठन बलियो हुन्छ । जिम्मेवारीका हिसाबले विद्यार्थी सहरमा भए पनि उसको सम्बन्ध गाउँमा पनि हुन्छ । यसर्थ हामीले विद्यार्थीको सहरको जिम्मेवारी र गाउँको सम्बन्धबीचको कडीलाई जोडेर संरचना विकास गर्नुपर्ने आवश्यकता उत्पन्न भएको छ जुन संरचनाले सहरमा सङ्गठनको जिम्मेवारी पूरा गर्नुका साथै गाउँमा जाँदासमेत पहल लिन सहज बनोस् ।

पार्टीले नयाँ श्रमजीवी वर्गलाई एकीकृत जनक्रान्तिको नयाँ विशेषताका रूपमा संश्लेषण गरेको छ । नयाँ श्रमजीवी वर्ग आफैँमा कुनै मालिक पनि होइन र परम्परागत मजदुर पनि होइन । यो वर्ग प्रत्यक्ष श्रम गर्दछ र परम्परागत मजदुरको तुलनामा बढी पैसा कमाउँछ । यो वास्तवमा दक्ष श्रमशक्ति हो । यो वर्गमा मुख्यतः डाक्टर, पाइलट, इन्जिनियर, प्रोफेसर, वकिल, कर्मचारी, मझौला खालका व्यापारी-व्यवसायी पर्छन् । यो वर्गको मुख्य चरित्र प्रगतिशील र अग्रगामी देखिन्छ । साथै राजनीतिक हिसाबले पनि यो वर्गको भूमिका अग्रस्थानमा छ । यो वर्गसँग प्रत्यक्ष-परोक्ष रूपमा सबैभन्दा बढी विद्यार्थी सम्बन्धमा हुन्छ । प्रोफेसरले विद्यार्थीलाई पढाउँछन् । विद्यार्थी डाक्टर, इन्जिनियर, पाइलट, वकिल बन्छन् । यस्ता यावत् उदाहरणहरू छन् । यो वर्ग अलि बहस, छलफल गर्न रुचाउने हुन्छ र यो भूमिका विद्यार्थीले राम्रोसँग निर्वाह गर्न सक्छ । हामीले ठीक ढङ्गले सङ्गठन र छलफल गऱ्यौँ भने यो वर्गलाई क्रान्तिमा जोड्न हामी नै सबैभन्दा प्रभावकारी बन्न सक्छौँ ।

#### २.विज्ञान र प्रविधिसँग जोड्ने कार्यभार

एकीकृत जनक्रान्तिको विशेषताको रूपमा पार्टीले विज्ञान र प्रविधिको चरम विकासलाई पनि संश्लेषण गरेको छ । भनिन्छ, आजको युग विज्ञानप्रविधिको युग हो । विज्ञानप्रविधिको अभावमा अबको क्रान्ति असम्भवजस्तै छ । मानिसहरूको व्यवहार, दैनिकी र सोचाइहरू पनि प्रविधिबाट नियन्त्रित छ । विज्ञानप्रविधि आजको समयमा मानवजीवनमा अनिवार्य भएको छ । सापेक्षतामा विद्यार्थी नै बढी अहिले विकास भइरहेको विज्ञान र प्रविधिसँग अभ्यस्त हुने र भइरहेको सन्दर्भमा हामी एकीकृत जनक्रान्तिको आवश्यकतामा आईटी सेनाको भूमिका निर्वाह गर्न सक्नुपर्छ । पार्टी र क्रान्तिलाई आवश्यक पर्ने विज्ञान र प्रविधिमा सबैभन्दा बढी योगदान विद्यार्थीले नै गर्नुपर्छ । विज्ञान र प्रविधिको जनशक्ति विद्यार्थीमा नै छ र हामीले त्यस्ता विद्यार्थीलाई प्राथमिकतामा सङ्गठित गर्ने प्रयत्न गर्नुपर्छ । हामी सबैले आजको सापेक्षता न्यूनतम् प्राविधिक दक्षता हासिल गर्न मेहनत गर्नुपर्छ ।

#### ३) नयाँ खोज-अनुसन्धान गर्ने कार्यभार

विद्यार्थी चाहनाले नयाँ चीजको खोजी गर्ने र पहलमा गतिशील हुने हुँदा विश्वमा र नेपालमा दिन-प्रतिदिन विकास भइरहेको नयाँ विषय, घटना, प्रवृत्तिको व्यापक र सूक्ष्म अनुसन्धान गरेर पार्टी र नेतृत्वलाई सुझाव र सूचना दिनुपर्छ । अध्ययन गर्नुपर्ने विषय विश्वमा अथाह छन् । नेतृत्वलाई सबै विषय अध्ययन गर्न असम्भव हुन्छ । तसर्थ हामीले नयाँनयाँ विषय अध्ययन गरेर नेतृत्वलाई समृद्ध गर्न मद्दत गर्नुपर्छ । हामी अनुसन्धानमा सिर्जनशील बन्न सक्नुपर्छ । आजभोलि विद्यार्थी भइरहेको विषयमा अभ्यस्त भइरहेको भए पनि नयाँ विषयको खोजी गर्ने मेहनत गरेको खास देखिँदैन । क्रान्तिकारी विद्यार्थीले नयाँ विषयहरूको अनुसन्धान गरेर नेतृत्वलाई सहयोग गर्नु आजको विशिष्ट कार्यभार हो ।

### निष्कर्ष

एकीकृत जनक्रान्ति क्रान्ति असम्भव र अनावश्यक देख्नेहरूका लागि गतिलो जवाफ हो । कम्युनिस्ट आन्दोलनमा देखिएको रक्षात्मक मनोविज्ञान र निराशाहरूको हल हो । बदलिएको परिस्थितिमा अनिवार्य विकास गर्न आवश्यक दर्शनमा विकास हो । प्रतिक्रान्तिका विरुद्ध जेहाद छेड्नु र निरन्तर क्रान्तिको मार्गमा हिँड्नु क्रान्तिकारी विद्यार्थीको प्रमुख कार्यभार हो । पार्टीलाई सङ्कट पर्दा सबैभन्दा अगाडि उभिएर र बलिदानका लागिसमेत तयार भएर मात्रै हामी हाम्रो ऐतिहासिक कार्यभार पूरा गर्न सक्छौँ । क्रान्तिको मार्ग कठिन भए पनि क्रान्ति आवश्यक छ र सम्भव छ । क्रान्तिको यात्रामा व्यक्तिमा आउने सङ्कट र अवसर अस्थायी कुरा हुन् तर क्रान्ति स्थायी समाधान हो । वैज्ञानिक समाजवादका लागि एकीकृत जनक्रान्तिमा क्रियाशील र जुझारु बनौँ, मानव जातिको सुनौलो भविष्य सन्निकट छ ।

*(लेखक अखिल क्रान्तिकारीका नवनिर्वाचित महासचिव हुन् ।)*

---

## मंसिर ८ गते ....

२०६९ सालमा पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन नेकपा (एकीकृत माओवादी) बाट विद्रोह गरी मोहन वैद्य 'किरण' नेतृत्वमा नेकपा-माओवादी गठन भएको दुई वर्षसम्म क्रान्तिको नयाँ कार्यदिशा तय हुन नसकेपछि २०७१ साल मङ्सिर ८ गते विप्लवको नेतृत्वमा नेकपा पुनर्गठन भएको दिनलाई नेकपाले पार्टी पुनर्गठन दिवसका रूपमा मनाउँदै आएको छ । केपी ओली-पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछिका दुई वर्ष नेकपाले प्रतिबन्धित अवस्थामै पार्टी पुनर्गठन दिवस मनाएको थियो । प्रतिबन्ध फुकुवा भएपछि यो वर्ष ने कपाले विशेष महत्वका साथ आठौँ पार्टी पुनर्गठन दिवस मनाउन थालेको हो ।

## नेपाल बन्दको ....

फिर्ता लिन माग गरेको हो ।

नेकपाले मूल्यवृद्धिविरुद्ध आन्दोलनमा हो मिन र मूल्यवृद्धि फिर्ता नभएसम्म सङ्घर्ष जारी राख्न आह्वान नै गरेको थियो । पार्टीले सरकारले पेट्रोलियमलगायत सम्पूर्ण क्षेत्रमा गरे को मूल्यवृद्धिको प्रतिवाद गर्न र कात्तिक ३० गते आह्वान गरिएको नेपाल बन्द भव्य रूपले सफल पार्न आमजनसमुदायलाई अपिल गरेको थियो । 'पेट्रोलियम र सम्पूर्ण क्षेत्रमा भएको मूल्यवृद्धिको प्रतिवाद गरौँ ! यही कात्तिक ३० गतेको नेपाल बन्द भव्य रूपले सफल पारौँ !!' शीर्षकमा पर्चा जारी गर्दै नेकपा केन्द्रीय समितिले सरकारले एक महिनाभित्रै पेट्रोलियम पदार्थमा ९ पटक र एलपी ग्याँसमा ४ पटकसम्म मूल्यवृद्धि गरेको, पछिल्लोपटक पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रूपैयाँ (हवाई इन्धनमा ५ रूपैयाँ) र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रूपैयाँका दरले मूल्यवृद्धि गरे को र यसले सम्पूर्ण क्षेत्रमा मूल्यवृद्धि हुने तथा जनताको क्रयशक्ति घट्ने र मुद्रास्फीती भन्नै बढ्ने भएकाले मूल्यवृद्धिविरुद्ध आह्वान गरिएको नेपाल बन्दलगायत आन्दोलनका कार्यक्रम सफल बनाउन जनसमुदायलाई आह्वान गरेको थियो । सरकारले बढाएको मूल्य फिर्ता नलिएसम्म सङ्घर्ष जारी राख्न पनि नेकपाले आह्वान गरेको थियो ।

नेकपा केन्द्रीय समितिले जारी गरेको प्रचार सामग्रीमा भनिएको छ, 'न्यायप्रेमी जनसमुदाय, जनताको दैनिक जीवन निर्वाहसँग जोडिएको आर्थिक मामिलाको मानक मानिने पेट्रो लियम पदार्थ, खाद्य पदार्थलगायत आधारभूत आवश्यकताका वस्तुमा सरकारले निरन्तर मूल्यवृद्धि गर्दै आएको छ र देश महँगीको आतङ्कले त्राहिमाम छ । एक महिनाभित्रै पेट्रोलियम पदार्थमा ९ पटक र एलपी ग्याँसमा ४ पटकसम्म मूल्यवृद्धि गरिएको छ । पछिल्लोपटक पेट्रोलियम पदार्थमा प्रतिलिटर ३ रूपैयाँ (हवाई इन्धनमा ५ रूपैयाँ) र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रूपैयाँका दरले मूल्यवृद्धि गरिएको छ । यसले सम्पूर्ण क्षेत्रमा मूल्यवृद्धि हुने, जनताको क्रयशक्ति घट्ने र मुद्रास्फीति भन्नै बढ्नेछ । चामल, पिठो, दाल, खाने तेल, चिनीजस्ता खाद्य पदार्थमा कति मूल्यवृद्धि भयो भन्ने कुनै हिसाब छैन ।'

अगाडि भनिएको छ, 'मूल्यवृद्धिले सम्पूर्ण तहका श्रमजीवी जनताको जीवन अथाह सङ्कटतिर धकेलिएको छ । आयल निगमले मूल्यवृद्धि गर्नुपर्ने भनी सार्वजनिक गरेको दलिल पारदर्शी र तथ्यपरक छैन । लोड-अनलोडमा टाइम चिटिङ गरिएको छ । इन्डियन आयल निगमले एकतर्फी मूल्य निर्धारण गर्दछ । सीमामा भएको पेट्रोलियम पदार्थ तस्करीको भार जनतालाई थोपर्ने गरिन्छ जब कि सीमा नियमन गर्नु सरकारको दायित्व हो । डलरको मूल्य बढेको सरकारी दलिल झुठो हो । वास्तविकता त नेपाली मुद्राको मुद्रास्फीति भएको हो । यसलाई रोक्ने कुनै योजना छैन । भारतमा कतिमा किनिन्छ भन्ने पारदर्शी सूचना सार्वजनिक गरिएको छैन । वास्तविक घाटा कति हो र चुहावट कति हो ? पारदर्शी छैन । घाटाको वास्तविक कारण र समाधानको भरपर्दो छानबिन छैन । डिलरको कमिसन घटाउन र पारदर्शी मूल्य निर्धारण संरचना आवश्यक छ । मूल्य स्थिरीकरण शाखाको भूमिका देखिन्न । आयल निगम घाटामा जाने, कर्मचारीले लाभांश लिने मात्र होइन, विभिन्न शीर्षकमा सुविधा लिने र त्यसको व्ययभार जनतामाथि थोपरिएको छ । भ्रष्टाचार, चुहावट, अनियमितता, अनावश्यक कर कटौती गर्दा मात्र पनि धेरै हदसम्म मूल्य घटाउन सकिन्थ्यो । सरकार रमिते र संवेदनाहीन छ । त्यसैले यस्तो सरकारी ज्यादतीका विरुद्ध कात्तिक ३० गतेको नेपाल बन्दमा ऐक्यबद्धता प्रकट गर्न र मूल्यवृद्धि फिर्ता नगरिएसम्म सङ्घर्ष जारी राख्न सम्पूर्ण न्यायप्रेमी जनसमुदायमा हार्दिक अपिल गर्दछौँ ।'

**सम्भव मास्के 'युगीन'**

# एकीकृत जनक्रान्ति र अनुशासन

**१। आमुख**

अनुशासन भन्नाले आफू रहेबसेको घर, परिवार, समाज, संस्थामा प्रचलित मूल्य मान्यताअनुसारको बानी, व्यवहार आचरण र कार्यशैलीलाई बुझिन्छ। यो मानसिक, शारीरिक र मनोवैज्ञानिक अवस्था, मनोवृत्ति र प्रवृत्तिमा भर पर्छ। अनुशासन वातावरणबाट समेत प्रभावित हुन्छ। यो सम्पूर्ण जीवविज्ञान, भौतिक विज्ञान र प्रकृतिसँग समेत अन्तरसम्बन्धित छ। यी सबै पक्षलाई आफ्नो परिस्थितिअनुसार उपयोग गर्ने मानव समुदायका लागि त झन् अत्यावश्यक छ। अनुशासनले हामीलाई परिपक्व, सोच्न, कार्य गर्न र जिम्मेवार निर्णयहरू लिन सक्षम गर्दछ। यसले हामीलाई आत्मसञ्चालित, आत्मनियन्त्रित र आत्मनिर्देशित व्यक्ति बनाउँछ। यसले हामीलाई जिम्मेवार र प्रधान व्यक्ति बनाउँछ। अनुशासनले एक व्यक्तिलाई सफल पार्नका लागि प्रेरित गर्न र उसको जीवनमा प्रगति गर्न ठूलो र महत्वपूर्ण भूमिका निर्वाह गर्छ। अनुशासन क्रान्तिकारीहरूको मुख्य हतियार हो।

एकीकृत जनक्रान्ति सफल पार्न पार्टीपङ्क्तिमा फलामे अनुशासन, कम्युनिस्ट अनुशासन अक्षरशः लागू गर्नुपर्छ। हाम्रो एकीकृत जनक्रान्ति तब मात्र अगाडि बढ्छ जब प्रतिबद्ध, अनुशासित सदस्यहरूको लामबद्ध टिम हुन्छ। क्रान्तिकारीहरूले सधैँ ख्याल गर्नैपर्ने कुरा भनेकै अनुशासन हो। एउटा अनुशासित कम्युनिस्ट सदस्यले पार्टीको विधि, पद्धति अनुसरण गर्नैपर्छ। कम्युनिस्ट नेता-कार्यकर्ताहरूले पार्टीको नीति, विधिलाई कार्यान्वयनका सन्दर्भमा सधैँ तदारुकता साथ अगाडि बढाउन अनुशासित भएर लाग्नुपर्छ। जब हामीले एकीकृत जनक्रान्तिको बाटोमा जाने उत्साह देखाउँछौँ, पार्टीको सही राजनीति, कार्यदिशा र सिद्धान्तलाई पूरा लागू गर्ने सुनिश्चित गर्न हामीले सर्वहारावादी अनुशासनको सम्मान पनि गर्नैपर्छ।

हामी नेपाललाई स्वाधीन बनाउन चाहन्छौँ। अहिले देश एकदमै सङ्कटग्रस्त अवस्थामा छ। यस्तो परिस्थितिबाट हामी यो देशलाई दलालहरूबाट मुक्त गर्न चाहन्छौँ। विदेशीहरूको हस्तक्षेपको चङ्गुलबाट निकाल्न चाहन्छौँ। त्यसकारण हामीले एउटा सङ्कल्प के पनि गरेका छौँ भने जबसम्म यो धर्तीमा दलाल र भ्रष्टहरूको शासनसत्ता अन्त्य नभएसम्म श्रमिक वर्गको सत्ता प्राप्त हुन सक्दैन। त्यसकारण यी भ्रष्ट र दलालहरूलाई सदाका निम्ति लखेट्न पनि हामी सबै न्यायप्रेमी युवा, श्रमिक, मजदुर सबै अनुशासित र एकजुट भएर अगाडि बढ्न आवश्यक छ।

**२। एकीकृत जनक्रान्तिमा अनुशासनको आवश्यकता र महत्व**

नेपाल कम्युनिस्ट पार्टी एउटा अनुशासित पार्टी हो। अनुशासन किन आवश्यक छ भने नेपाली श्रमिक जनताका आवाजहरू पूरा गर्नका निम्ति पार्टीले लिएका कार्यनीति र रणनीतिहरू सफल गर्न अनुशासित र सक्षम सदस्यहरू आवश्यक छ। एउटा अनुशासित सदस्य मात्र पार्टीले अगाडि सारेको योजना कार्यान्वयन गर्न अग्रसर हुन्छ।

अनुशासित र एकताबद्ध पार्टीले मात्र व्यापक श्रमिक जनसमुदायलाई एकजुट पार्न सक्दछ, विशाल तथा बलियो क्रान्तिकारी जनसेना निर्माण गर्न सक्दछ, आफ्ना पार्टीभित्र र बाहिरका दुस्मनलाई पराजित गर्न सक्दछ र एकीकृत जनक्रान्तिको सङ्घर्षमा विजय हासिल गर्दछ। दलाल संसदीय पुँजीपति वर्गको उत्मूलन गर्न र वैज्ञानिक समाजवादसम्म पुग्नका निम्ति सर्वहारा वर्ग र सम्पूर्ण श्रमजीवी जनसमुदायलाई नेतृत्व प्रदान गर्ने योग्यता हासिल गर्न सर्वहारा वर्गको राजनीतिक पार्टी नेपाल कम्युनिस्ट पार्टी सही राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्ति र आफ्नो सङ्गठनको शक्तिमा भर पर्नु पर्दछ। नेपाल कम्युनिस्ट पार्टीको क्रान्तिकारी अनुशासन र कम्युनिस्टहरूको विजय सधैँ घनिष्ट रूपले जोडिएको हुन्छ। यसकारण श्रमिक सर्वहारा वर्ग र कम्युनिस्ट पार्टीको अनुशासनलाई निरन्तर रूपमा बलियो बनाइराख्ने कुरालाई एकीकृत जनक्रान्तिको विजय र निर्माणका निम्ति एउटा अनिवार्य सर्तका रूपमा लिइएको छ। हामीले कम्युनिस्ट अनुशासनलाई पालना गर्ने, त्यसलाई जोगाएर मात्रै एकीकृत जनक्रान्तिको कार्यदिशाको कार्यान्वयन सुनिश्चित गर्नुपर्दछ। हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी सम्पूर्ण श्रमजीवी नेपाली जनताको नेतृत्वदायी केन्द्र हो। त्यसकारण पार्टी अनुशासित भए मात्र हरेक कामका लागि यसको एउटै विचार, एउटै चाहना र एउटै दिशा हुन्छ र एकीकृत जनक्रान्तिको राजनीतिक सिद्धान्त, आर्थिक सिद्धान्त, साङ्गठनिक सिद्धान्तहरूलाई पूर्ण रूपमा लागू गर्न सकिन्छ।

जब हामी अनुशासनको कुरा गर्छौँ, त्यसको अर्थ सिद्धान्तमा आधारित अनुशासन हो। महासचिव क. विप्लवले नेतृत्व गरेको केन्द्रीय समितिको वरिपरि अनुशासित, एकताबद्ध भएर गोलबन्द हुनु हो। अनुशासन भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको कार्यदिशामा आधारित अनुशासन हो भन्ने बुझ्नु पर्दछ। यी सिद्धान्तहरूलाई दह्रोसँग पकडेर मात्रै सिङ्गो पार्टीमा सच्चा कम्युनिस्ट अनुशासन पैदा गर्न र एकीकृत जनक्रान्तिको कार्यदिशा कार्यान्वयन गर्नका निम्ति अगाडि बढ्न सम्भव छ। कम्युनिस्ट अनुशासन आफैँ पैदा हुँदैन, पार्टी विधि र पद्धतिले हुन्छ। समाजमा वर्गहरू र वर्गसङ्घर्ष रहेसम्म पार्टीमा अनुशासित र अराजकबीच सङ्घर्ष अनिवार्य रहनेछ।

**३। एकीकृत जनक्रान्तिमा अनुशासन लागू गर्न कठिनाइहरू**

हरेक सिद्धान्तहरू अक्षर पालना र जीवन व्यवहारमा उतार्न गाह्रो कुरा हो। त्यसैले एकीकृत जनक्रान्तिमा पनि यसका विधि, पद्धति लागू गर्ने सन्दर्भहरूमा केही सीमाहरू पक्कै होलान् तर मुख्यतः अक्षरशः पालना नै हुनुपर्छ। यी सवालहरूमा केही पात्रगत सीमाहरूलाई हामीले जरैदेखि उखेलेर फाल्न सक्नुपर्छ। समितिको कुराभन्दा समितिबेगरका कुरा बढी प्राथमिकतामा पर्ने, चिनजानका आधारमा अन्य सम्बन्धजस्ता केही पात्रगत समस्यहरूका कारण अनुशासन कार्यान्वयनको सवालमा कहिलेकहीँ कठिनाइहरू उत्पन हुने गर्दछ। भूगोलअनुसार, भाषा, संस्कृति, जातजातिजस्ता विशिष्ट कारण केही कठिनाइ तथा एकरूपतामा ल्याउन कठिनाई छ।

पार्टीलाई बलियो बनाउने आवश्यक सर्त पार्टीभित्र सङ्घर्षको सही पहिचान हो। हाम्रो पार्टीमा सङ्गठनात्मक रूपले जोडिएको तर वैचारिक रूपमा र अनुशासित रूपले परिपक्व नभएका पनि कतिपय कमरेडहरू हुनुहुन्छ। त्यसकारण पार्टीमा सधैँ दलाल पुँजीवादलाई सहयोग पुग्ने र निम्नपुँजीवादी विचारहरू अभिव्यक्त भैरहन सक्छन्। यसले पार्टीको अनुशासनमा अवरोध पैदा गर्दछ। त्यसमाथि थुप्रै गद्दारहरू, गोप्य दलालहरू, दलाल संसदीय पुजीवादी महत्वाकाङ्क्षीहरू र गैरश्रमजीवी तत्वहरू पनि पार्टीमा घुस्न सक्छन्। यस्ता व्यक्तिहरू पार्टीभित्र घुसेका पुँजीपति वर्गका दलालहरू हुन् र दलालहरूका योजनालाई कार्यान्वयन गर्न र तिनीहरू सधैँ अराजक र पार्टीको अनुशासनलाई ध्वस्त गर्न खोज्छन्। यसले पार्टीमा हुने अराजक अभिव्यक्तिहरू वर्गसङ्घर्षका प्रतिबिम्बहरू पनि हुन् भन्ने स्पष्ट गर्दछ। पार्टी अनुशासनको रक्षा गर्न र पार्टीपङ्क्तिलाई चोखो राख्नका लागि हामीले मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको सिद्धान्तमा आधारित रहेर पार्टीभित्र सक्रियतापूर्वक सङ्घर्ष सञ्चालन गर्नुपर्छ। हाम्रो पार्टीमा घुसेका खराब तत्वहरूका सन्दर्भमा भने तिनीहरूको पूरा भन्डाफोर गर्नुपर्छ, दृढतापूर्वक सङ्घर्ष गर्नुपर्छ र तिनीहरूलाई पार्टीबाट निष्कासन गर्नुपर्दछ। अवसरवाद र संशोधनवादका विरुद्ध हामी निरन्तर सङ्घर्षमा छौँ। अवसरवाद र संशोधनवादविरुद्धको सङ्घर्षका बीचबाट नै हाम्रो पार्टीको विस्तार भएको छ र अराजकतावादविरुद्ध सङ्घर्ष गरेर नै अनुशासित पार्टी बनेको छ। हाम्रो पार्टी श्रमिक तथा सर्वहारावादी पार्टी हो। यो श्रमजीवी तथा सर्वहारावर्गका उन्नत तत्वहरूबाट बनेको हुन्छ र आफ्नो वर्गदुस्मनका विरुद्धको सङ्घर्षमा सर्वहारा वर्ग र क्रान्तिकारी जनतालाई निर्देशन गर्ने बलियो अग्रसर सङ्गठन भएकाले पार्टी सङ्गठनमा अनुशासन र गोपनीयता पहिलो हुनुपर्दछ। एकीकृत जनक्रान्तिलाई वैज्ञानिक समाजवादसम्म पुऱ्याउनका निम्ति हाम्रो पार्टीलाई समाज विकासका नियमहरूलाई आत्मसात गर्न नेपालको क्रान्तिको वर्तमान यथार्थ तथा इतिहासलाई वैज्ञानिक विश्लेषण गर्न, सही कार्यदिशा तथा सही राजनीतिक सिद्धान्तहरूको व्याख्या गर्न, दलाल पुँजीपति तथा अन्य शोषक वर्गहरूमाथि एवम् वाम तथा दक्षिणपन्थी अवसरवादका विरुद्ध सर्वहारा वर्ग र आमक्रान्तिकारी जनतालाई नेतृत्व गर्न सक्षम बनाउने कुरा हो। क्रान्तिकारी सङ्घर्षको १० बर्से जनयुद्ध, शान्तिप्रक्रिया, दुई लाइन सङ्घर्ष, एकीकृत जनक्रान्तिका ८ वर्षका क्रममा पार्टीले धेरै अनुभव, प्रशिक्षण, तथा शिक्षा आर्जन गरेको छ र सबै प्रकारका जटिल सङ्घर्षहरू र कठिन अवस्थाहरूको परीक्षामा बसेको छ। यसको विकास तथा वृद्धि, रक्षा गर्न र यसले देशका सबै भागका जनताको समर्थन र विश्वास आर्जन भइरहेको छ। हामीले अराजकताबाट मुक्त गरी एक अनुशासित पार्टी निर्माण गरेर पार्टीको केन्द्रीकृत नेतृत्वको सम्मान र रक्षा गर्न सक्नु पर्दछ।

**४। निष्कर्ष**

हाम्रो पार्टी झन् शुद्ध, झन् बलियो र सबैभन्दा अनुशासित पार्टी भएको छ। पार्टीमा अनुशासन नरहेमा सदस्यहरू लगामबिनाका घोडाजस्तै हुन्छन् र त्यो सदस्यले पार्टीको योजना सफल गर्न सक्दैन। हामी कम्युनिस्ट पार्टीका सदस्यहरूमा पार्टीको अनुशासन पालना आफूभित्रैबाट हुनुपर्छ।

अनुशासनभित्र नै हाम्रो समग्र आन्दोलनको भविष्य छ। पार्टीमा विधि, पद्धति र अनुशासन राम्रोसँग लागू हुन्छ भने सर्वहारा वर्ग जितनजिक छ। पार्टीपङ्क्तिमा अनुशासन, विधि पद्धति लागू गर्नेमा नेता अनुदार हुन्छ भने हाम्रो जित गाह्रो कुरा पनि हो। प्रचण्ड र बाबुरामहरू कम्युनिस्ट मूल्य, मान्यता र अनुशासनमा बस्दासम्म जनताले माया गरेकै थिए तर आज यिनीहरूको नाम पनि नेपाली जनताले सुन्न चाहन्नन् र आज प्रचण्डहरूको पतनको प्रमुख कारण भनेको नै आफ्नो वर्गीय अनुशासन र मूल्य, मान्यता त्याग्नु हो। त्यसैले हामी कम्युनिस्ट पार्टीका सदस्यहरूको गहना भनेको नै कम्युनिस्ट अनुशासन हो। १० बर्से जनयुद्ध यो सफलतामा पुग्नुको मुख्य कुरा भनेको अनुशासन, त्याग, समर्पण र गोपनीयता नै हो।

आज एकीकृत जनक्रान्तिमा पनि हिजोको जनयुद्धको जस्तो कमरेड्ली भावना, त्याग, समर्पण, उदात्तता, अनुशासित पार्टीपङ्क्ति निर्माण गर्नु आवश्यक छ। हामी विगतको इतिहासबाट पाठ सिक्दै अब अहिले एकीकृत जनक्रान्तिमा सबैभन्दा उत्कृष्ट मानव अनुशासनको विकास गराई मानव सभ्यताको विकासमा ध्यान पुऱ्याउनु आवश्यक छ। हामीमा दर्शन र व्यवहारमा केही अन्तर छ, त्यो भनेको नै अनुशासनको कमी हो। त्यो कमीलाई हामी समाधान गर्न चाहन्छौँ। कसैले समधान गर्न नसकेको विषयको समाधान गर्न चाहन्छौँ। त्यो अनुशासन अनुशासित भएर मात्रै पूर्ति गर्न सकिन्छ। हाम्रो लडाइँ पनि कम्युनिस्ट अनुशासन निर्माणका लागि नै हो। हामीलाई सबैले आशा र भरोसाको केन्द्र मान्नु भनेकै हाम्रो पार्टीको अनुशासन हो। हामीले पार्टी एकरूपतामा ल्याउन, योजना सफल बनाउन र एकीकृत जनक्रान्ति सफल बनाउन अनिवार्य रूपमा कडाइसाथ अनुशासन र गोपनीयतालाई सधैँ शीर्ष स्थानमा राख्नु आवश्यक छ।

---

## जनमतसंग्रहबारे ....

भन्दा उच्च खालको लोकतन्त्रको प्रयोग गर्न पाइन्छ भन्ने बुझ्न जरुरी छ।

दोस्रो, केही विश्लेषक र व्यक्तिहरूले जनमतसङ्ग्रहको प्रस्तावले पूर्वराजावादी, हिन्दुवादी एवम् विखण्डनवादीहरूलाई सहयोग पुऱ्याउँछ। वैज्ञानिक समाजवादका निम्ति जनमतसङ्ग्रह गर्नु उचित हुन्छ वा दिइन्छ भने भोलि राजावादी, हिन्दुवादी र विखण्डनवादीहरूले मागे भने पनि दिनुपर्ने हुनसक्छ जसबाट हालसम्मका उपलब्धिहरू पनि खोसिन सक्छन् वा देश नै टुक्रिने अवस्था आउन सक्छ।

यो तर्क गर्नु भनेको आजको नेपाल, नेपालको अर्थराजनीतिक सङ्कट, नेपाली जनताको चेतना र चाहनालाई एक अंश पनि बुझ्न नसक्नु हुन्छ। यस्तो निष्कर्षपछाडि तथ्य, जनता, आन्दोलनप्रतिको अनविश्वास, हीनता, शङ्का, पूर्वाग्रह, कूपमण्डुकताबाहेक केही हुँदैन। यो बुझाइ 'कताको डोरी कताको गाँठो' जस्तो हुन्छ।

प्रथमतः आजको सङ्कट, जनताको बुझाइ र चाहना यति अन्योलग्रस्त एवम् अन्जान छैन ता कि जनताको सङ्घर्ष र जनमतसङ्ग्रहबाट केका लागि र के छान्ने भन्ने नै जानकारी नभएको होस्। घामझैँ छ- जनताले त राणातन्त्र, पञ्चायततन्त्र, राजतन्त्र, संसद्तन्त्र सबै हेरेर बुझेका छन्। त्यो मात्र होइन, जनताले नयाँ जनवाद-वैज्ञानिक समाजवादका लागि सङ्घर्ष, आन्दोलन, युद्ध, चुनाव सब गरेका छन्। उनीहरूको बुझाइ त आजसम्म प्रगतिशील मानिएको र जनताले बाध्य भएर स्वीकार गरेको संसदीय व्यवस्थासमेत चलेन, सफल भएन, सङ्कटमा गयो। यसको समाधान यो भन्दा पनि अग्रगामी, क्रान्तिकारी राजनीतिक व्यवस्था अर्थात् वैज्ञानिक समाजवाद हो भन्ने प्रस्ट छ। जब जनताले संसदीय व्यवस्थाका विरुद्ध सङ्घर्ष गरिरहेका छन् र निकास वैज्ञानिक समाजवाद बनाएका छन् भने राजतन्त्र, हिन्दुवाद र देश टुक्र्याउने विषय कताबाट जोडिन्छ!

क्रान्तिकारी वर्गको आमूल परिवर्तनकारी चाहना एवम् अग्रगामी सङ्घर्षलाई पश्चगामी प्रवृत्तिसँग कसरी जोड्न मिल्छ ? विषय तेल इन्जिनलाई अणु ऊर्जा इन्जिनमा रूपान्तरण गर्ने चलिरहेको छ भने त्यसमा वाष्प इन्जिन ल्याउने खतरा बढ्छ भन्ने तर्क गर्नु जति हास्यास्पद हुन्छ संसदीय व्यवस्थाको ठाउँमा वैज्ञानिक समाजवाद ल्याइनुपर्छ भन्ने बहसलाई राजतन्त्रसँग जोड्नु कम हास्यास्पद हुँदैन!

यसलाई एकछिन कल्पना नै मानौँ, राजतन्त्र र देश टुक्र्याउनेमा जनमतसङ्ग्रह भएछ रे, के तिनलाई जनताले जिताउँछन् ? यो आजको सङ्कट र निकासका सन्दर्भमा कल्पना गर्न मिल्ने विषय हो! कदापि होइन।

तेस्रो, जनमतसङ्ग्रहमा जाने परिस्थिति छैन, गएमा क्रान्तिकारी शक्तिले जित्ने अवस्था छैन, हारियो भने के गर्ने, परिणाम मान्ने कि नमान्ने ? भन्ने छ। यस प्रश्नमा रुमल्लिनु वा भौँतारिनु भनेको वस्तुतः दलाल पुँजीवादी सत्ता एवम् संसदीय व्यवस्थाको सङ्कट, असफलता र जनचाहनालाई बुझ्न नसक्नु हुन्छ। जनताको चाहना, अपेक्षा जुन गतिमा परिवर्तनतिर मुखरित भइरहेको छ त्यसलाई एकदमै मनोगत तर्कद्वारा सारतः आफ्नै अयोग्यता पकड्न नसक्नुसिवाय केही हुँदैन। कैयौँ विश्लेषणमा किरण र आहुतिहरूको पनि क्रान्तिका लागि वस्तुगत अवस्था तयार छ, आत्मगत छैन भन्ने निष्कर्षका विरुद्ध हुन्छ। वस्तुगत रूपले परिस्थिति छ भने यसको विकल्पमा जनता जाँदैनन् कि, क्रान्तिकारीले जनतालाई बुझाउन र नेतृत्व दिन सकिँदैन कि भन्ने तर्क गर्नु आफैँप्रतिको अनविश्वास एवम् जनताप्रतिको भरोसा टुट्नु हुन्छ।

जनमतसङ्ग्रहको कार्यनीति प्रयोग गर्दा संसदीय पार्टी र पक्षधरले विजय हासिल गरेमा अगाडि बढ्ने मार्ग नै अवरुद्ध हुने अवस्था आउन सक्छ। क्रान्तिकारी शक्तिले हारियो भने मान्ने कि नमान्ने ? यस अर्थमा यो कार्यनीतिले क्रान्तिकारी आन्दोलनको नेतृत्व लिन सक्दैन। यो दृष्टिकोण राख्नेमा किरण र आहुति देखिएका छन्। उनको पार्टीमा काम गरिरहेका मान्छेहरूले यस्तै खालका विश्लेषण गरेर प्रश्न उठाउने र छोटामोटा लेख पनि लेख्ने गरेका छन्।

पहिलो तथ्य त जनमतसङ्ग्रहमा दलाल पुँजीवाद, संसदीय व्यवस्थाले जित्ने र वैज्ञानिक समाजवादले हार्ने भन्ने नै देखिँदैन। आमनागरिकले संसदीय व्यवस्थाको सङ्कट र असफलताबाट निकास खोजिरहेको अवस्थामा दलाल पुँजीवादले नै जित्ने, वैज्ञानिक समाजवादले हार्ने कसरी हुन्छ ? परिवर्तन नै यो सत्ताबाट उत्पीडित जनता (दलित, महिला, जनजाति, मधेसी, मजदुर किसान आदि) ले खोजेका छन् र सङ्घर्ष पनि गरिरहेका छन् भने जनताले नजितेर कसले जित्छ!? मुठीभर दलाल पुँजीपति वर्गले कसरी जित्छ! जित्दैन। के हामी क्रान्तिकारीले जनतालाई आफ्नो व्यवस्थाका बारेमा दलाल पुँजीपतिले जत्ति पनि विश्वास दिलाउने हैसियत राख्दैनौँ ? निःसन्देह राख्छौँ। विदेशी तत्वहरूको चलखेल एवम् हस्तक्षेप भयो वा राज्यसत्ताको दुरुपयोग हुने अवस्था भयो भने त्यो भिन्नै विषय हो। त्यसलाई जनताको हारका रूपमा बुझ्न मिल्दैन। प्रतिक्रान्तिका रूपमा बुझ्नुपर्छ।

दोस्रो, प्रतिस्पर्धा हुँदा कथमूकदाचित् दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाले नै जित्ने सम्भावनालाई मानौँ रे, के गर्ने ? भन्ने सन्दर्भमा हामी स्पष्ट हुनुपर्छ। स्वच्छ प्रतिस्पर्धामै संसदीय व्यवस्था आयो भने जनताको फैसलालाई मान्न हामी हच्किनुपर्ने वा लजाउनुपर्ने केही छैन। खेलको नियम स्वीकार गरेर मैदानमा छिरेपछि जिते मान्छु, हारे मान्दिनँ भन्न कसरी मिल्छ ? मिल्दैन। हामी मान्नेछौँ तर दलाल पुँजीवादी संसदीय व्यवस्थाप्रतिको हाम्रो सैद्धान्तिक, राजनीतिक विचार र मान्यतालाई कायमै राखेर मान्नेछौँ। अर्थात् नयाँ जनमत निर्माणसम्मका लागि सङ्घर्ष गर्दै स्वीकार्नेछौँ। वैज्ञानिक समाजवाद जो सयौँ विशेषताबाट दलाल पुँजीवाद एवम् संसदीय व्यवस्थाभन्दा उत्तम एवम् जनहितकारी छ भने यसलाई जनताले नरोजेको अवस्थामा चुनौती लिन किन तयार नहुने! केही चुनौतीमा पस्न तयार नभएर वा सामना गर्ने मनोबल नभएर कुनै पनि सकारात्मक परिणाम प्राप्त गर्न सकिँदैन। चारैतिर शङ्का र अविश्वास मात्र देख्नेले एक पाइलो पनि चाल्न सक्दैन। गन्तव्यसम्म पुग्ने त कल्पनै नगरे हुन्छ। सिद्धान्तको रटानमा आत्मरति गरेर कार्यनीतिक कुशलताद्वारा पहल लिन र सफलता हासिल गर्न नसक्नु यसैको परिणाम हो। सिद्धान्तलाई कार्यनीतिको गतिमा जोड्न नसक्नेले अनुकूलभन्दा अनुकूल सम्भावनाहरूलाई पनि परिवर्तनसँग जोड्न सक्दैन।

अर्को तर्क जनमतसङ्ग्रह त मार्क्स, लेनिन, माओले कतै भन्नुभएको छैन, यसले मालेमाकै सारमा समस्या त ल्याउँदैन भन्ने तर्क गरेको पनि पाइयो। हो, कम्युनिस्ट आन्दोलनमा यसको प्रयोग जोडतोडले भएको छैन। यद्यपि पूर्वसोभियत सङ्घ र पूर्वीयुरोपका बुल्गेरिया (१९४६ मा) लगायत देशहरूमा वैज्ञानिक समाजवादमा प्रवेश गर्दा प्रयोग भएका छन् जसलाई कम्युनिस्टहरूले चासोका साथ पढ्न जरुरी छ।

यहाँ गम्भीरतापूर्वक ध्यान दिनुपर्ने र ग्रहण गर्नुपर्ने सत्य के छ भने कुनै पनि कार्यनीति पूर्वनेताहरूले प्रयोग गरेको मात्र गर्न हुन्छ वा नयाँ कार्यनीतिको विकास वस्तुसँग नभएर इतिहाससँग मात्र सम्बन्धित हुन्छ भन्ने जसरी सोच्नु गल्ती हुन्छ।

कार्यनीतिहरूको जन्म र विकास तत् समयको वस्तुगत परिस्थिति र क्रान्तिकारीहरूको रणनीतिक लक्ष्यसँग जोडिएर हुन्छ। श्रमिक वर्गका निम्ति हरेक कार्यनीतिको उद्देश्य रणनीतिलाई सघाउने हुनुपर्छ। रणनीतिलाई सघाउने अवस्थामा नै संसद्को उपयोग पनि सम्भव देखिएको हो। कैयौँ पार्टीहरूले त्यसैको नक्कल गर्छु भन्दा सुधारवाद वा सङ्कीर्णवादमा भासिएको पत्तै नपाउने पनि भयो। तर क्रान्तिकारीका लागि त्यो सम्भव भयो र हुन्छ। जनमतसङ्ग्रह पनि एउटा कार्यनीति हो जसको उद्देश्य वैज्ञानिक समाजवादसँग रहँदा मालेमाको रक्षा गर्ने हुन्छ। गर्दैन भने त्यो पुँजीवादको गुलामीमा पतन हुन्छ।

हाम्रा कैयौँ मित्र के बुझ्दैनन् वा कहाँनेर साँघुरिन्छन् र आफ्नै पूर्वाग्रहको सिकार बन्छन् भने संसदीय चुनावको अर्थ न बर्थको आफैँलाई धुलोमा मिलाउने चुनाव उपयोगलाई क्रान्तिकारी देख्छन् तर लाखौँलाख जनतालाई समाजवादका लागि परिचालित गर्ने, जनतालाई आफ्नो व्यवस्थाको छनोट गर्न पाउने जनमतको प्रयोगलाई असम्भव र गलत देख्न पुग्छन्।

समग्रमा भन्दा जनमतसङ्ग्रहको राजनीतिक कार्यनीति नेपालको वर्तमान परिस्थितिमा व्यावहारिक, वस्तुसंगत, अग्रगामी र क्रान्तिकारी रहेको छ। यसले श्रमिक जनताको चाहना र देशको आवश्यकतालाई मात्र अभिव्यक्त गर्दैन अपितु क्रान्तिकारी पार्टी र नेतृत्वको अगुवाइमा जनताको क्षमताले सफल हुने सम्भावनालाई पनि व्यक्त गर्दछ। यसबाट भयभीत, त्रसित कोही छन् भने दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाबाट असीमित मुनाफा बटुलिरहेका वर्ग र तत्वहरू मात्र छन्। केही कूपमण्डुकहरूले बुझ्नुपर्छ- शोषक, मुनाफाखोरहरू भयभीत र त्रसित हुनु भनेको जनताको र क्रान्तिकारीहरूका लागि सुखद कुरा हो।

कार्यनीति हुनुको कारण जनमतसङ्ग्रहको सान्दर्भिकता कहिलेसम्म रहन्छ आजै तोक्न सकिँदैन तर यो एउटा यस्तो कार्यनीति हो जसले मुठीभर शासक एवम् शोषक वर्ग र श्रमिक जनताका बीचमा विशाल ध्रुवीकरण ल्याइछोड्नेछ।

हामी पटक्कै अलमलमा पर्नु हुँदैन- जनमतसङ्ग्रहको कार्यनीतिको औचित्य नेपालमा अहिले प्रबल छ। यो त्यति बेलासम्म कायम रहनेछ जति बेलासम्म यसले समाजवादको निर्माणलाई सघाउ पुऱ्याउने सम्भावना रहनेछ। तसर्थ यो जहिलेसम्म कायम रहन्छ त्यस बेलासम्म हामीले निसङ्कोच र निर्भीकतापूर्वक यसको प्राप्ति र सफलताका लागि सङ्घर्ष गरिरहनुपर्छ।

५) निकासको नेतृत्व कसले गर्ने ?

आन्दोलन एवम् सत्ताको नेतृत्व दृष्टिकोण र विचारसँग अविभाज्य हुन्छ। राज्यको सङ्कट र त्यसको निकासमा पनि यही नियम लागू हुन्छ। जुन वर्ग, शक्ति र नेतृत्वले सबैभन्दा अग्रगामी विचार, नीति र योजना प्रस्तुत गर्छ, वस्तुतः निकासको नेतृत्वको हकदार पनि उही हुन्छ। यद्यपि प्रतिस्पर्धामा आफूलाई श्रेष्ठ भने देखाउनैपर्छ।

आजको सङ्कटलाई कसले निकास दिने भन्ने सन्दर्भमा तीनवटा शक्तिका बीचमा तीव्र प्रतिस्पर्धा चलिरहेको छ :

पहिलो मत र दाबी नेपाल कम्युनिस्ट पार्टीको छ। यो कुनै सतही, अनुग्रह, आग्रह, भावनात्मक मत होइन। यसका पछाडि दलाल पुँजीवादी सत्ता, संसदीय व्यवस्था साथै वैज्ञानिक समाजवादी व्यवस्थाप्रतिको हाम्रो सुस्पष्ट सैद्धान्तिक दृष्टिकोण हो।

वैज्ञानिक समाजवादी व्यवस्थाको आवश्यकताबारे हामीले आज मात्र राखेका होइनौँ। जति बेला नेपालमा कथित दोस्रो संविधानसभाबाट संसदीय व्यवस्था लादिँदै थियो त्यही बेलादेखि यो जनचाहनाविपरीतको प्रतिक्रियावादी व्यवस्था हो। यसले जनताको गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारी, सूचना, राष्ट्रिय स्वाधीनता आदिको जनचाहनालाई पूरा गर्न सक्दैन भन्ने दृष्टिकोण राख्दै आएका थियौँ। त्यसै बेला हामीले यो व्यवस्थाविरुद्ध विद्रोह हुने वा नेपाली जनताले वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिको नयाँ मार्ग अवलम्बन गर्ने धारणा व्यक्त गरेका थियौँ। अन्ततः त्यही भएको छ जे हामीले भनेका थियौँ।

दोस्रो पक्ष हामीले यो सत्ताविरुद्ध विद्रोह गर्‍यौँ र एकीकृत जनक्रान्तिलाई आफ्नै मौलिकतामा अगाडि बढायौँ। आज राज्यसँग वार्ता र ३ बुँदे सहमति भएर प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको प्रस्ताव लिएर जनतामा आएका छौँ जसलाई जनताले भरोसाका साथ हेरिरहेका छन्।

तेस्रो पक्ष नेपाल कम्युनिस्ट पार्टीले अगाडि बढाएका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक प्रस्तावहरूप्रति सारा देशभक्त, प्रगतिशील लोकतन्त्रवादी, वामपन्थी शक्तिहरूको पनि बलियो साथ-सहयोग छ।

चौथो पक्ष श्रमिक जनता, मध्यम वर्ग, वामपन्थी, देशभक्त शक्ति, प्रगतिशील लोकतन्त्रवादी शक्तिहरू पुँजीवादी संसदीय व्यवस्थाद्वारा लादिएको वर्ग, लिङ्ग, रङविभेद समाप्त पार्न वैज्ञानिक समाजवाद उत्तम हुनसक्छ भन्ने आमसहमति बन्नसक्ने बलियो सम्भावना देखापरेको छ।

पाँचौँ पक्ष आजसम्म सबै राजनीतिक वर्ग र पार्टीहरूले विभिन्न खालका राज्यव्यवस्थाहरूको नेतृत्व गरिसकेको र ती कुनै पनि सफल नभएर देशले सङ्कट भोग्नुपरेको स्थितिमा नेपाल कम्युनिस्ट पार्टीले आउँदो परिवर्तनकारी सरकार र व्यवस्थाको नेतृत्व गर्न पाउनुपर्छ भन्ने मत शक्तिशाली छ।

यस्ता आधारबाट निकासको राजनीतिक नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले लिनुपर्छ भन्ने प्रस्ट हुन्छ। परन्तु सहमतिबाट जस्तो कि गोलमेच सम्मेलन, राजनीतिक परामर्शसभा, समीक्षासभाबाट प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रहमा जान तयार हुने हो भने त्यस्तो सङ्क्रमणकालीन अवस्थामा नेतृत्वबारे जड एवम् सङ्कुचित हुने भन्ने हुँदैन। वैकल्पिक उपाय खोज्न र प्रयोग गर्न सकिन्छ।

नेतृत्वको दोस्रो दाबी गर्नेमा संसद्वादी, लोकतन्त्रवादी शक्ति देखिएको छ। पुँजीवादी विचार र वर्गप्रतिनिधिका दृष्टिले नेपाली काङ्ग्रेसले यसको नेतृत्व गरिरहेको छ। यो मत पनि नयाँ, अन्जान र बनावटी मत होइन। मूल रूपले यो शक्ति सामन्तवादविरोधी सङ्घर्षदेखि पुँजीवादी संसदीय व्यवस्थाको नेतृत्व गर्दै आएको शक्ति हो। आफ्नो यथास्थितिवादी, अपरिष्कृत संसद्वादी प्रवृत्तिका कारण अयोग्य एवम् असफल भए पनि यो एउटा प्रतिस्पर्धी धारा हो। यसले निकासको दाबी गर्नुलाई धेरै ठूलो ठान्नु हुँदैन। तर यसले निकासबारे संसद्बाट संसद्मा, पुँजीवादबाट पुँजीवादमा घुमाउने जुन विचार र नीति लिएको छ यो आजको जटिल वस्तुस्थितिमा गलत छ। सामान्य जनताले समेत आमूल परिवर्तन खोजिरहेको अवस्थामा आजकै राज्यव्यवस्थाको विकल्प प्रस्तुत गरेका कारण यसले न निकास दिन सक्छ, न त निकासको नेतृत्व नै दिनसक्छ, सक्दैन।

तेस्रो नम्बरमा नेतृत्वको दाबी पूर्वराजावादीहरूले गरिरहेका छन्। उनीहरूको मतअनुसार संसद्वादको नेतृत्व असफल भएकाले निकास पनि राजतन्त्रसहित हुन्छ र नेतृत्व पनि राजासहितको नै हुनुपर्छ भन्ने रहेको छ। यो मत र दाबी जनचाहना, देशको आवश्यकता र सम्भावनाका दृष्टिले निकै पछि परिसकेकाले नेतृत्व पनि लिने सम्भावना नगण्य छ। क्रमशः

उपन्यास समीक्षा

# जनक्रान्तिका दस्ताबेजसँगै बरामद सामग्री 'सङ्ग्रामपुर'

*कथित शान्तिप्रक्रियाको असफलता, राजनीतिक प्रतिक्रान्ति, महान् जनयुद्धको मुख्य नेतृत्वमा वैचारिक विचलन, आत्मसमर्पण र महापतनपछि पुँजीवादी दलाल संसदीयव्यवस्थाका विरुद्ध आमजनताको विद्रोह गर्न पाउने अधिकार सुनिश्चित गर्न नेपाल कम्युनिस्ट पार्टी र क्रान्तिको पुनर्गठन भएको हो । पुँजीवादी दलाल संसदीयव्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादस्थापना गर्ने एकीकृत जनक्रान्तिको नेतृत्व नेकपाले गरिरहेको छ ।*



पूर्णबहादुर सिंह

## पृष्ठिका

नेपाली महान् जनयुद्ध राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत क्षेत्रमा कायापलट ल्याउने एक समग्र जनक्रान्ति थियो । त्यसले वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिकरूपले शोषण, उत्पीडन र विभेदमा पिल्सिएका आमश्रमिक जनतामा नयाँ जागरण ल्यायो । नयाँ चेतना पैदा गऱ्यो । त्यसलाई साहित्य जगत्मा एक स्वर्णयुग पनि मानिन्छ । त्यसले चेतनाका दृष्टिले सबैलाई ब्युँझायो, हिँडायो र दौडायो । सामन्ती शोषण, उत्पीडन र विभेदबाट मुक्त पनि गऱ्यो । नयाँ स्रष्टाहरू जन्मायो । महान् जनयुद्ध एक सङ्घर्ष, बलिदान र विजयको अमिट इतिहास हो । महान्मार्क्सले सन् १८७१ को मार्चमा पेरिस कम्युनका बारेमा 'आकाशका विरुद्ध धावा बोलेकाथिए' भन्नुभएको थियो । निष्पट्ट अन्धकार रातको जूनकीरी एवम् सहारा मरुभूमिमा पानीको मूल मात्र होइन, किताब दर्शनलाई जीवन दर्शनमा बदल्ने महान् प्रयोग थियो- नेपाली महान् जनयुद्ध । बुलेट र ब्यालेटको फ्युजन नभएर कमरेड माओले चिनियाँ महान् जनयुद्ध मिलेट र बुलेटको योग भनेझैँ पुरानोको ध्वंस र नयाँको निर्माण थियो- नेपाली महान् जनयुद्ध। यद्यपि आज सामन्ती प्रभुको स्थान दलाल पुँजीजीवीहरूले ओगटेका छन् । जनयुद्धको उच्च विकास एवम् पूर्ण विजयका खातिर एकीकृत जनक्रान्ति जारी छ । यसको अद्वितीय लक्ष्य एवम् विकल्प वैज्ञानिक समाजवाद हो ।

४ मङ्सिर, २०७७ सामाजिक दलाल पुँजीवादी सरकारको फासिवादी जनदमनको बेलगाम रबाफमा हुर्मतहारा पुलिसले मलाई बुटवलबाट गिरफ्तार गऱ्यो । करिब दुई घन्टापछि हामीलाई झूट्टा मुद्दामा फसाउने नियतले कहाँबाट कथित विस्फोटक पदार्थसँगै सङ्ग्रामपुर उपन्यास र केही पुस्तकहरू लिएर पुलिस आयो ।हुर्मतहारा पुलिसले सङ्ग्रामपुर उपन्यासलाई पनि कथित बरामद सामग्रीमा राखेको देखेर ममा उनीहरुप्रति उपहास पैदा भयो ।मैले पुलिसको उक्त कार्यको निन्दा गरेको थिएँ ।यसमा चिरपरिचित एक स्रष्टा रभाडाका टट्टुहरूले कथित बरामदको सूचीमा राखेको सङ्ग्रामपुर उपन्यासको छोटो चर्चा गर्नेछु ।

## उपन्यासकारबारे

चिरपरिचित एक स्रष्टा, उपन्यासकार, काव्यकार, कवि, बुद्धिजीवी र योद्धाको अर्को नाम हो- कमरेड अग्निपुञ्ज (डा.शिवशङ्कर बस्याल) । समाजसेवी, कुशल प्राध्यापक र वर्गसङ्घर्षमा श्रेष्ठ विचारयुक्त एवम् उदात्त भावनासहित होमिएको एक योद्धा, स्रष्टा र उपन्यासकार हुनुहुन्छ- कमरेड शिवशङ्कर बस्याल।भयानक विचलन, महापतन र प्रतिक्रान्तिलाई नयाँ क्रान्तिमा पुनर्सङ्गठित गर्ने अभियानका क्रममा हामी परिचित भएका हौँ । केवल उपन्यासकार भएकाले चिरपरिचित होइन, एकीकृत जनक्रान्तिका अभियन्ता र योद्धा हौँ-हामी ।तसर्थकरिब दुई वर्ष लामो समय हामीलाई एउटै भूगोल एवम् समितिमा सहकार्य गर्ने अवसर प्राप्त भयो । वैचारिक स्पष्टता, वर्गीय पक्षधरता, कार्यतत्परता, कुशलता र सरलता उहाँका मूल विशेषता हुन् । 'जनसङ्ग्रामका सन्देशहरू' काव्यले काव्यकार, 'तिम्रा कानुनका फर्मानविरुद्ध' कवितासङ्ग्रहले कवि र 'बबिता','रानीफाल' र 'सङ्ग्रामपुर' उपन्यासहरूलेउपन्यासकार तथा समसामयिक लेखहरूलेख्ने लेखक पनि हुनुहुन्छ कमरेड अग्निपुञ्ज अर्थात् डा.शिवशङ्कर बस्याल।उहाँलाई कसैले अतिरञ्जित उपमा दिइरहनु वाञ्छित छैन । निजी वैभव, ऐसआराम र स्वार्थलाई तिलाञ्जली दिएर दर्शक बन्ने जीवन होइन, जिन्दगीमा एकीकृत जनक्रान्तिका योद्धा बनिरहनुभएको छ । उहाँले प्राध्यापन छोड्नुभयो । देश, जनता र क्रान्तिमा जीवन जोड्नुभयो ।लुसुनले 'म ठान्दछु- सुख-समृद्धिहरूका राम्रा दिनहरू देखिसकेपछि जसलाई दरिद्रताको जीवन बिताउनु पर्दछ, उनीहरूले संसार र समाजको वास्तविकतालाई अति राम्रोसँग हेर्न-बुझ्न सक्छन्' भनेझैँ उहाँले पुरानो समाजले भन्ने गरेका कथित सुख-समृद्धिहरूका राम्रा दिनहरूसँग विद्रोह गर्नुभयो । संसार र समाजको वास्तविकतालाई अति राम्रोसँग हेर्न-बुझ्न सक्ने मात्र होइन, बदल्न प्रेरित गरिरहनुभएको छ ।उहाँ एक सम्भावनायुक्त युवा नेता हो ।कुनै पनि मुलुकमा तबसम्म सक्षम र योग्यहरू उनीहरूबाट शासित हुन विवश भइरहन्छन्, जबसम्म अक्षम एवम् अयोग्यहरूले राजनीतिक नेतृत्व लिइरहन्छन् । नेता बन्नु र नेतृत्व गर्नु फरक छ । 'प्रत्येकलाई क्रान्तिले के बनाउँछ भन्ने थाहा हुँदैन, विशिष्ट रूप दिने र जिम्मेवारी बहन गर्ने हो' भनेर नेताका बारेमा कमरेड गोन्जालोले भन्नुभएको थियो । तसर्थ प्रतिभाशाली, सक्षम र योग्य व्यक्तिहरू मुलुकको नेतृत्वमा आउन जरुरी छ । जहाँ दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको अपरिहार्यता छ ।

## उपन्यास सम्बन्धमा

उपन्यासकार डा..शिवशङ्कर बस्याल (कमरेड अग्निपुञ्ज) द्वारा लिखित 'सङ्ग्रामपुर' उपन्याससङ्घर्ष, बलिदान र विजयको अमिट इतिहास निर्माण गर्न सफल महान् जनयुद्धको केवल शब्दचित्र एवम् पटकथा होइन, जीवनगाथा हो । महान् लेनिनले 'समाजवादी सर्वहारा वर्गका लागि साहित्य व्यक्तिविशेष वा कुनै गुटको लाभको साधन हुन सक्तैन' भनेझैँ 'सङ्ग्रामपुर' उपन्यासमहान् जनयुद्धको साहित्यिक दस्ताबेज र वामपन्थी आन्दोलनको साझा पुँजी हो।दसबर्से महान् जनयुद्ध विशेषतः नेपालको सम्पूर्ण नवीन इतिहास निर्माणको अवधि थियो । मध्ययुगीन विचारधारा,सामन्तवादर साम्राज्यवादविरुद्ध निर्णायक सङ्ग्राम थियो-महान् जनयुद्ध । त्यही सङ्ग्रामको नाम हो-'सङ्ग्रामपुर' । नेपाली महान् जनयुद्धको अभेद्य किल्ला एवम् येनान थबाङको अर्को नाम सङ्ग्रामपुर हो । थबाङ महान् जनयुद्धको येनान हो जहाँका जनताले पञ्चायती सत्ता र राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध निर्णायक सङ्घर्ष गरे । थबाङले आज पनि पुँजीवादी दलाल संसदीय व्यवस्थाका विरुद्ध सङ्घर्ष गरिरहेको छ । सङ्ग्रामपुर एक प्रतीकात्मक गाउँको नाम हो । त्यसैको नामबाट कमरेड अग्निपुञ्ज( डा.शिवशङ्कर बस्याल)ले सङ्ग्रामपुर उपन्यासको नामकरण गर्नुभएको छ ।ॐ श्री अफसेट प्रेस, काठमाडौँको मुद्रण र साहित्य दर्पणद्वारा २०७७ असोजमा प्रकाशित यो उपन्यास २५६ पृष्ठ र पैँसट्ठी अध्यायमा विभक्त छ ।

यस उपन्यासमा समग्र क्रान्तिको एक आदर्श एवम् मुख्य पात्र रूपमान हुन् । सुन्दर सपना र उत्कृष्ट लक्ष्यसहित समीर, दीक्षा, चमेली, उजेली र सुबेदारबा समग्र क्रान्तिमा होमिएका पात्रहरूले नौजवान युवाहरूलाई नयाँ क्रान्तिमा होमिन उत्प्रेरणा दिइरहेका छन् । राजाराम, तोयालगायतक्रान्तिका बाधक पात्रहरूको समुचित संयोजनले यो उपन्यासको आकर्षण मात्र होइन, क्रान्तिकारीहरूलाई एक शिक्षा पनि प्रदान गरेको छ । जनसङ्घर्ष, जनआन्दोलन र मूलतः महान् जनयुद्धमा अभिव्यक्त जनादेशको उपहास र क्रान्तिको सपनामा तेजोबध गर्ने धृष्टता गर्ने धोकेबाज नेतृत्वको भयानकविचलन एवम् महापतनको प्रतिनिधि पात्र पुष्प र प्रेमलाई उपन्यासकारले स्पष्ट रूपमा औँल्याउनुभएको छ ।

लुसुनले 'पिछडिएका र निर्बल देशका मानिसहरूका शरीर जतिसुकै बलिया र स्वस्थ किन नहोऊन्, तिनको उपयोग दण्ड दिनका लागि अथवा दण्ड दिएको तमासा हेर्नका लागि मात्र गरिन्छ । त्यस्ता मानिसहरू रोगले तड्पिएर मर्दछन् भने पनि कुनै दुःखद् कुरा होइन । सबभन्दा महत्वपूर्ण कुरा त मानिसहरूको भावना बदल्नु हो । तब यही लाग्यो, यस उद्देश्यका लागि साहित्य नै सबभन्दा बढी उपयोगी हुन सक्दछ । यस विचारबाट मैले एउटा साहित्यिक आन्दोलन सुरु गर्ने निश्चय गरेँ (लु सुनका उत्कृष्ट कथाहरू, पृष्ठ ७)' मा भनेझैँ कमरेड अग्निपुञ्ज(डा. शिवशङ्कर बस्याल)ले हाम्रो मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिकलगायत शोषण, उत्पीडन र विभेदहरूको कष्टकर जिन्दगीको अवस्था तथा क्रान्ति (महान् जनयुद्ध)मा क्रान्तिकारी आमजनताको सङ्घर्ष, बलिदान र विजयको अमिट इतिहास यो उपन्यासमा जीवन्त ढङ्गले उजागर गरेर मानिसहरूको भावना र विचारमा रूपान्तरण गर्ने महत्वपूर्ण योगदान गर्नुभएको छ । नेपाली साहित्य जगत्मा नयाँ ईँट थप्नुभएको छ ।

उपन्यासकारले 'हामीले अधुरा क्रान्तिको सपनालाई पूरा गर्न एकपटक हतियार उठाउनुको विकल्प छैन समीर कमरेड ! विगतमा क्रान्तिका कुरा अघि बढाउँदै जाँदा काङ्ग्रेसले आपसी लोभ, भ्रष्टाचार र भारतीय शासनको छायामा दरबारसमक्ष आत्मसमर्पण गऱ्यो । एमालेले झापा विद्रोहको उठान गर्दै आफ्नो कदमलाई यो वा त्यो बहानामा बिसाउन पुग्यो । छ्यालीस सालको आन्दोलनसम्म आइपुग्दा रगत बगाउने सहिदहरूको अपमान भएको छ । यो सामन्ती व्यवस्थाको नाइके राजा संविधानभन्दा माथि रहने व्यवस्थालाई शरीरमा बोकेर केवल बहुदलभित्र रमाउनु आत्मसमर्पणसिवाय केही होइन । जनताको आँखामा व्यवस्था बदलियो भन्ने भ्रम पार्न खोजिएको छ । सम्झौतामा टुङ्ग्याइएको यो व्यवस्थालाई लत्याउन एकपटक हतियारबद्ध भएर लड्नेछौँ । हामी अन्तिम विजय नगरेसम्म यो अभियान रोक्नेछैनौँ । (सङ्ग्रामपुर, पृष्ठ ४५, एघार अध्याय'मा जनसङ्घर्ष र जनआन्दोलनको जनादेश एवम् जनअपेक्षाको उपहास भयो । आन्दोलनको लक्ष्य सम्झौताबाहेक अरू केही भएन । सम्झौताले आमजनतालाई धोका एवम् घात भयो ।नेताहरूले सम्झौताका नाममा आत्मसमर्पण गरे तर आमजनताको आँखामा व्यवस्था बदलियो भन्ने भ्रम पार्न खोजिएको छ । अब प्रतिक्रियावादी सत्तामा आमूल परिवर्तनका खातिर महान् जनयुद्धमा होमिनु पर्दछ। हामी अन्तिम विजय नगरेसम्म यो अभियान रोक्नेछैनौँ भन्ने भाव जोडदार रूपले व्यक्त गर्नुभएको छ । 'लेनिनले प्रस्ट भन्नुभएको छ– संसद् खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो । क्रान्तिकारीहरूले विगतमै रछ्यानमा मिल्काएर हिँडेको सिनो हामीले बोक्नुको कुनै अर्थ छैन । संसद्वादले कुनै मन्त्री, प्रधानमन्त्री र सरकारको चयन त गऱ्यो होला तर कम्युनिस्ट सत्ताको यसमा कुनै गन्ध पनि देखिँदैन । बिनासङ्घर्ष र युद्धबिना जनवादी सत्ता जन्मेको विगत छैन । यसमा हामी पूरा सचेत हुनुपर्छ । त्यसैले माओले भन्नुभएको छ– सत्ता बन्दुकको नालबाट मात्र जन्मन्छ'(उही, अध्याय अठार,पृष्ठ ६७)मा उपन्यासकारले संसद्वाद, आत्मसमर्पणवाद र विसर्जनवादको दृढ विरोध महान् जनयुद्धमा त्यसको पुनरावृत्ति नहुने नयाँ सङ्कल्प गर्नुभएको छ ।उपन्यासकारले 'महान् जनयुद्धको दिशामा अघि बढौँ'नारा लेखाइले गाउँभरि तरङ्ग र हल्लीखल्ली थियो । पँधेरा, चौतारामा विभिन्न कुरा हुन्थे ।अब जनयुद्ध हुने भएछ ।सामन्त-फटाहालाई कारबाही गर्छन् रे अब ।गुलेली चलाउन नजान्नेले के बन्दुक चलाउँछन् ?यिनको जनयुद्ध एक महिनामै तह लाग्छ ।' (उही, अध्याय चौध, पृष्ठ ५४) त्यसपछि 'अब माओवादीलाई कसैले जित्न सक्दैन ।' (उही, अध्याय पैँतालीस, पृष्ठ १७१)मा महान् जनयुद्धको विकास एवम् उचाइ उल्लेख गर्नुभएको छ । 'हिजो सातसालमा काङ्ग्रेसले त्यस्तै भन्यो । एमालेले त्यही भनेर पूर्वमा मान्छेका टाउका गिँड्यो । आज हेर त, तिनै नेता जसले कैयौँ वर्ष कारावास भोगे । आज तिनीहरूलाई देशको माटो र सम्पदा नै बेचेर खाने सुर्ता छ । विदेशीका गुलाम बन्ने होडमा छन् । कसैले सोच्न सकेको थियो, हिजोका यी यस्ता खराबमा बदलिएलान् ! तिमीहरूलाई भऱ्याङ बनाउँछन् । भोलि तिम्रा नेता पुष्प-लालध्वजहरू पनि त्यस्तै नहोलान् भन्न सकिन्न । तिमीहरू फगत प्रयोग हुने मात्र हो ।' (उही, अध्याय बाउन्न, पृष्ठ २०३ र २०४) मा उपन्यासकारले संसदीय व्यवस्था, नेतृत्व र प्रवृत्तिको धज्जी उडाउनुभएको छ । साथै जनस्तरबाट उठ्ने प्रश्न र 'हाम्रो नेतृत्वले त्यसरी धोका दिनेछैन । मृत्युबाट आएको यो नेतृत्वले यसरी धोका कदापि दिनेछैन'भनेर प्रतिक्रियावादी हल्लाको एक इमानदार कार्यकर्ताले गरेको प्रतिवादको उल्लेख गर्नुभएको छ । 'यतिबेला महिला धेरै दुःखी भइन् र घोत्लिँदै भनिन्, 'हेर यो समस्या पार्टीभित्र धेरैतिरबाट उठेको छ । अध्यक्षको नजिक रहेका मान्छेले जनसेनाका कतिपय नेतृत्वले चाकडी गर्दै गलत कुराको रिपोर्ट गरेर पार्टीभित्रका सक्षम र इमानदारलाई किनारा लगाइरहेका छन् । यहाँ धेरै मान्छे त्यसरी आएका छन् । सबैको गुनासो त्यस्तै छ । हेर, अध्यक्ष सहिदगेट र सडक उद्घाटनका लागि आउँदै हुनुहुन्छ । म त्यतिबेला तिम्रो पनि कुरा राख्नेछु ।' (उही, अध्याय सन्ताउन्न, पृष्ठ २२२)मा उपन्यासकारले आफ्नो आत्मवृतान्तमा बीपीले गलत सल्लाह दिने सल्लाकारका कारण गल्ती भयो भनेझैँ जनयुद्धकालमा नेतृत्वको नजिक हुने र नेतृत्वको चाकडी गर्दै गलत कुराको रिपोर्ट गरेर पार्टीभित्रका सक्षम र इमानदारलाई किनारा लगाउने प्रवृत्तिको भन्डाफोर गर्नुभएको छ । महान् जनयुद्ध, कथित शान्ति सम्झौता, गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभासम्म पुगेर नेता पुष्प-लालध्वजहरूको आत्मसमर्पण, विसर्जन र महापतन भएको यथार्थ यो उपन्यासले पुष्टि गरेको छ ।'हाम्रा सहिदले पोखेको रगत यो पुँजीवादी संसदीय व्यवस्थाका लागि थिएन जसको सौदाबाजीमा पुष्पलाई प्रधानमन्त्री र प्रेमलाई गृहमन्त्रीको पद मिलोस् । हामीलाई हाम्रै हिजोका कमान्डरविरुद्ध लड्न खुसी होइन, पीडा भएको छ । इतिहासमा नसोचेका निर्मम दृश्य आइपर्दा रहेछन्' (उही, अध्याय पैंसट्ठी, पृष्ठ २५४) मा उपन्यासकारले आत्मसमर्पण, विसर्जन र महापतन मात्र होइन, महान् जनयुद्ध भयानक प्रतिक्रान्तिमा परिणत भएको वास्तविकता उल्लेख गर्नुभएको छ ।' हौसला नछोडौँ कमरेडहरू, मरुभूमिबीचमा पनि सुन्दर फूल फुल्छ । एउटा सपनाको अन्त्य भए पनि अको ' सपनाको सुरुआत गर्नु नै हामी क्रान्तिकारीहरूको जिन्दगी हो । निरन्तर सपना बोक्नेहरू नै विजेता बन्छन्, सपनाकै लिलाम बोल्नेहरू होइन । सजिलो जिन्दगी चाहनेहरू जसले भेडाबाख्राको जिन्दगी रोजिरहेछन् । भोलि तिनैका घाँटीमा पहिलो दाम्लो र पुरानो सत्ताको तरबार बज्रनेछ । यी कठोर परिस्थितिले हामीलाई जरुर प्रहार गरिरहेको छ । हामी विगतको असफलताको पीडाभित्रै नहराऔँ ! नडुबौँ । बरु यहाँबाट उम्केर अघि बढौँ !' (उही, पृष्ठ २५५)मा उपन्यासकारले सपनाको मृत्यु हुँदैन, सपना साकार हुन्छ र निरन्तर नयाँ क्रान्तिमा सबैलाई अघि बढ्न आह्वान गर्नुभएको छ ।

अन्त्यमा, सङ्ग्रामपुर उपन्यासमहान् जनयुद्धको यथार्थ साहित्यिकदस्ताबेज र वामपन्थी आन्दोलनको पुँजी हो । यसले सुन्दर सपना र सर्वोत्कृष्ट लक्ष्यमा नौजवान युवाहरूलाई शिक्षित-दीक्षित तुल्याउँदै नयाँ क्रान्तिमा होमिन उत्प्रेरणा दिइरहेको छ । यो उपन्यास एकपटक सबैले पढौँ । कथित शान्तिप्रक्रियाको असफलता, राजनीतिक प्रतिक्रान्ति, महान् जनयुद्धको मुख्य नेतृत्वमा वैचारिक विचलन, आत्मसमर्पण र महापतनपछि पुँजीवादी दलाल संसदीयव्यवस्थाका विरुद्ध आमजनताको विद्रोह गर्न पाउने अधिकार सुनिश्चित गर्न नेपाल कम्युनिस्ट पार्टी र क्रान्तिको पुनर्गठन भएको हो । पुँजीवादी दलाल संसदीयव्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादस्थापना गर्ने एकीकृत जनक्रान्तिको नेतृत्व नेकपाले गरिरहेको छ । नयाँ क्रान्ति नै एकीकृत जनक्रान्ति हो । नयाँ आशा, पूर्ण विश्वास र दृढतापूर्वक अघि बढौँ । कमरेड अग्निपुञ्ज (डा.शिवशङ्कर बस्याल) लाई हार्दिक बधाई तथा शुभकामना !

कविता

## रातो सलाम !

प्रजिना दर्नाल

अखिल क्रान्तिकारी
युगको चेतना बोकेर आएको
तिम्रो २२ औँ राष्ट्रिय सम्मेलनलाई
रातो सलाम ! रातो सलाम !!

सबैतिर सिनोझैँ गनाइरहेको छ
सडेगलेको दलाल पुँजीवाद ।
डाकिरहेका छौँ लाखौँ विद्यार्थी
ल्याउन जनताको वैज्ञानिक समाजवाद ।

रगतले सिँचिएको तिम्रो इतिहास
त्याग र समर्पणको तिम्रो आदर्श
क्रान्तिकारी मालेमावादी तिम्रो विचार
झुक्दैनौ, अहँ झुक्दै-झुक्दैनौ कहिल्यै तिमी
!

थाकेर बसेकाहरूलाई
बाटो बिराएकाहरूलाई
सम्भावनाको गीत गाएर
जगाउँदै, उठाउँदै, हिडाउँदैछौ तिमी ।

सपना लुटिएका विद्यार्थीहरूका
झरेका सपना आँखाभरि बटुलेर
विश्वासमा पहिरो रोकेका छौ
क्रान्तिको किरण बोकेका छौ ।

कलम र तारा अङ्कित झन्डा बोकेर
जेल-नेलको घेरा जितेर
युगको चेतना, विवेक र लक्ष्यमा
क्रान्तिको झन्डा फहराइरहेका छौ ।

शैक्षिक माफियाले शिक्षा बेचेपछि
दलालहरूले तिम्रो सपनालाई थुनेदेखि
तिमीले भोक-निद्रा त्यागेका छौ
आँसुको भेल तरेर विद्रोहको राँको बाले
का छौ ।

स्कुल, कलेज, विश्वविद्यालय
गाउँ, सहर सबैतिर अखिल क्रान्तिकारी
रातो झन्डा र आँखामा आगो बोकेर
वर्गवैरीका षड्यन्त्रलाई किचिदिनु पैतलामा !

तिमी एक भएर अघि बढ
जुझारु बन, निरन्तर बोल !
जितको चेतनाले ज्यान भरेर बोल
तिम्रो हातमा
समाजवादको भविष्य लेखिएको छ ।
जाग ! अझै जाग !!
उठाऊ हात ! समाऊ झन्डा !
यो गनाउने पुँजीवाद अति भो तिमीलाई
अब अति भो मलाई ।

समाजवादको बिहानी उदाउनेछ ।
स्वागत गर ! शुभकामना !
अखिल क्रान्तिकारी
तिमीलाई रातो सलाम !!
(अखिल क्रान्तिकारीको २२ औँ राष्ट्रिय सम्मेलनका अवसरमा पोखरामा वाचित कविता)

खाद्य व्यवस्था तथा व्यापार कम्पनी

देशमा आईपरेका विपद्का समयमा खाद्यान्न आपूर्ति सहज, सुलभ एवं सुनिश्चित गर्न कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको कुरा २०७२ सालको विनासकारी भुकम्प होस् या विभिन्न समयमा आएका बाढी-पहिरो, सुख्खा-खडेरी, आगलागी होस् या हालै विश्वव्यापी महामारीको रुप लिएको कोभिड १९ निम्त्याएको प्रकोपमा यसले पुऱ्याएको योगदान वा खेलेको भूमिकाले पुष्टि गरेको छ । यस्ता समयमा कम्पनीले खेलेका महत्वपूर्ण भूमिकाहरु :

- खाद्यान्न न्यून उत्पादन हुने दुर्गम जिल्लाहरुमा खाद्यान्न ढुवानी गरी सरल मूल्यमा सहज ढंगबाट खाद्यान्न बिक्री वितरणको व्यवस्था मिलाउने ।
- देशभर रहेका आफ्ना सम्पूर्ण सञ्जालहरु (आवश्यकता अनुसार थप बिक्री केन्द्रहरु समेत) बाट खाद्य वस्तु विक्री/वितरणलाई निरन्तरता दिइएको ।
- स्थानीय निकाय एवं सहकारी तथा डिलरहरुलाई समेत परिचालन गरी खाद्य वस्तुको सुचारु आपूर्तिमा कम्पनी अग्रसर रहेको ।
- उपत्यकाबाट अनलाईन अर्डर लिई होम डेलिभरी सेवा शुरु गरी यो सेवालाई कर्णाली प्रदेशको सुर्खेतमा पनि विस्तार गरिएको र क्रमिक रुपमा अन्य स्थानहरुमा समेत विस्तार गर्ने योजना रहेको ।
- बिक्री केन्द्रसम्म पहुँच नभएका र लामो समय खाद्यान्न मौज्दात राख्न नसक्ने उपभोक्ताहरुलाई खाद्यान्न उपलब्ध गराउने कार्यको लागि e-commerce / delivery company हरु समेतसंग समन्वय गरी आपूर्ति व्यवस्था मिलाइएको ।

यसका अलावा कम्पनीले उत्पादक किसानलाई उत्पादनको उचित मूल्य प्रदान गर्न र उत्पादनको वजार सुनिश्चित गर्नको लागि महत्वपूर्ण भूमिका खेलेको छ । जसले कृषि उत्पादनको उत्पादकत्व बृद्धि गर्न र कृषकको जीवनस्तर उठाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

## मूल्यवृद्धिविरुद्ध ....

बाल्कुा साथै मूल्यवृद्धिविरुद्ध प्रदर्शन गरेका थिए ।

बन्द आह्वान गर्दै सडकमा निस्किएका ने कपाका कयौँ नेता–कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ । प्राप्त समाचारअनुसार नेकपाका केन्द्रीय सदस्य एवम् काभ्रे जिल्ला इन्चार्ज आधारसहित १३ जनालाई प्रहरीले मङ्गलबार बिहान बनेपाबाट गिरफ्तार गरेको थियो । त्यसैगरी नेकपाका के न्द्रीय सदस्य एवम् चितवन जिल्ला इन्चार्ज सन्दे शसहितका नेता–कार्यकर्तालाई चितवनबाट गिरफ्तार गरिएको छ। त्यस्तै युवा सङ्गठन नेपालको महासचिव विदुषीलाई प्रहरीले काठमाडौँबाट गिरफ्तार गरेको छ । विदुषीसँगै कान्छा तामाङलाई पनि गिरफ्तार गरेको बताइएको छ । काठमाडौँबाट गिरफ्तार भएकाहरूलाई महाराजगन्जस्थित प्रहरीचौकीमा राखिएको छ। प्रहरीले नेवाः मोर्चा काठमाडौँका अध्यक्ष दीपक मानन्धर र ने कपा काठमाडौँका सङ्घर्षलाई क्षेत्रपाटीबाट गिरफ्तार गरेको थियो । बाफलमा चारजना पैदलयात्रुलाई पनि प्रहरीले गिरफ्तार गरेको थियो ।

यसैबीच युवा सङ्गठन नेपालका अध्यक्ष पाटन जङ्गलीले सङ्गठनकी महासचिव विदुषीलगायत गिरफ्तार भएका नेता–कार्यकर्तालाई तत्काल रिहा गर्न माग गरेका छन् ।

प्रहरीले ललितपुरबाट नेकपा ललितपुरका से क्रेटरी रमेश डङ्गोल, काठमाडौँ कालीमाटीबाट श्रमिक समुदाय मोर्चा काठमाडौँ सदस्य राज गजमेर र जमलबाट अखिल क्रान्तिकारी क्याम्पस जिल्ला सदस्य एवम् पशुपति क्याम्पस अध्यक्ष सुवास महतलाई पनि गिरफ्तार गरेको थियो ।

त्यस्तै साँखु र महाराजगन्जबाट नेकपाका ६ जना गिरफ्तार भएको महानगरीय प्रहरी परिसर काठमाडौँका प्रवक्ता रमेशकुमार बस्नेतले नै पुष्टि गरे का छन् । गिरफ्तार हुने अन्यमा रामकृष्ण गिरी, भुवन तामाङ, सुकबहादुर तामाङसहित ६ जना छन् ।

प्रहरीले नेकपा कास्कीका सदस्य एवम् कार्यालय सचिव काजी गुरुङ, अखिल (क्रान्तिकारी) पृथ्वीनारायण क्याम्पस समितिका उपाध्यक्ष युवराजलगायत नेकपाका नेता–कार्यकर्तालाई छोरेपाटनबाट गिरफ्तार गरेको छ ।

कास्कीबाट प्राप्त समाचारअनुसार नेकपाका कार्यकर्ता छोरेपाटन, बागलुङ बसपार्क, नयाँ बजार, पृथ्वीचोक, नागढुङ्गा, तल्लो गगनगौंडा, रूपा गाउँपालिका, मादीगाउँपालिकालगायत कास्कीका विभिन्न ठाउँमा विरोध प्रदर्शन गर्दै बन्द सफल गराउनका लागि खटिएको जानकारी कास्की जिल्ला इन्चार्ज उमा भुजेलले दिएकी छिन् । भुजेलले गिरफ्तारीमा परेका ने ता–कार्यकर्ताहरूलाई तत्कालै रिहा गर्न माग गर्दै प्रहरी दमन र हस्तक्षेप तत्काल रोक्न र आमजनताका पक्षमा आह्वान गरिएको नेपाल बन्द सफल बनाउन सबैमा आग्रह पनि गरेकी छिन् ।

यसैबीच नेकपाका रामेछाप जिल्ला इन्चार्ज इन्द्र श्रे ष्ठको नेतृत्वमा निस्किएको जुलुसले बिहानै सदरमुकाम मन्थलीमा नाराजुलुस गरेको समाचार प्राप्त भएको छ । स्थानीय देवस्टोटाचोकबाट नेपाल बन्द सफल पारौँ भन्ने नारा लगाउँदै सुरु भएको जुलुसले बजार परिक्रमा गरेको जानकारी सेक्रेटरी श्रेष्ठले दिए ।

यसैबीच नेपाल बन्द सफल पार्न सडकमा निस्किएका नेपाल कम्युनिस्ट पार्टी सिन्धुलीका २६ जना नेता–कार्यकर्ता गिरफ्तार भएका छन् । गिरफ्तार हुनेहरूमा नेकपा सिन्धुली सेक्रेटरी गोपाल ब्लोन, विशे ष समिति सदस्य शशी राई, युवा सङ्गठन नेपालका के न्द्रीय सदस्य तेज लामा, अखिल (क्रान्तिकारी) का के न्द्रीय सदस्य मिम ऐडीलगायत छन् ।

रुकुममा पनि प्रहरीले नेकपाका १३ जना नेता– कार्यकर्तालाई गिरफ्तार गरेको छ । गिरफ्तार हुनेहरूमा नेकपाका जिल्ला सचिवालय सदस्य एवम् अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मोतीराम खड्का, अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष सोमपाल कामीलगायत छन् । उता तनहुँमा पनि प्रहरीले बन्द गराउन हिँडेका नेकपा नेता–कार्यतर्तालाई गिरफ्तार गरे को छ ।

यसअघि नेकपाका महासचिव विप्लवले सम्पूर्ण मूल्यवृद्धिका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्षमा उत्रन पार्टीका सबै जनवर्गीय सङ्गठन र समस्त जनसमुदायमा हार्दिक अपिल गरेका थिए । गत बिहीबार प्रेस वक्तव्य जारी गरी महासचिव विप्लवले कात्तिक, २५ गते दिउँसो ३ बजे देशव्यापी विरोध प्रदर्शन, कात्तिक २६ गते प्रचार/प्रसार र साँझ मसाल जुलुस, कात्तिक, २७ गते देशव्यापी प्रदर्शन, दिउँसो १ बजेदेखि २ बजेसम्म १ घन्टा चक्काजाम, कात्तिक, २८ गते बिहान १० देखि ११ बजेसम्म १ घन्टा चक्काजाम, कात्तिक २९ गते दिउँसो सिट जुलुस, साँझ मसाल जुलुस र कात्तिक ३० गते नेपाल बन्दको कार्यक्रम गरेका थिए ।

महासचिव विप्लवले वक्तव्यमा भनेका थिए, 'जनताको दैनिक जीवनसँग जोडिएका पेट्रोलियम तथा खाद्यवस्तुजस्ता अत्यावश्यक वस्तुमा नेपाल सरकारले निरन्तर मूल्यवृद्धि गर्दै आएको छ र यसप्रकारको सरकारी दोहनलाई जनताले निरीहतापूर्वक पालना गर्नुपर्ने बाध्यताजस्तै बनेको तथ्य हाम्रासामु छ । भर्खरै मात्र पनि पेट्रोल, डिजेल, मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँ, आन्तरिक तथा बाह्य हवाई इन्धनमा प्रतिलिटर ५ रुपैयाँ र खाना पकाउने एलपी ग्याँसमा ७५ रुपैयाँका हिसाबले मूल्यवृद्धि गरियो जसअनुसार रु. ४७ मा आयात गरिने पेट्रोलियम रु. १३६ मा बिक्री गरिन्छ । विज्ञहरूले मापन गरेअनुसार सबै कर कट्टा गर्दा पनि मुनाफासहित पेट्रोल रु. ७० मा बिक्री गर्न सकिन्छ । दैनिक रूपमा असुल गरिने यो सरकारी लूट कुन प्रयो जनमा लगानी गरिन्छ ?'

महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, 'पेट्रो लियम पदार्थमा गरिएको मूल्यवृद्धिले निश्चित रूपमा यातायातलगायत आयात गरिने सबै सामानहरूको मूल्यमा पनि वृद्धि हुनेछ । भर्खरै भएको मूल्यवृद्धिसँगै जनताले एकातिर करिब २०० प्रतिशत बढी मूल्य भुक्तानी गर्न विवश हुनेछन् भने अर्कोतिर त्यसको प्रभावले सार्वजनिक यातायातसहित ढुवानी गरिने सम्पूर्ण सरसामानहरूमा मूल्यवृद्धि हुनेछ । यसबाट नेपाली उपभोक्ता कयौँ गुणा बढी मारमा पर्नेछन् । हाम्रो पार्टी जनसरोकारको यो अन्यायपूर्ण उत्पीडनलाई मूकदर्शक भएर हेरिरहन सक्दैन । तसर्थ सम्पूर्ण मूल्यवृद्धिका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्षमा उत्रन पार्टीका सबै जनवर्गीय सङ्गठन र समस्त जनसमुदायमा हार्दिक अपिल गर्दछ । साथै जनभावनाको कदर गर्दै मूल्यवृद्धि तुरुन्त खारेज गर्न सरकारसँग पनि अपिल गर्दछ ।'

### बन्दको प्रभाव ....

पार्टीका जिल्ला सचिव प्रशान्तले बताए । शैक्षिक संस्थाहरूलाई पनि बन्दका लागि आह्वान गरिएको र बन्द शान्तिपूर्ण रूपमा कार्यान्वयन भइरहेको उनले बताए । बन्द जनताको प्रयक्ष जीवनशैलीसँग जो डिएको हुनाले सबैले साथ दिइरहेको नेकपाले जनाएको छ ।

यसैबीच सुदूरपश्चिममा रहेको कञ्चनपुरमा पनि नेपाल बन्दको प्रभाव पूर्ण रूपमा परेको त्यहाँका संवाददाताले बताएका छन् । सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिविरुद्ध आह्वान गरिएको आजको नेपाल बन्द प्रभावकारी बनाउन जिल्लाका विभिन्न ठाउँमा बिहानै टायर पनि जलाइएको थियो ।

नेकपाले प्रेस, एम्बुलेन्स, स्वास्थ्यकर्मी, कानुनव्यवसायी, कूटनीतिक नियोग, दूध बोक्ने, पानी बोक्ने र फोहोर बोक्ने गाडी भने चल्न दिएको थियो ।

यसैगरी अछाममा नेकपाले गरेको बन्दको कडा प्रभाव परेको छ । नागरिकले बन्दको समर्थन गरेका छन् ।

प्राप्त समाचारअनुसार बन्द आह्वानलाई अछाममा कडाइका साथ लागू गरिएको छ । अछामस्थित सम्पूर्ण सरकारी तथा गैरसरकारी सङ्घसंस्था, उद्योग, व्यापार, वित्तीय संस्था, विद्यालय र सार्वजनिक यातायात पूर्ण रूपमा बन्द गरिएका छन् भने एम्बुलेन्स, दूध बोक्ने गाडी, खानेपानीका गाडी र होटेलहरू खुला गरिएको छ ।

मङ्गलबार बिहानबाट गरिएको बन्द साँझ चार बजे पछि मात्र खुलेको जानकारी नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सङ्गठन समिति सचिव तपेन्द्र तिमिल्सिनाले दिए । नेपाल सरकारले अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि र नेपाल आयल निगमको घाटा पूर्तिको बहाना बनाउँदै निरन्तर डिजेल, पेट्रोल, मट्टीतेल र खाना पकाउने ग्याँसको मूल्यवृद्धि गरिरहेको छ । इन्धनको मूल्यवृद्धि हुँदा दैनिक उपभोग्य वस्तुको मूल्य पनि बजारमा बढिरहेको छ । मूल्य वृद्धिका कारण नागरिकको जीवनशैली असहज भएको भन्दै नेकपाले सङ्घर्ष गरिरहेको छ ।

### महासचिव विप्लवद्वारा ....

सरकारसँगको सहमतिअनुसार सबै मुद्दा फिर्ता हुने र नेता–कार्यकर्ता रिहा हुने विश्वास व्यक्त गरे ।

भेटका क्रममा रोहितलगायत कार्यकर्ताले सहमतिअनुसार रिहाइको प्रक्रियामा विलम्ब भएको, राज्यले उचित उपचारको प्रबन्ध नगरे को, कारागारभित्र क्षमताभन्दा बढी कैदीबन्दी हुँदा बसाइमा समस्या रहेको, पार्टीले कैदीबन्दीका समस्यामा आवश्यकताअनुसार ध्यान दिनुपर्नेलगायत गुनासो गरेका थिए ।

महासचिव विप्लवले सरकारसँग संवाद जारी रहेको र सहमति अविलम्ब कार्यान्वयन हुने विश्वास व्यक्त गरेका थिए । भेटघाटका क्रममा कैलाली कारागारका जेलर नरबहादुर थापालगायतले क्षमताभन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा अप्ठ्यारो भएको, कैदीबन्दीको क्षमताको सदुपयोग गर्ने नीति बन्न नसक्दा सदुपयोग गर्न नसकिएकोलगायत समस्या रहेको जानकारी गराएका थिए ।

### मूल्यवृद्धिविरुद्ध आन्दोलनमा ....

रुपैयाँ) र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर ७५ रुपैयाँका दरले मूल्यवृद्धि गरिएको छ । यसले सम्पूर्ण क्षेत्रमा मूल्यवृद्धि हुने, जनताको क्रयशक्ति घट्ने र मुद्रास्फीति भनै बढ्नेछ । चामल, पिठो, दाल, खाने तेल, चिनीजस्ता खाद्य पदार्थमा कति मूल्यवृद्धि भयो भन्ने कुनै हिसाब छैन ।'

अगाडि भनिएको छ, 'मूल्यवृद्धिले सम्पूर्ण तहका श्रमजीवी जनताको जीवन अथाह सङ्कटतिर धकेलिएको छ । आयल निगमले मूल्यवृद्धि गर्नुपर्ने भनी सार्वजनिक गरेको दलिल पारदर्शी र तथ्यपरक छैन । लोड–अनलोडमा टाइम चिटिङ गरिएको छ । इन्डियन आयल निगमले एकतर्फी मूल्य निर्धारण गर्दछ । सीमामा भएको पेट्रोलियम पदार्थ तस्करीको भार जनतालाई थोपर्ने गरिन्छ जब कि सीमा नियमन गर्नु सरकारको दायित्व हो । डलरको मूल्य बढेको सरकारी दलिल भुठ्ठो हो । वास्तविकता त नेपाली मुद्राको मुद्रास्फीति भएको हो । यसलाई रोक्ने कुनै योजना छैन । भारतमा कतिमा किनिन्छ भन्ने पारदर्शी सूचना सार्वजनिक गरिएको छैन । वास्तविक घाटा कति हो र चुहावट कति हो ? पारदर्शी छैन । घाटाको वास्तविक कारण र समाधानको भरपर्दो छानबिन छैन । डिलरको कमिसन घटाउन र पारदर्शी मूल्य निर्धारण संरचना आवश्यक छ । मूल्य स्थिरीकरण शाखाको भूमिका देखिन्न । आयल निगम घाटामा जाने, कर्मचारीले लाभांश लिने मात्र होइन, विभिन्न शीर्षकमा सुविधा लिने र त्यसको व्ययभार जनतामाथि थोपरिएको छ । भ्रष्टाचार, चुहावट, अनियमितता, अनावश्यक कर कटौती गर्दा मात्र पनि धेरै हदसम्म मूल्य घटाउन सकिन्थ्यो । सरकार रमिते र संवेदनाहीन छ । त्यसैले यस्तो सरकारी ज्यादतीका विरुद्ध कात्तिक ३० गतेको नेपाल बन्दमा ऐक्यबद्धता प्रकट गर्न र मूल्यवृद्धि फिर्ता नगरिएसम्म सङ्घर्ष जारी राख्न सम्पूर्ण न्यायप्रेमी जनसमुदायमा हार्दिक अपिल गर्दछौँ ।'

### दलित मुक्ति मोर्चा ....

चयन गरेको छ ।

सम्मेलनले काम र श्रमका आधारमा राखिएको जातव्यवस्थाले विभेद र असमनता बढाएको निष्कर्षसहित श्रमिक वर्ग र समुदायको भाव झल्किने खालको नाम चयन गर्दै सङ्गठनको नाम श्रमिक समुदाय मोर्चा, नेपाल राख्ने प्रस्ताव पारित गरेको जानकारी नवनिर्वाचित अध्यक्ष रामलाल विश्वकर्माले दिए ।

सम्मेलनको बन्द सत्रमा दलित मुक्ति मोर्चा, नेपालका अध्यक्ष डम्बर विश्वकर्माले राजनीतिक प्रतिवेदन र विधान प्रस्तुत गरेका थिए । प्रतिवेदनमाथि समूहगत छलफल गर्दै आवश्यक परिमार्जनसहित पारित गरिएको छ । बन्द सत्रमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, सचिवालय सदस्य सन्तोष बुढामगर, केन्द्रीय सदस्य निर्माण, शीतललगायतले प्रशिक्षण दिएका थिए ।

मोर्चाको उपाध्यक्षमा जितेन्द्रमान महरा, महासचिवमा त्रिलोचन विश्वकर्मा, सचिवमा उमेश सीके, रामकुमार पासवान र कोषाध्यक्षमा जानकी बराल रहेका छन् ।

### जनयुद्धकी प्रथम ....

मनखना बाँठामगरका जेठा छोरा नेकपाका रोल्पा जिल्ला इन्चार्ज केशबहादुर बाँठामगरको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जलीसभामा नेकपाका के न्द्रीय सदस्य एवम् प्युठान जिल्ला इन्चार्ज जागृति, ने कपाका रोल्पा जिल्ला विशेष समिति सदस्य प्रयास, नेकपा एमालेका रोल्पा जिल्ला उपाध्यक्ष विजय घर्ती, नेकपा माओवादीकेन्द्रका माडी गाउँपालिका सचिव वीरबहादुर घर्तीमगर हावालगायतले श्रद्धासुमन व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन नेकपाका रोल्पा सेक्रेटरी दिनेशविक्रम चन्दले गरेका थिए ।

१९९५ साल वैशाख १४ गते रोल्पा भाबाङमा जन्मिएकी मनखना वर्गसङ्घर्षको समय २०५१ सालमा प्रहरी र स्थानीयबीच भएको झडपमा प्रहरीको गोली लागी जनयुद्धकी पहिलो घाइते भएकी थिइन् । उनको ८३ वर्षको उमेरमा कात्तिक २४ गते आफ्नै घर भाबाङमा निधन भएको थियो ।

## चितवनमा पार्टी इन्चार्ज पौडेलसहित १७ र अर्घाखाँचीमा १२ जना गिरफ्तार

**काठमाडौँ ।** मूल्यवृद्धिविरुद्ध नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको दिन मङ्गलबार प्रहरीले विभिन्न ठाउँमा हस्तक्षेप गरी ने कपाका कयौँ नेता–कार्यकर्तालाई गिरफ्तार गरेको छ । बन्दको दिन प्रहरीले नेकपाका केन्द्रीय सदस्य एवम् चितवन जिल्ला इन्चार्ज सन्देश पौडेललगायत १७ जना र अर्घाखाँचीमा १२ जना नेता–कार्यकर्ता गिरफ्तार गरेको छ । अन्य जिल्लामा पनि व्यापक गिरफ्तार गरिएको छ ।

नेकपाका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज सन्देश पौडेलसहित ९ जनालाई चितवनको लायन्स चोकबाट गिरफ्तार गरिएको हो भने पूर्वी चितवनबाट ३ जना र चौबीसकोटीबाट ५ जनालाई गिरफ्तार गरिएको छ । यस्तै कपिलवस्तु र अर्घाखाँचीमा पनि प्रहरीले नेकपाका नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ । प्रहरीले शीतगङ्गा नगरपालिका ११ धानखोलाबाट नेकपाका १२ जना कार्यकर्तालाई गिरफ्तार गरी भालुबाङ इलाका प्रहरी कार्यालयमा लगेको छ । गिरफ्तारीमा पर्नेहरूमा नेकपाका जिल्ला सदस्य सागर पुन, मनु गिरी, कर्णबहादुर राना, होमबहादुर केसी, सन्तोष काउछा, देवेन्द्र पुन, नारायणबहादुर मोहोरा, मकर सुनार, शङ्कर घर्ती, पूर्णबहादुर राना, सन्तराज खत्री, पूर्णबहादुर मोहोरालगायत रहेको जानकारी जिल्ला सेक्रेटरी खेम घर्तीमगरले दिएका छन् ।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध दैलेखमा प्रदर्शन

दैलेख : नेपाल कम्युनिस्ट पार्टी दैलेखले देउवा सरकारले हालै पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि विरुद्ध कोणसभा सम्पन्न गरेको छ ।

गुराँस गाउँपालिकाको स्यालभैरीमा भएको कार्यक्रममा पार्टी केन्द्रीय समिति सदस्य लालबहादुर बीसीले दलाल संसदीय व्यवस्था पूर्ण रूपमा असफल प्रमाणित भएको बताए । उनले दलाल व्यवस्थाका कारण आज देशमा भ्रष्टाचार र महँगी बढ्दै गएको उल्लेख गर्दै हालै देउवा सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि विरुद्ध पार्टीले घोषणा गरेका सङ्घर्षका कार्यक्रम सफल बनाउन सम्पूर्ण जनतालाई अनुरोध गरे ।

नेता बीसीले दलाल संसदीय व्यवस्था रोज्ने कि वैज्ञानिक समाजवादी व्यवस्था रोज्ने भनेर जनमतसङ्ग्रह गरिनुपर्नेमा जोड दिए । उनले वर्तमान राजनीतिक सङ्कटको समाधानका लागि पार्टीले संयुक्त प्रगतिशील सरकार, जनमतसङ्ग्रह वैज्ञानिक समाजवादको नीति अगाडि सारेको र यो नै समाधान भएको बताए ।

गुराँस गाउँ समिति सेक्रेटरी गगनले सञ्चालन गरेको कार्यक्रममा गुराँस गाउँ समिति इन्चार्ज विश्व बुढा र जिल्ला समिति सदस्य चन्द्र बुढाको पनि उपस्थिति रहेको थियो । ठाँटीकाँध गाउँपालिकाको ठाँटीकाँध बजारमा भएको कोणसभालाई चामुण्डा बिन्द्रासैनी नगर समिति इन्चार्ज क्रान्तिले सम्बोधन गरेका थिए भने सञ्चालन बमबहादुर सिँजापतिले गरेका थिए ।

## जनसांस्कृतिक महासङ्घ लुम्बिनीमा हिमाल

**काठमाडौँ ।** अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, लुम्बिनी प्रदेशको भेलाले हिमालको संयोजकत्वमा १५ सदस्यीय प्रदेश समिति गठन गरेको छ । भेला रुपन्देहीको सैनामैनामा सम्पन्न भएको हो ।

महासंघका प्रदेश सदस्यहरूमा बिहानी मगर (रूपन्देही), रूपसिंह विश्वकर्मा (पाल्पा), प्रतिरोध (दाङ), ग्याम (रोल्पा), पिङ्की (प्युठान), देवराज देउकी (कपिलवस्तु), जयकिसन (नवलपरासी), प्रदीप राहादीमगर (गुल्मी), पदम नेपाली (अर्घाखाँची), सम्मान (रुकुम पूर्व र विशेष जिल्ला) रहेका छन् । बाँके र बर्दियाबाट पछि थप गरिने संयोजक हिमालले बताएका छन् ।

भेलामा नेकपा केन्द्रीय सदस्य तथा रूपन्देही जिल्ला इन्चार्ज कृतिले वर्तमान दलाल पुँजीवादमाथि स्रष्टाहरूले चौतर्फी सिर्जनात्मक हमला गर्नुपर्ने बताए । उनले संसदीय व्यवस्थाविरुद्ध जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद प्राप्तिका पक्षमा सिर्जनात्मक दायित्व पूरा गर्नुपर्ने बताए । उनले सांस्कृतिक रूपान्तरण आफैँबाट सुरु गर्नुपने ' भन्दै जनता र समाजसित जोडिएको वैकल्पिक संस्कृति निर्माणमा जोड दिए । कृतिले लेखक, साहित्यकार एवम् संस्कृतिकर्मीहरूले आधारभूत वर्गको जीवनलाई केन्द्रमा राखेर सिर्जना गर्नुपने ' भन्दै दलाल पुँजीवादी संस्कृतिविरुद्ध सङ्घर्षको विकल्प नभएको बताए ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले जनयुद्धको नेतृत्वमा आएको विचलनले अलपत्रमा परेको क्रान्तिको झन्डालाई एकीकृत जनक्रान्तिले उठाएको र यसले जनयुद्धकालीन सपनाको विरासतलाई नयाँ कडीमा जोडेको बताए । महासङ्घका केन्द्रीय सदस्य एवम् अखिल नेपाल लेखक सङ्घका महासचिव खोमा तरामुमगरले लेखक एवम् संस्कृतिकर्मीहरू क्रान्तिको अग्रभागमा बसेर जनतालाई जागृत गराउनुपर्ने भन्दै समाजवादी संस्कृतिको प्रचारप्रसारलाई जोड दिनुपर्ने बताए ।

भेलामा पारस राहादीमगर, रेश्मी, जयकिसन, सम्मान, रूपसिंह विश्वकर्मा, साया, आदेश, प्रविणलगायतले गीत, कविता, गजल, मुक्तक वाचन गरेका थिए । कार्यक्रमको सुरुमा महासङ्घ रूपन्देही अध्यक्ष बिहानी मगर र सङ्ग्रामी परिवारकी कलाकार प्रमिसाले अन्तर्राष्ट्रिय गीत प्रस्तुत गरेका थिए ।

## रामेछापमा नेकपाको मसाल जुलुस र र्‍याली

**मन्थली ।** नेपाल कम्युनिस्ट पार्टी रामेछापले नेपाल बन्दको पूर्वसन्ध्यामा सोमबार साँझ जिल्ला सदरमुकाम मन्थलीको मुख्य चोकमै मसाल जुलुस निकालेको छ ।

'भोलिको नेपाल बन्द सफल पारौँ, मूल्यवृद्धि फिर्ता ले, जनविरोधी, दलाल पुँजीवादी सरकार मुर्दावाद, नेकपा जिन्दावाद, तीनबुँदे सहमति लागू गर' लगायत नारा लगाउँदै नेकपाका नेता–कार्यकर्ताले सिटी फुक्दै मसाल जुलुस निकालेका हुन् ।

कार्यक्रम बियोल्न सदरमुकाममा ठूलो मात्रामा परिचालित प्रहरी, सशस्त्र प्रहरी र गुप्तचरहरूलाई छक्याउँदै नेकपाले जिल्ला प्रशासन कार्यालयनजिक जिल्ला विकास समन्वय समिति र नगरपालिका कार्यालयचोकबाट निकालेको मसाल/सिटी जुलुस बजार परिक्रमा गर्दै कटरबोटमा पुगेर कोणसभामा परिणत भएको थियो । जुलुस नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठको नेतृत्वमा निस्किएको थियो ।

कटरबोटमा आयोजित कोणसभामा सम्बोधन गर्दै नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठले दलाल पुँजीवादी सरकारले जनताको ढाडै सेक्ने गरी पेट्रोलियम पदार्थलगायत उपभोग्य वस्तुमा मूल्यवृद्धि गरेकाले बाध्य भएर नेपाल बन्द गर्नुपरेको बताए । उनले नेपाल बन्द सफल पार्न उद्योगी, व्यवसायी, पेसाकर्मी, शिक्षक–विद्यार्थी, अभिभावक, कर्मचारी सबैलाई आह्वान गरे ।

कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदी, नेकपा रामेछापका पूर्वइन्चार्ज/सेक्रेटरी यमन बस्नेत 'गुन्जन', अखिल नेपाल किसान महासंघ क्रान्तिकारी रामेछापका अध्यक्ष श्याम घिमिरे, युवा सङ्गठन नेपाल रामेछापका अध्यक्ष शङ्कर भुजेल, जितबहादुर मगर, निखिल श्रेष्ठ, लक्ष्मी श्रेष्ठलगायत पार्टीका जिल्ला सदस्य, जवस मोर्चाका अध्यक्ष र सदस्यहरू सहभागी थिए ।

नेकपा रामेछापले मूल्यवृद्धिको विरोध र नेपाल बन्द सफल पार्न आह्वान गर्दै २ दिनअघि मन्थली नगरपालिकास्थित गेलुमा मसाल जुलुस र आइतबार जिल्ला प्रशासन कार्यालय प्राङ्गणमै कोणसभा सम्पन्न गरेको थियो । बन्दको दिन मङ्गलबार बिहानै नेकपा रामेछापले मन्थली बजारमा प्रदर्शन गरेको थियो । मूल्यवृद्धिविरुद्ध नेपाल बन्द सफल पारौँलगायत नारा लगाउँदै निकालिएको र्‍यालीमा सयौँ सहभागी भएको नेकपा रामेछापले जनाएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, धुलिखेल**

**सडक सुरक्षा र सडकको सुरक्षाका लागि यस आयोजनाबाट आम सडक प्रयोगकर्ताहरूमा गरिएको अनुरोध**

- जथाभावी बाटो नकाटौं ।
- ट्राफिक नियमको पालना (पैदल यात्रु, सवारी चालक र यात्रीहरु) सबैले गरौं ।
- सडकमा फोहर नफालौं, घर/टहराबाट निस्केका ढल फोहर पानी सडक र नालीमा नमिसाऔं ।
- कालोपत्रे सडकमा पानी चुहाएर निर्माण सामाग्रीहरुको ढुवानी नगरौं ।
- ओभरलोड तथा अत्यधिक गतिमा सवारी नचलाऔं ।
- निर्माण सामाग्री लगायतका सरसामानहरु सडक सिमा क्षेत्र भित्र नथुपारौं ।
- सडक मापदण्ड/सिमा मिचेर घर टहरा निर्माण गरी सडक अतिक्रमण नगरौं ।
- राजमार्ग संग जोड्ने गरी सहायक सडक खोल्नु परेमा सम्बन्धी योजना कार्यालय संग अनुमती लिएर मात्र खोलौं ।

**योजना प्रमुख**

नियमित

# संसार युवाहरूको हो


झपेन्द्रराज वैद्य

अहिले २१ औँ शताब्दीको दुई दशकमा साम्राज्यवादविरुद्ध धावा बोल्ने एउटा शक्ति हो ऊर्जाशील युवा। ऊर्जावान् युवा शक्ति हो। युबकले दलाल साम्राज्यवादविरुद्ध चोटिलो प्रहार गरेको हुन्छ। सङ्कीर्ण भावले पनि परिवर्तन गर्न सकिँदैन। साथसाथै एकपक्षीय भावले पनि क्रान्ति हुन सक्दैन । यो एकीकृत जनक्रान्ति हो । यसैबाट नै राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र जनजीविकाको समस्या समाधान गर्न सकिन्छ। संसदीय व्यवस्थाले यी कुराहरूको समाधान गर्न सक्दैन । संसदीय व्यवस्था असफल भैसकेको छ। बूढो गोरुले जोत्न सक्दैन तर सृष्टिकर्ता त बूढो नै हुन्छ। ऊसँग समयसापेक्ष अनुभव हुन्छ तर कोठामा बसेर मात्र काम गर्न सकिँदैन। सुतेको सिंहले मिर्ग खान सक्दैन। युवक ड्राइभरको ठाउँमा बूढो बस्यो भने उसले गन्तव्यमा पुऱ्याउन सक्दैन। ठाउँ ओगटेर काम हुँदैन। काम नगर्ने युवकका लागि पाइलट जुन भए पनि ठीकै हुन्छ। युवकमा जोस हुन्छ, होस हुँदैन भनिन्छ। युवक चोटिलो-पोटिलो हुन्छ। देखिन्छ पार्टीहरूमा महासचिब वा अध्यक्षमा बूढाले नै ठाउँ ओगटेको हुन्छ। त्यहाँ काम पनि भएको हुँदैन तर विप्लव नेकपामा एक होनहार युवकको नेतृत्व छ। युवा पाइलट नै त्यहाँ एकीकृत जनक्रान्तिको कमान्डर छन्। आज संसारका प्रतिक्रियावादीको अन्तरविरोधमा उभिएको छ एउटा युवा शक्ति। त्यो हो युवा कमान्डर हो विप्लव।

अहिले राष्ट्रियता झनूपछि झन् खस्किरहेको अवस्था छ। हाम्रै देशका दलालमार्फत साम्राज्यवादले हामीमाथि शासन गरिरहेको अवस्था छ। साम्राज्यवादको स्वार्थअनुसार उसका दलालहरू शासन सत्तामा रहेका छन् । देशको हितभन्दा दलालहरूले साम्राज्यवादकै हितको संरक्षण गरिरहेका छन्। अहिले हाम्रो देशमा चौतर्फी आक्रमण भैरहेको छ। कालापानी, लिपुलेक र लिम्पियाधुरामा भारतले कब्जा गरिरहेको छ। यस्तै सुस्तामा भारतले आफ्नो आधिपत्य कायम गरिरहेको छ। यसको संरक्षण गर्न जनताको सरकार आवश्यक हुन्छ। जनक्रान्तिबाट नै जनसरकार आउँछ। फेरि क्रान्ति भन्ने चीज भोजभतेरको कुरा होइन। सङ्कल्प र दृढ शक्ति चाहिन्छ। जनताले त परिवर्तन चाहेका छन् तर दलाल र दलालका मालिकहरूलाई देखाउन र पुष्टि गर्न जनमतसङ्ग्रह पनि चाहिएको छ। तिनै दलालहरू र यिनका भरौटेहरूले जनमतसङ्ग्रह संशोधनवादी रणनीति हो भनेर फलाकिरहेका छन्। यसरी शान्तिपूर्ण तरिकाले जाँदा संशोधनवादी भन्छन् भने सीधै क्रान्तिमा जाँदा उग्रपन्थी भनेर चित्कार गर्छन्। क्रान्तिको पनि आफ्नो नियम हुन्छ। यो एकनासले जाँदैन। जनमतसङ्ग्रह गरे पनि अन्तिममा त क्रान्ति नै चाहिन्छ। जनताको क्रान्ति प्राण हो। ठाउँठाउँमा जनताले नै सत्ता पल्टाएका छन्। सबभन्दा ठूलो शक्ति जनता हो। जनमतसङ्ग्रह पनि एउटा शान्तिपूर्ण क्रान्ति हो। सीधा औँलाले घिउ आउँछ भने किन बाङ्गो औँला गराउने ? संसदीय व्यवस्थाले जनता आक्रान्त भएको बेला जनमतसङ्ग्रहले निश्चय नै निकास दिन्छ। दलालहरूले पैसा खर्च गरेर वा प्रशासनसँग मिलेर जनअपेक्षित कुरा विफल गराउन सक्छन् भन्ने प्रश्न उठ्नसक्छ। जस्तो २०३६ सालमा सामन्तवादले जनमतसङ्ग्रहलाई आफ्नो पोल्टामा ल्याएको थियो तर अहिले एकीकृत क्रान्ति चलिरहेको अवस्थामा क्रान्तिकारीहरू आँखामा पट्टी लगाएर बस्दैनन्। धाँधली भए यसैलाई क्रान्तिको सुरुआत मानेर जनक्रान्ति सफल हुन्छ। उथलपुथल हुन्छ। यसबेला वैज्ञानिक समाजवाद स्थापना हुन्छ। अहिले जनताको अपेक्षा वैज्ञानिक समाजवाद हो। नेकपाको कार्यनीति वैज्ञानिक समाजवाद हो। वैज्ञानिक समाजवादबिना शिक्षा, स्वास्थ्यजस्ता जनसरोकारका कुराहरू समाधान हुनसक्दैनन्।

मान्छे मात्र चुनेर हुँदैन। एकपटक व्यवस्था चुन्ने अधिकार जनतालाई दिनुपर्छ। एसियाकै केही देशलाई लिऊँ, बङ्गलादेश १९९१, पाकिस्तानमा २००२, इरान १९७९ मा जनमतसङ्ग्रह भएको थियो। यस्तै युरोपमा पनि जनमतसङ्ग्रह भएका उदाहरणहरू छन्। जनमतसङ्ग्रह गरेपछि रुद्राक्ष माला जपेर बस्ने होइन। यसले फड्को मार्छ। आमाले दिएको खट्टेमा कि आमाले घिउ हालिदेलिन्, कि त खट्टे सेलाउला भनेजस्तै हो। कि जनमतसङ्ग्रहबाट जनअपेक्षित वैज्ञानिक समाजवाद आउँछ कि त क्रान्ति। जनताका लागि दुवै हातमा लड्डु। वैज्ञानिक समाजवाद आउँछ-आउँछ। असफल संसदीय व्यवस्थाको विकल्प नै वैज्ञानिक समाजवाद हो। यसका लागि सबै देशभक्तमा उच्च मनोबल हुनुपर्छ। दृढ आत्मविश्वास पनि। फलाम रातो भएको अवस्थामा नै ठटाउनुपर्छ। अहिले नेकपाका महासचिव विप्लवको नेतृत्वमा एकीकृत जनक्रान्ति चलिरहेको छ। शान्तिपूर्ण सङ्घर्ष चलिरहेको छ। अचम्म लाग्छ, यस बेलामा मित्र शक्ति भनिने चूप लागिरहेको अनुभूत हुन्छ। अब पनि प्रचण्डलाई आउनोस्, सँगै लडौँला भनेर हुँदैन। उनी साम्राज्यवादको कब्जामा गैसकेका छन्। आत्मसमर्पण गरिसकेका छन्। यस्तो भन्दा प्रचण्डसँगको मोह नगैसकेको अनुभूत हुन्छ। यसरी क्रान्ति हुँदैन। प्रचण्ड आएमा त स्वागत छ। आत्मालोचना गरी जनतासँग माफी मागेर आएमा मात्र, अन्यथा लिनु हुँदैन। उनले प्रम पद नपाएको बेला क्रान्तिको कुरा देखाएर हुँदैन। यो अवसरवादी नीति हो।

अहिले नेकपाको नेतृत्वमा एकीकृत जनक्रान्ति जारी छ। प्रशिक्षण, भूमाफियालाई जनकारबाही र अतिक्रमणविरुद्ध सङ्घर्ष भइरहेको छ। भागबन्डामा एनसेलको आयकर संसदीय पार्टी प्रमुखले मिलिजुली खाँदा नेकपाले विरोध गरेको हो। यसैकारण झन्डै तीन वर्ष केपी वलीबाट नेकपा प्रतिबन्धित भयो। आफ्नो 'पाप पखाल्न' केपी वलीले प्रतिबन्ध फुकुवा त गरे तर अझै सयौँ नेता-कार्यकर्ता कारागारमा नै बन्दी बनाइएका छन्। तीनबुँदे सहमति लागू गरेको छैन सरकारले। सत्तासीन नेपाली काङ्ग्रेसका सभापति तथा प्रम शेरबहादुर देउवाले तीनबुँदे सहमतिको कार्यान्वयन गर्नुपर्छ। धेरै समयपछि केन्द्रीय सचिवालय सदस्य सुदर्शन लडाइँ जितेर खुला आकाशमा आउन सफल हुनुभएको छ। उहाँलाई अदालतले छोडिदिएको हो। बिरामी भएकाले। यस पङ्क्तिकारले भेट गर्न नसकेको भए पनि उहाँको दृढ आत्मबललाई स्वागत छ।

मेरो विचारमा ठोस परिस्थितिको ठोस विश्लेषण गरी क्रान्ति अगाडि बढ्नुपर्छ। कहिलेकहीँ शान्तिपूर्ण तरिकाले पनि क्रान्ति अगाडि बढाउनुपर्छ। क्रान्तिका नायक निलो आकाशका चम्किला तारा बन्नुपर्छ। तब मात्र उत्पीडित जनताको समस्या हल हुनेछ।

अहिले नेकपा एउटा शक्ति बनेको छ। कठोर सङ्घर्षबाट उब्जेको शक्ति हो यो। यो ऊर्जा हो जसले सम्झौताहीन सङ्घर्षको नेतृत्व गरिरहेको छ। नवयुवाहरूले यसबाट पाठ सिकेर अगाडि बढ्न सक्नुपर्छ। हजारौँहजार युवा यसमा लामबद्ध भैसकेको अवस्था छ। अमेरिकी साम्राज्यवादले लागू गर्न खोजेको एमसीसीविरुद्ध गत भदौ २८ गते खुलामञ्चमा विशाल जनसभा राखिएको हो। यसैगरी विभिन्न जिल्लाहरूमा पनि एमसीसीको सशक्त विरोध भैरहेको छ। उपनिवेश बनाउने चलखेल हो एमसीसी। नेपाललाई युद्धभूमि बनाएर चीनलाई हान्ने दाउ हो एमसीसी। पार्टीभन्दा माथि उठेर सबै देशभक्तहरूले यसको सशक्त विरोध गर्नुपर्छ। एमसीसी संविधानभन्दा माथि छ। नेपालको हीरा, सुन, तामा, अभ्रख, तेल आदि देखेर अमेरिका नेपालमा पस्दैछ। नेपालका दलालहरूले नै एमसीसी डाकिरहेको अवस्था छ। सबै युवा जुरुक्क उठेर यसको प्रतिवाद गर्नुपर्छ। युवाहरूको शक्तिकेन्द्र विप्लव नेतृत्वको नेकपालाई सबैले साथ दिनुपर्छ।

# कहाँ कस्तो पऱ्यो बन्दको प्रभाव ? नेपाल बन्दमा कहाँबाट को-को गिरफ्तार ?

**काठमाडौँ।** बन्दको दिन प्रहरीले देशका विभिन्न ठाउँबाट नेकपाका सयौँ नेता-कार्यकर्ता गिरफ्तार गरेको छ। बन्दको दिन प्रहरीले चितवनको लायन्सचोकबाट नेकपाका जिल्ला इन्चार्ज सन्देश पौडेलसहित ९ जना, पूर्वीचितवनबाट ३ जना र चौबीसकोठीचोकबाट ५ जनालाई गिरफ्तार गरेको छ।

बन्दको क्रममा सिन्धुलीबाट नेपाल कम्युनिस्ट पार्टीका २६ जना नेता-कार्यकर्ता गिरफ्तार परेका छन्। गिरफ्तार हुनेहरूमा नेकपाका सिन्धुली सेक्रेटरी गोपाल ब्लोन, विशेष समिति सदस्य शशी राई, युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तेज लामा, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मिम ऐडीलगायत २६ जना छन्।

उता रुकुममा पनि प्रहरीले नेकपाका १३ जना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको छ। गिरफ्तार हुनेहरूमा नेकपाका जिल्ला सचिवालय सदस्य मोतीराम खड्का, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मोतीराम खड्का, अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष सोमपाल कामीलगायत छन्।

तनहुँमा पनि नेकपाका नेता-कार्यर्तालाई प्रहरीले गिरफ्तार गरेको छ।

यता काभ्रेबाट नेकपा केन्द्रीय सदस्य आधार, युवा सङ्गठन नेपालकी केन्द्रीय महासचिव विदुषीलगायतलाई प्रहरीले गिरफ्तार गरेको छ।

यस्तै धनुषाबाट जिल्ला सेक्रेटरी सन्तोष र जनकपुर नगर सेक्रेटरी वीरेन्द्रलाल कर्णलाई प्रहरीले गिरफ्तार गरेको छ।

यस्तै काठमाडौँको दरबारमार्गबाट विद्यार्थी नेताहरू रविन केसी, दिनेश जोशी, गोविन्द बिस्ट, जनक शाही, राजेश रावल, मनीषा बस्नेत, चिरायु भेटवाल, समीर थापा, प्रजिना दर्नाललगायतलाई प्रहरीले गिरफतार गरेको छ । यस्तै नवराज भट्ट, पुष्प न्यौपाने, सुर्खेतबाट प्रेम शाही, काठमाडौँबाट सपना मगर, कपिलवस्तुबाट विज्ञान क्षेत्री, खोटाङबाट निराजन किराँती लगायतलाई प्रहरीले गिरफ्तार गरेको छ।

नेपाल बन्दका क्रममा नेकपा कपिलवस्तु जिल्ला सेक्रेटरी कमलसहित कपिलवस्तुबाट डेढ दर्जन नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ। सेक्रेटरी कमलसहित १२ जना, चन्द्रौटाबाट नेकपा जिल्ला सदस्य तथा शिवराज नगर इन्चार्ज पावेललगायत ७ जना र गोरुसिङ्गेबाट अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य विष्णु राउतलाई प्रहरीले गिरफ्तार गरेको छ।

यस्तै अर्घाखाँचीबाट नेकपाका ७ जना नेता-कार्यकर्ता गिरफ्तार भएका छन् । शीतगङ्गा नगरपालिका वडा नं ११ धानखोलाबाट ७ जनालाई गिरफ्तार गरिएको छ। गिरफ्तार हुनेहरूमा नेकपाका जिल्ला सदस्य सागर पुन, मनु गिरीलगायत रहेको जानकारी पार्टीका जिल्ला सेक्रेटरी खेम घर्तीमगरले दिए।

यता उपत्यकाबाट नेकपाका ललितपुर सेक्रेटरी रमेश डङ्गोल, काठमाडौँ कालीमाटीबाट श्रमिक समुदाय मोर्चा काठमाडौँका सदस्य राज गजमेर र जमलबाट अखिल क्रान्तिकारी क्याम्पस जिल्ला सदस्य एवम् पशुपति क्याम्पस अध्यक्ष सुवास महतलाई प्रहरीले गिरफ्तार गरेको छ।

उपत्यकाबाट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य एवम् उपत्यका जिल्ला अध्यक्ष डीबी चन्द, केन्द्रीय सदस्य दयाराम लुहार, इन्जिनियरिङ जिल्ला इन्चार्ज/संयोजक प्रेम सिँजापति, जिल्ला सचिव प्रजित विक, जिल्ला सदस्य सरस्वती कार्की, महेश सुनार, क्याम्पस जिल्ला सदस्य प्रदीप बोम्जनलगायतलाई प्रहरीले भद्रकालीबाट गिरफ्तार गरेको छ।

नेकपाले पेट्रोलियम पदार्थलगायत उपभोग्य सामानमा गरिएको मूल्यवृद्धि, जनतामाथि निरन्तर थोपरिएको महँगी, तस्करी, कालोबजारी, राज्यका सबै क्षेत्रमा भएको व्यापक भ्रष्टाचारको विरोध र राष्ट्रिय स्वाधीनता रक्षा गर्न माग गर्दै मङ्गलबार नेपाल बन्द आह्वान गरेको थियो। नेपालका शासकहरूले विदेशीसामु लम्पसार पर्ने र आफ्नो स्वार्थमा राष्ट्रियता नै धरापमा पार्ने काम गरेकाले राष्ट्रियता झन्झन् खतरामा परेको भन्दै नेकपाले कात्तिक ३० गते नेपाल बन्दसहित आन्दोलनका विभिन्न कार्यक्रम घोषणा गरेको थियो। बन्दका कारण मङ्गलबार देशभरिको जनजीवन ठप्प रहेको छ। लामो तथा छोटो दूरीका मालबाहक सवारीसाधनहरू ठप्प रहे भने ठूला उद्योगधन्दा, कलकारखाना तथा व्यापारव्यवसाय ठप्प भए। देशका प्रमुख सहरहरू सुनसान बने। बन्दका कारण विद्यालयहरू बन्द रहे तर अत्यावश्यक सामग्री बोकेका गाडी, प्रेस, एम्बुलेन्स र दमकलहरू भने सञ्चालनमा आएका थिए।

काठमाडौँ उपत्यकामा पनि बन्दको प्रभाव परेको छ। उपत्यकाका कोटेश्वर, कलङ्की बानेश्वर, बबरमहललगायत मुख्य चोकहरूमा बन्दको प्रभाव परेको छ। काठमाडौँका विभिन्न ठाउँमा बन्दकर्ताहरूले सडकमा टायर बालेका थिए।

उता पाल्पा र गुल्मीमा पनि बन्दकर्ताहरूले सडकमा टायर बालेका थिए। रूपन्देहीको बुटवलमा पनि नेपाल बन्दको प्रभाव पऱ्यो। बुटवलमा यातायात, बजार क्षेत्र, औद्योगिक क्षेत्र, शैक्षिक संस्था, होटेलव्यवसायहरू बन्द रहे। नेकपा कार्यकर्ताहरूले बिहानैदेखि पेट्रोलियम पदार्थ र खाद्यवस्तुमा गरिएको चर्को मूल्यवृद्धिविरुद्ध सडकमा निस्केर नारा लगाएका थिए।

बन्दको प्रभाव अर्घाखाँचीमा पनि परेको छ। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि फिर्ताको माग गर्दै गरिएको बन्दमा यातयातका साधन चलेनन् भने बिहानदेखि सडक सुनसान भएको छ। दाङमा बन्दकर्ताहरूले सडकमा टायर बालेर नभई जेब्रा क्रसिङ निर्माण गर्ने र रङरोगन लगाउने काम गरेका छन्। बन्दको बेला सडक खाली भएको समयमा उनीहरूले ट्राफिक सङ्केतहरू व्यवस्थित गर्ने काम गरेका छन्। नेकपाका कार्यकर्ताहरूले झाडु लिई सडकमा निस्केर सरसफाइ गरेका छन्। यस्तै कैलाली कञ्चनपुर, महेन्द्रनगर दिपायलमा पनि बन्दले जनजीवन ठप्प बनेको छ। यस्तै नेपालगन्जमा पनि बन्दको प्रभाव परेको छ।

यता पोखरा र हेटौँडामा पनि बन्दको प्रभाव परेको छ। यस्तै पूर्वको धरान, इटहरी, विराटनगरलगायत ठूला सहर र जिल्लाहरूमा पनि बन्दको प्रभाव परेको छ।







कोभिड १९ सम्बन्धी सन्देशहरु

१. कोभिड १९ संक्रमणको जोखिम अझै उच्च रहेकोले:
- सही तरिकाले मास्क लगाऔं।
- व्यक्ति व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम गरौं।
- बेला बेलामा साबुन पानीले मिचि मिचि हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं।

२. सार्वजनिक यातायातमा यात्रा गर्दा तथा चाडपर्व मनाउने क्रममा कोभिड १९ संक्रमणको जोखिम हुने भएकोले जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरौं।
३. सकेसम्म भीडभाँडमा नजाऔं, जानै परेमा सही तरिकाले मास्क लगाऔं।
४. कोभिड १९ संक्रमणसंग मिल्दो जुल्दो लक्षण देखिएमा वा शंका लागेमा, तुरुन्त कोभिड परीक्षण गराऔं र रिपोर्ट नआउन्जेल परिवारसंग छुट्टै क्वारान्टिनमा बसौं।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं



नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ